



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)



बुधबार भदौ १३, २०७५ | Wednesday, August 29, 2018 | www.newsofnepal.com | नेसं ११३८ गुँलागा ३ | वर्ष २४, अंक २३१ | पृष्ठ १२ | मूल्य रू १०/–





बिमस्टेक सम्मेलन शुरु

# बहुपक्षीय ऊर्जा सम्झौता हुने पक्का





सम्मेलनका एजेन्डा तय गर्न मंगलबार बसेको बिमस्टेक राष्ट्रका सचिवस्तरीय बैठक। म्यानमानरका राष्ट्रपति विन मिन्टलाई स्वागत गर्दै उपप्रधानमन्त्री ईश्वर पोखरेल। तस्वीर : नेस

**नेपाल समाचारपत्र**
काठमाडौं

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक)को चौथो शिखर सम्मेलनमा बहुपक्षीय ऊर्जा सम्झौता हुने निधो भएको छ। परराष्ट्र सचिवस्तरीय 'सिनियर अफिसियल्स मिटिङ' (सोम) बैठकले यो विषयलाई अनुमोदन गरेको छ।

मंगलबारको सोम बैठकमा साझा सहमति जुटेपछि वर्षौंदेखि चर्चामा रहेको ऊर्जा सम्झौताले मूर्तरूप लिने भएको हो। 'अन्तरदेशीय प्रसारणलाइन सञ्जाल विस्तार गर्ने मार्ग प्रशस्त भएको छ, यो विषयलाई सचिवस्तरीय बैठकले अनुमोदन गरेको छ।' -बैठकबारे जानकारी दिँदै परराष्ट्र मन्त्रालयका सह-सचिव भरतराज पौडेलले भन्नुभयो। त्यसै गरी बिमस्टेक बडापत्र, सचिवालय, बिमस्टेक कोष र अन्य क्षेत्रीय निकायसम्बन्धी खाका तय गर्न सोम बैठकले मन्त्रीस्तरीय बैठकलाई सुझाएको छ।

बडापत्र, कोष र क्षेत्रीय निकाय निर्देशित गर्ने स्पष्ट खाका तय नहुँदा २ दशक अवधि पार गरेको बिमस्टेक गतिशील बन्न सकेको छैन। कोष सञ्चालनको खाका र उपयोग गर्ने कार्यविधि तय नभएकाले काठमाडौं सम्मेलनमा सम्झौता नभए पनि छलफलको मुख्य एजेन्डा बन्ने निधो भएको छ। 'कोष सञ्चालनको कार्यविधिबारे सम्मेलनपछि गठन हुने प्राविधिक समूहले विस्तृत छलफल गर्दै मोडालिटी तय गर्नेछ।' -सह-सचिव पौडेलले भन्नुभयो। स्वतन्त्र व्यापार सम्झौता छलफलको अर्को महत्त्वपूर्ण विषय हुने भए पनि सम्झौता भने यही सम्मेलनमा नहुने, आगामी महिना बंगलादेशमा हुने बैठकले यसबारको विस्तृत खाका तय गर्ने बताइएको छ।

सचिवस्तरीय बैठकमा बिमस्टेकका १४ प्राथमिकता क्षेत्र घटाउन र मिल्दा जुल्दा प्राथमिकता क्षेत्र एक आपसमा गाभ्ने विषयमा पनि छलफल भएको पौडेलले बताउनुभयो। व्यापार र लगानी, कनेक्टिभिटी, दिगो विकास, ऊर्जा, जलवायु परिवर्तन, प्रतिआतंकवाद र संक्रमणकालीन अपराध, मानव स्रोत व्यवस्थापनजस्ता शीर्षकमा प्राथमिकता क्षेत्र सीमित गर्न प्रस्ताव गरिएको छ। सोम बैठक मंगलबार बिहान ९ बजेदेखि होटल सोल्टीमा शुरू भएको थियो।

नेपाल बिमस्टेकको वर्तमान अध्यक्ष राष्ट्र भएकाले बैठकको अध्यक्षता परराष्ट्र सचिव शंकरदास बैरागीले गर्नुभएको थियो। सदस्य राष्ट्रका समकक्षीको सम्मानमा बैरागीले सोमबार साँझ रात्रिभोज दिनुभएको थियो। आज बुधबार बस्ने मन्त्रीस्तरीय बैठकले सोम बैठकका सुझाव ग्रहण गर्दै सम्मेलनको अन्तिम एजेन्डा तयार गर्ने भएको छ। नेपालले कनेक्टिभिटी, माउन्टेन इकोनोमी, जलवायु परिवर्तनका मुद्दासहित 'बुद्धिस्ट सर्किट'को एजेन्डालाई प्राथमिकतामा राखेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

गत वर्ष काठमाडौंमा भएको १७औं बिमस्टेक मन्त्रीस्तरीय बैठकले पर्वतीय मुलुकका लागि 'माउन्टेन इकोनोमी' र समुन्द्रमार्गसँग पहुँच भएकाहरूका लागि 'ब्लु इकोनोमी'को अवधारणा अघि सारेको थियो। त्यसैगरी सन् २०१४को मार्चमा म्यानमारमा सम्पन्न बिमस्टेकको तेस्रो शिखर सम्मेलनमा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले बुद्धिस्ट सर्किट बारे चर्चा गर्नुभएको थियो। नेपालले तय गरेका प्राथमिकता क्षेत्रबारे सम्मेलनमा छलफल हुनेमा परराष्ट्रका अधिकारीहरू विश्वस्त छन्।

सोम बैठकले यसअघि विभिन्न समयमा भएका भन्सार सञ्चालन, यातायात तथा सञ्चार, सामुन्द्रिक पारवहन, मोटर भेइकल एग्रिमेन्ट, प्रविधि हस्तान्तरण, क्षेत्रीय सुरक्षाजस्ता विषयको समीक्षा गरेको छ।

(क्रमश: पृष्ठ ९ मा)

## फस्ट लेडीलाई स्वागत गर्न पाटन आतुर

सुनील महर्जन, ललितपुर

बिहीबार र शुक्रबार काठमाडौंमा आयोजना हुने बिमस्टेक सम्मेलनमा सहभागी हुन आउने फस्ट लेडीहरूलाई ललितपुरको पाटन दरबार स्क्वायरमा सांस्कृतिक झलकहरू देखाइने भएको छ।

सम्मेलनमा सहभागी हुन आउने फस्ट लेडीहरूले शुक्रबार पाटन दरबार स्क्वायरदेखि गोल्डेन टेम्पलमा तीन घण्टाको समय बिताउनेछन्। त्यस क्रममा विश्वसम्पदामा सूचीकृत पाटन दरबार क्षेत्र, गोल्डेन टेम्पलको नाउँले प्रसिद्ध हिरण्यवर्ण महाविहारको अवलोकन कार्यतालिका रहेको ललितपुरका प्रमुख जिल्ला अधिकारी प्रेमराज जोशीले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

फस्ट लेडीहरू शुक्रबार बिहान १० बजेपछि पाटन दरबार क्षेत्र अवलोकन गर्न आउने कार्यक्रम रहेको उहाँले जानकारी दिनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# प्रधानमन्त्रीलाई नै थाहा छैन मन्त्रालयको संख्या

**नेपाल समाचारपत्र**
काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीलाई नै आफ्नो सरकारमा कति मन्त्रालय र मन्त्री छन् भन्ने थाहा रहेनछ। मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्ने क्रममा उहाँले आफू चिप्लिएको पत्तै पाउनुभएन। सरकारले कामै गरेको छैन भनेर आलोचना गर्नुमा तुक नभएको तर्क गर्दागर्दै प्रधानमन्त्री ओलीले भन्नुभयो- 'सरकारले जे गरे पनि राम्रै गरिरहेको छ, समायोजन र व्यवस्थापन गरेर २१ वटा मन्त्रालय बनाएको छ।'

संयोगवश 'टङस्लिप' भएको भए पनि उहाँले उक्त तथ्य सच्याउनुभएन। तर अहिले मन्त्रालयको संख्या २२ छ। संविधानले २५ भन्दा बढी मन्त्री बनाउन नपाइने व्यवस्था गरे पनि मन्त्रालयको संख्याबारे उल्लेख छैन। संविधानले मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीलाई मन्त्री नै भनेर बुझाउँछ। अहिले २५ जनाको पूर्ण मन्त्रीमण्डल छ, जहाँ कृषि, पर्यटन र स्वास्थ्य गरी ३ राज्यमन्त्री छन्, सहायकमन्त्री भने छैनन्।

शुरूमा स्वास्थ्य राज्यमन्त्री बनाइएकी पद्माकुमारी अर्याललाई राज्यमन्त्रीमै कायम राखेर अर्को

> 'सरकारले जे गरे पनि राम्रै गरिरहेको छ, समायोजन र व्यवस्थापन गरेर २१ वटा मन्त्रालय बनाएको छ।'

पार्टीका उपेन्द्र यादवलाई स्वास्थ्यमन्त्री बनाएपछि अर्याल अलमलमा पर्नुभएको थियो। यही दिन सञ्चार राज्यमन्त्री भएका गोकुलप्रसाद बाँस्कोटालाई मन्त्रीमा बढुवा गरिएको थियो।

अर्याललाई मन्त्री बनाउने क्रममा तत्कालीन नेकपा माओवादी (केन्द्र)को भागमा परेको कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई फुटाएर कृषि तथा पशुपक्षी विकास र भूमि, व्यवस्था तथा गरिबी निवारण मन्त्रालय बनाइएको थियो।

प्रधानमन्त्रीले ३ तहमा कर्मचारी व्यवस्थापन गर्ने जटिल काम गरेको, संविधानले व्यवस्था गरेका मौलिक हकलाई कार्यान्वयन गर्न विधेयक बनाइरहेको, विद्यालय नगएका बालबालिकालाई भर्ना अभियानमा समेटिएकोलगायतका कामलाई सरकारको उपलब्धि भन्नुभएको छ। यसअघिको सरकारले संविधानलाई कार्यान्वयन गर्ने गरी कुनै काम नगरेको भन्दै आलोचना गरेका ओलीलाई कांग्रेस सांसद गगनकुमार थापाले जवाफ दिनुभएको थियो। प्रधानमन्त्रीको भनाइप्रति असहमति जनाउँदै थापाले संविधान बनेपछि ७५ प्रतिशत समयमा ओली र त्यही पार्टीको को-पाइलट भनेर चिनिएका पुष्पकमल दाहालले सरकारको नेतृत्व गरेको भन्दै त्यसतर्फ पनि सम्झन आग्रह गर्नुभएको थियो।

(क्रमश: पृष्ठ ९ मा)






# मन्त्रीज्यू खानेपानीकै काम किन ढिलो ?

## २५ अर्ब त सकिसक्यो : मन्त्री मगर

गंगा बराल, काठमाडौं

मेलम्चीको चर्चा अझै सकिएको छैन। मेलम्ची आउला र धित मरुञ्जेल पानी पिउँला भन्ने काठमाडौं उपत्यकाबासीको सपना अझै अधूरै छ। मेलम्चीको पानी ल्याएर काठमाडौंको धूलो मैलो पखाल्ने उद्घोष गर्दा गर्दै पूर्वप्रधानमन्त्री साधु नेता कृष्णप्रसाद भट्टराईको देहावसान नै भयो।

जीवनभर शान्तिपूर्ण आन्दोलनमा लागेका नेपाली कांग्रेसका नेता भट्टराईले प्रधानमन्त्री हुँदा पनि 'मेलम्ची सपना' पूरा गर्न सक्नुभएन। उहाँले मात्र होइन, त्यसपछि बनेका विभिन्न प्रधानमन्त्री र खानेपानीमन्त्रीले त्यसलाई पूरा गर्न सकेको देखिएन। यद्यपि जो आए पनि त्यसलाई छिट्टै सम्पन्न गर्ने भाषण गरेर सर्वसाधारणलाई भ्रममा पार्न भने छाडेनन्।

जनयुद्ध लडेर आएकी बहालवाला खानेपानीमन्त्री बिना मगरले पनि आफ्नो कार्यकालको लोकप्रिय नारा मेलम्चीलाई नै देख्नुभयो र, मन्त्री पद सम्हालेको केही दिनमै भन्न थाल्नुभयो- 'यो दशैंसम्म त मेलम्ची आउँछ।'

(क्रमश: पृष्ठ ९ मा)

## यो दशैंमा पनि मेलम्ची नआउने भो

सुरेश तामाङ, काठमाडौं

यसपालिको दशैंमा मेलम्चीको पानी पिउने काठमाडौंबासीको सपना अहिले पनि हावाले उडाएर लाने भएको छ। खानेपानी मन्त्रीदेखि सरोकारवाला सचिवसम्मले दशैंमै पानी आउँछ भनेर पटकपटक भनिरहे पनि अझै थुप्रै काम बाँकी रहेकाले यो चाहना पूरा नहुने मजदुरहरूले बताएका छन्।

सुरुङ गत चैतमै छिचोलिए पनि त्यहाँ फिनिसिङको काम बाँकी नै छ। सुरुङमा अहिले ढलानको काम भइरहेको छ। २७ किम सुरुङमध्ये अहिलेसम्म १० किमि मात्रै ढलान भएको छ। अहिले दैनिक ५०/६० मिटरको दरले सुरुङ ढलान भइरहेको छ। यही गतिमा सुरुङ ढलान हुँदा पनि सबै काम सकिन अझै साढे ५ महिना लाग्ने प्राविधिकहरूको भनाइ छ। एकजना प्राविधिक भन्छन्- 'यो दशैंमै मेलम्चीको पानी सुन्दरीजलसम्म ल्याउन अहिलेको कामको गतिलाई दोब्बर बढाउनुपर्छ।' त्यस्तै दैनिक २ सय ८५ मिटरको दरले सुरुङमा ढलान हुनुपर्दछ।

(क्रमश: पृष्ठ ९ मा)

# महानगर

> एक स्थानीयले भने- 'पानीको मुहान र पाइपमा ठेकेदारले फालेको माटोले क्षति पुगेको छ। मुहान बनाइदिन र पाइप अर्को किन्नलाई भने पनि मानिरहेको छैन।'

2018, AUG
Wednesday
29

# 'पूर्वाधार निर्माणलाई प्राथमिकता दिएका छौं'

स्थानीय तहमा सरकार गठन भएको डेढ वर्ष बितिसकेको छ, तर स्थानीय तहमा आशा गरेअनुसारको विकास निर्माणको कामले गति भने सकेको छैन। सीमित स्रोत र साधनका कारण सोचजस्तो काम गर्न नसकेको स्थानीय तहका जनप्रतिनिधिको गुनासो छ। स्थानीय तहमा सरकार गठन भएपछि ग्रामीण सडक निर्माण गर्नेक्रम भने फस्टाएको छ। ग्रामीण सडकको उचित व्यवस्थापन हुन नसक्दा जोखिम पनि बढ्दो छ। यसै विषयमा रामेछापको मन्थली नगरपालिकाको विकास निर्माणको अवस्था, नगरपालिकालाई समृद्ध र व्यवस्थित बनाउने योजनालगायतको विषयमा केन्द्रित रहेर मन्थली नगरपालिकाका नगरप्रमुख रमेशकुमार बस्नेतसँग नेपाल समाचारपत्रका लागि मधुसूदन रायमाझीले गरेको कुराकानी :



**रमेशकुमार बस्नेत**
नगरप्रमुख,
मन्थली नगरपालिका, रामेछाप

**मन्थली नगरपालिका निकै अस्तव्यस्त भयो भन्ने गुनासो छ, व्यवस्थित बनाउनका लागि के काम गरिरहनुभएको छ ?**

भूकम्पले थिलो-थिलो बनाएको नगरपालिकाभित्र पुनर्निर्माणको काम धमाधम भइरहेको छ। भूकम्पको पुनर्निर्माणदेखि नगरपालिकाका बासिन्दाले सहजरूपमा यातायात सेवा उपभोग गर्न पाउनुपर्ने उद्देश्यका साथ सडक निर्माणलाई नै पहिलो प्राथमिकता दिएका छौं। मन्थली नगरपालिकाभित्र हालसम्म जम्मा ३५ किलोमिटर सडक मात्र कालोपत्रे भएको छ। बाँकी धेरै धुले सडक कालोपत्रे गर्नुपर्ने अवस्था छ। मन्थली नगरपालिकाको चक्रपथअन्तर्गतको सडकलाई कालोपत्रे गर्ने काम अगाडि बढाएका छौं। मन्थली नगरपालिकाको कार्यालयबाट सबै वडाको केन्द्रदेखि टोल-टोलमा सहजरूपमा यातायात सञ्चालन गर्ने कामलाई प्राथमिकता दिएका छौं। देशभरि नै डोजर आतंक बढेको छ, तर हामीले हाम्रो नगरपालिकाअन्तर्गत निर्माण हुने सडकलाई गुरुयोजना बनाएर नै काम गर्ने योजना अगाडि सारेका छौं। मापदण्डबिना नै जथाभावी सडक निर्माण गर्दा सानो पानी पर्दा पनि सडकमा पहिरो जाने गरेको छ। आवश्यक सडक निर्माणसँगै अब नगरपालिकाभित्र सडक जथाभावी खन्ने काम बन्द हुन्छ। सडक त निर्माण भएका छन्। ती सडकको उचित व्यवस्थापन हुन सकेको छैन। हाम्रो ध्यान भनेको अब सडकलाई व्यवस्थित बनाउने हो, ढललगायतको पूर्वाधार यसका लागि आवश्यक छ।

**पानी पर्दा त मन्थली अस्तव्यस्त बन्ने गरेको छ नि ?**

समयमा नै ध्यान दिएको भए यो अवस्था सिर्जना हुने थिएन। अहिले जमिन महँगो भयो। मानिस जमिन मास्न मान्दैनन्। हामीले नेतृत्व सम्हालेपछि बजार क्षेत्रलाई व्यवस्थिति बनाउने अभियान चलाएका छौं। खोल्साको निकास नै बन्द गरेर घर निर्माण गर्ने प्रवृत्तिलाई निरुत्साहित गरेका छौं। देशभर नै उर्वर भूमि मास्ने काम भएको छ। त्यसबाट मन्थली नगरपालिका पनि अछूतो छैन। विशेषगरी पानीको उचित निकास नहुँदा मन्थली अस्तव्यस्त बन्ने गरेको छ।

**नगरपालिकाभित्र खानेपानी समस्याकै रूपमा छ होइन ?**

मन्थली नगरपालिकामा १४ वटा वडामध्ये १२ वटा वडामा खानेपानीको प्राकृतिक मुहान छैनन्। भएका केही पानीको मुहान पनि सुकेर गए। पानीको हाहाकारले गाउँका बस्ती नै खाँली हुने अवस्था आएको छ। मानिसका साथै त्यसको प्रत्यक्ष असर पशुपालन र खेतीपातीमा पनि परेको छ। मन्थली नगरपालिकाका वडा नम्बर १, ६, ८ र ११ वडामा लिफ्टमार्फत खानेपानीको व्यवस्था भएको छ। वडा नम्बर ४ र ५ वडामा पनि आयोजना समिति बनाएर काम भइरहेको छ। वडा नं ७, ८ र ९ का पुराना गाउँ र चिसापानीमा बृहत् खानेपानी आयोजनाअन्तर्गतको काम चलिरहेको छ। नगरपालिकाभित्र खानेपानीको व्यवस्थापन गर्न तामाकोसी नदीको विकल्प छैन। लिफ्टमार्फत खानेपानीको योजना सञ्चालन गर्न निकै खर्चिलो छ। त्यसैले हामीले नगरसभाबाट सिँचाइलाई जस्तै खानेपानीलाई पनि विद्युत् सेवामा सहुलियत हुनुपर्ने विषयमा जोड दिएका छौं।

**नगरपालिकाभित्र अझै विद्युतीकरण हुन नसक्नुको कारण ?**

हाम्रो चाहना त सबै क्षेत्रमा विकास निर्माण गरेर जनतालाई विकास भएको महसुस गराउने हो, तर सीमित स्रोत र साधनबाट काम गर्नुपर्ने बाध्यता छ। हामीले कामको प्राथमिकता निर्धारण गरेका छौं। जनताको अत्यावश्यक सेवा सुविधा उपलब्ध गराउने कामलाई नै प्राथमिकता दिएका छौं। मन्थली नगरपालिकाभित्र आगामी १ वर्षभित्र बिजुली बल्न बाँकी क्षेत्रमा विद्युतीकरण हुन्छ। नगरपालिकाले १ वर्षभित्र सबै क्षेत्रमा विद्युतीकरण गर्ने र काठको पोल विस्थापित गरेर फलामको पोल हाल्ने योजना अगाडि छ। १ वर्षभित्र नगरपालिकाभित्र बिजुली नबलेको घर हुने छैन।

**कृषि क्षेत्रको विकास गर्न के काम गर्नुभयो के गर्दै हुनुहुन्छ ?**

मन्थली नगरपालिकाका अधिकांश क्षेत्र सुख्खाग्रस्त क्षेत्रमा पर्छ। केही फाँट छन्। फाँटको किनाराबाट नदी बग्छ। हामीले नदीबाट लिफ्ट सिँचाइको योजनामार्फत पानी तानेर कृषियोग्य जमिनलाई तरकारी र फलफूल उत्पादनको रूपमा विकास गर्ने सोच बनाएका छौं। विभिन्न क्षेत्रमा त सिँचाइ सेवा पनि पुऱ्याएका छौं। कृषि पेसाबाट राम्रो आम्दानी हुन्छ भन्ने विश्वास मासिनलाई छैन। पहिलो कुरा त कृषिमा लाग्दा राम्रो हुन्छ भन्ने विश्वास दिलाउनुपर्ने आवश्यकता छ। राम्रो नीति तथा कार्यक्रम बनाएर त्यसलाई कार्यान्वयन गर्न सकेनौं भने कृषि पेसामा जनशक्ति लाग्दैन। त्यसैले कृषिलाई वैज्ञानिकीकरण र आधुनिकीकरण गरेर नगदेबालीतिर उन्मुख गर्न सक्यौं भने मात्र हाम्रो प्रयास सफल हुन्छ। पढेलेखेका मानिस खेती किसानमा गयो भने समाजले अहिले पनि राम्रो मानेको छैन।

मन्थलीलाई कृषि पकेट क्षेत्रका रूपमा विकास गर्न खोजेका छौं। परम्परागत कृषि प्रणालीलाई विस्थापित गरेर आधुनिक र व्यावसायीकरण गर्नतर्फ लागेका छौं। कृषि क्षेत्रमा निकै लगानी गर्नुपर्छ। रातारात धनी हुन खोज्छौं। १० वर्ष काम गरेर समृद्ध हुन्छु भन्ने भावना हामीसँग छैन। यो कन्सेप्ट परिवर्तन नगरेसम्म नेपालमा कुनै विकास हुँदैन।

> नगरपालिकाभित्र उद्यम गर्न चाहने युवाका लागि जग्गा उपलब्ध गराउन हामी तयार छौं। सिँचाइको व्यवस्थापन गर्न प्रतिबद्ध छौं। सरकारका तर्फबाट गर्नुपर्ने हर काम गर्न तयार छौं। उत्पादन भएका वस्तुको जिम्मेवारी पनि नगरपालिकाले नै लिन्छ, तर काम गर्ने जाँगर युवाले देखाउनुपऱ्यो।

**वैदेसिक रोजगारीमा जान लागेका नगरपालिकाभित्रका युवालाई रोक्ने तपाईंको के योजना छ ?**

विदेश गएर धन कमाएर ल्याएपछि अहिलेको पुस्तालाई राम्ररी पैसा आउँछ भन्ने छ, तर त्यो त्यति सजिलो छैन। पहिलो कुरा यो कुरा हामीले बुझाउन सकेनौं। हामी नेपाली काम नगरी बसेका हौं। विदेशमा काम नगरी पैसा आउँदैन। सबैभन्दा फोहोर र डरलाग्दो काम नेपालीले नै गर्छन्। जो विदेशमा गएर दु:ख भोगेर नेपाल आएको छ, त्यो मानिसले नेपालमा नै केही गर्न खोज्छ। नगरपालिकाभित्र उद्यम गर्न चाहने युवाका लागि जग्गा उपलब्ध गराउन हामी तयार छौं। सिँचाइको व्यवस्थापन गर्न प्रतिबद्ध छौं। सरकारको तर्फबाट गर्नुपर्ने हर काम गर्न तयार छौं। उत्पादन भएका वस्तुको जिम्मेवारी पनि नगरपालिकाले नै लिन्छ, तर काम गर्ने युवाले जाँगर देखाउनुपऱ्यो। केही काम शुरू भएका छन्। मासु, अण्डा र दूधमा पूरै रामेछाप आत्मनिर्भर हुँदै गएको छ। नगरपालिका सहयोग गर्न तयार छ, तर त्यसका लागि जाँगरचाहिँ स्वयं युवाले लिएर आउनुपर्छ।

**मन्थलीको एयरपोर्ट सञ्चालन हुन सकेन नि ?**

एयरपोर्टका बारेमा हामीले धेरै गुनासा संकलन गरेका छौं। हवाई यातायात भनेपछि निश्चित समयमा उडान भर्नुपर्छ। विश्वसनीयता सबैभन्दा ठूलो कुरा हो। हामीले मन्थलीमा रहेको विमानस्थल कुनै पनि हालतमा सञ्चालनमा ल्याउनुपर्छ भनेर पहल गरिरहेका छौं। यो विमास्थल सञ्चालन गर्न सक्दा आर्थिकरूपमा विकास गर्न सकिन्छ। निजी क्षेत्र पनि मन्थलीमा उडान भर्न तयार हुनुपर्छ। सरकारले करोडौं लगानी गरेर विमानस्थल कालोपत्रे गरेको छ। आवश्यक भएर नै हो नि।

---



# ठेकेदारको लापरबाही
# कान्ति लोकपथको कन्तबिजोग

**सुरेश तामाङ, काठमाडौं**

हिउँद होस् या वर्षाको समय। यी दुवै समयमा प्राय:जसो सडक अवरुद्ध भइरहन्छन्। वर्षात्को समयमा त पहिरो आउने र भत्कने नै भयो, तर सुख्खा याममा पनि सुख्खा पहिरोले गर्दा सडक अवरुद्ध नै भरहन्छन्।

त्यत्ति मात्रै होइन। सडक अवरोधकै कारण कृषकले उत्पादन गरेको तरकारी र दूधजन्य परिकार बजारमा लैजान नपाई त्यत्तिकै खेर फाल्नुपर्ने अवस्था छ। सडक सहजरूपमा सञ्चालन नहुँदा कृषकले खेतबारीमा उत्पादन गरेका तरकारी बारीमै कुहिने अवस्था छ।

कति पटक त सडकमा लडेका ठूल्ठूला पहिरोका कारण बिजुलीका पोल ढलेर महिनौं दिनसम्म सञ्चार सेवासमेत अवरुद्ध हुन्छ। सवारी आवागमनसमेत प्रभावित हुँदै आएको छ।

तराईसँग काठमाडौं जोड्ने छोटो दूरीको वैकल्पिक सडकको रूपमा रहेको कान्ति लोकपथ विस्तार गरिरहेको सडकका कारण पछिल्लो चरणमा यस्तै अवस्था निम्तिएको हो।

सरकारले पछिल्लो केही वर्षदेखि विशेष महत्त्वका साथ कान्ति लोकपथलाई विस्तार गरिरहेको छ। सडक विस्तारको जिम्मा पाएको ठेकेदार जिम्मेवार नबन्दा सडकको अवस्था बेहाल बनेको छ। जसको कारण यस क्षेत्रका नागरिकले दु:ख भोग्दै आइरहेका छन्।

ललितपुर खण्डको टीकाभैरवदेखि मकवानपुर खण्डको बुद्धचोकसम्म विभिन्न निर्माण कम्पनीसँग १४ ठेक्का लगाएको छ। यस सडकखण्डको टीकाभैरव-तीनपाने र तीनपाने-भट्टेडाँडाखण्डमा वर्षात् र सुख्खायाममा पनि पहिरोले सताइराखेको छ। मुख्य गरी सडक विस्तारको शुरूआतदेखि नै टीकाभैरव-तीनपानेखण्डको ठेक्का पाएको गोल्डेन गुड जेभी र तीनपाने-भट्टेडाँडाखण्डको ठेक्का पाएको हनुमान कन्स्ट्रक्सनको गैरजिम्मेवारीपनले नागरिकले दु:ख भोग्दै आएका हुन्।

गोल्डेन गुड जेभीले शुरूदेखि नै पेटी ठेकेदार राखेर काम गर्दै आएको छ भने हनुमानले भने आफैं ठेक्का हाँकिराखेको छ। यी दुवैले सडक चौडा, ग्राभेलिङ, पर्खाल, नालीदेखि सडक कालोपत्रेसम्मको ठेक्का पाएका छन्, तर यी दुवै निर्माण कम्पनीले विस्तारको शुरूदेखि नै विस्तार गर्नेभन्दा पनि जहाँ ढुंगा ग्राभेल बढी छ त्यहाँ दोहन गरेर अहिले यो हालत बनाएको स्थानीयको गुनासो छ।

नजिकै क्रसर उद्योग रहेको र डिपो पनि सञ्चालन गर्ने प्रशस्त ठाउँ भएकोले यी निर्माण कम्पनी लोभिँदै ढुंगा र ग्राभेल बढी निस्केको स्थानलाई मात्रै बढी ध्यान दिएर विस्तारलाई ध्यान नदिएको आरोप स्थानीयको छ।

'महिनौं दिनसम्म पनि एउटै स्थानमा खनिरहेको देख्छु। यस्तो पनि सडक चौडा गरेको हुन्छ', यस सडक हुँदै दूध ढुवानी गर्ने सवारी चालक रामप्रसाद सञ्जेलले बताउनुभयो- 'अप्ठेरो ठाउँमा सडक चौडा गर्ने त ध्यान नै छैन। खाली ढुंगा र ग्राभेल भएको स्थानमा मात्रै खन्नेरहेछ।'

उनीहरूले नजिकै रहेको क्रसर उद्योगमा सडक विस्तार गर्ने नाममा विस्तार नगरी माटो मात्रै निस्कने स्थानमा बेवास्ता गर्दै ढुंगा र ग्राभेल निकाल्दै बिक्री गरेको स्थानीयले आरोप लगाएका छन्।

गोल्डेन गुड जेभीले नजिकैको टीकाभैरव नल्लुखोलामा सञ्चालित क्रसर उद्योगमा ढुंगा तथा ग्राभेल बिक्री गरिराखेको छ भने हनुमान कन्स्ट्रक्सनले टीकाभैरवमा ठूलो मात्रामा ढुंगा भण्डारण गरी डिपो सञ्चालन गरेको छ।

हनुमानले ठूलो परिणाममा उपत्यकाका विभिन्न स्थानमा ढुंगा तथा ग्राभेल बिक्री गरेको स्थानीयको आरोप छ। स्थानीयका अनुसार ठेकेदारले ढुंगा र ग्राभेल मात्रै भएको स्थानमा महिनौं दिनसम्म खन्नाले पहिरो त्यत्तिकै लडिरहेको छ।

पहिरोकै कारण स्थानीय वनका हजारौं रूख बिरुवासमेत नष्ट भएका छन्। हनुमानले ठेक्का पाएको तीनमानेदेखि भट्टेडाँडाखण्डमा सुख्खा पहिरोले स्थानीयलाई दु:ख दिइरहेको छ।

पछिल्लो चरण गोल्डेन गुडले पनि आफ्नो ठेक्कामा परेका सम्पूर्ण काम गर्न पेटी ठेकेदारलाई जिम्मा लगाएको छ। पेटी ठेकेदार गोरे तामाङ पनि सडक विस्तारको सट्टा उही गोल्डेन गुडकै पारामा पुगेका छन्।

उनले पनि ढुंगा, ग्राभेल बिक्री गर्ने र माटो भने भीरपाखा र खोलामा फालेर स्थानीयलाई आक्रान्त पारिरहेका छन् भने हनुमानले पनि पाखाभरि माटो फालेको छ।

माटो जथाभावी फाल्दा कैयौंले उपभोग गर्दै आइरहेका खानेपानीको मुहान पुर्ने र पाइपलाइनमा समेत क्षति पुऱ्याएका छन्। खानेपानीको मुहान पुरेको महिनौं बितिसक्दा समेत ठेकेदारले बेवास्ता गर्दै आइरहेको स्थानीयको दुखेसो छ।

एक स्थानीयले भने- 'पानीको मुहान र पाइपमा ठेकेदारले फालेको माटोले क्षति पुगेको छ। मुहान बनाइदिन र पाइप अर्को किन्नलाई भने पनि मानिरहेको छैन।'

कान्तिलोकपथ सडक योजनाले माटो ढुंगा ग्राभेल सडकमै पुन:प्रयोग गर्नका लागि भण्डारण गर्न स्थान तोकिदिएको छ, तर ठेकेदार भने कमाउने दाउमा कसैलाई टेरेका छैनन्।

अलिकति कालोपत्रे गरेको पनि २ दिनमै उक्किएर अहिले सडकको नाम निशानासमेत छैन। सडकमा लगाएको पर्खालसमेत कच्चा छ। नालीमा पानी बग्दै नाली नै पानीले बगाउनेखाले संरचना बनाएको छ। यस्ताखाले ठेकेदार पक्षको चरम लापरबाही हुँदा पनि आयोजना मूकदर्शक हुनुले स्थानीयमा निराशा थपेको छ।



**परिवार**
अमेरिकामा रहँदै आएकी अभिनेत्री ऋचा घिमिरे छोराहरूका साथ।

PAGE3

**भेटघाट**
अभिनेता तथा फिल्म निर्माता तैयब शाह रंगकर्मी मदन लामाका साथ।



# नयाँ मुलुकी ऐनले क्यारिकेचर गर्न रोक्ने नरोक्ने अन्योल

रश्मी थापा

भदौ १ गतेदेखि लागू भएको नयाँ मुलुकी ऐन २०७४ ले हास्यव्यंग्य विधाका कलाकारमा अन्योल बढाएको छ। मुलुकी ऐन २०७४ को मुलुकी देवानी (संहिता) ऐनको दफा २१ अन्तर्गत खण्ड (घ) मा सम्बन्धित व्यक्तिको मञ्जुरीबिना कसैको आकृति वा तस्वीर खिचेमा तथा खण्ड (ङ) मा अरूको नाम, आकृति, तस्वीर वा आवाजको नक्कल गरी सार्वजनिक गरेमा गोपनीयताको अधिकार अतिक्रमण भएको मानिने उल्लेख भएको पाइएपछि हास्यव्यंग्य विधाका कलाकारहरू अन्योलमा परेका हुन्। तर उपदफा (१) को खण्ड (घ) वा (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले साहित्यिक वा कलात्मक प्रयोजन वा सार्वजनिक हितका लागि ती खण्डहरूमा लेखिएको कुनै काम गरेमा गोपनीयताको अधिकार अतिक्रमण भएको मानिने छैन भन्ने उल्लेख छ। यी दफाहरूका कारण हास्यव्यंग्य कलाकारमा अन्योल देखिएको हो।



क्यारिकेचर नै गर्न नदिने हो भने अन्य बाटा पनि छन् :
**सन्तोष पन्त**

हास्य अभिनेता सन्तोष पन्त प्रजातान्त्रिक शासन व्यवस्था भएको राज्यमा कसैको नक्कल गर्न नपाइने ऐन कानुन हुनु ठीक नभएको बताउँछन्। 'पहिले पञ्चायती शासनकालमा राजपरिवारका सदस्यहरूको क्यारिकेचर गर्न पाइँदैनथ्यो। तर क्यारिकेचर नै गर्न नहुने भन्नेचाहिँ थिएन। जुन व्यवस्था भए पनि क्यारिकेचर नै गर्न नपाउनेचाहिँ राम्रो कुरा होइन। क्यारिकेचरको नाममा अरूको बेइज्जती हुने काम भने कसैले गर्नुहुँदैन', पन्त भन्छन्- 'यदि कसैले प्रधानमन्त्री केपी शर्मा ओलीको क्यारिकेचर भनेर एउटा ठिटीसँग नग्न अवस्थामा स्विमिङ गरेको क्यारिकेचर गऱ्यो भने त्यसले पक्कै राम्रो सन्देश दिँदैन। अरूको इमेज नबिग्रने गरी सन्दर्भअनुसार क्यारिकेचर गर्दा फरक पर्दैन। अहिले प्रजातन्त्रमा स्वतन्त्रताको नाममा सामाजिक सञ्जालमा विकृति फैलिइरहेको छ। त्यस्ता विकृतिलाई रोक्न ऐन बनाइएको होला। क्यारिकेचर गर्नु भनेको आफ्नो ट्यालेन्ट प्रस्तुत गर्नु हो। सही ढंगमा कला प्रस्तुत गर्नेहरूका लागि यो ऐन राम्रो हो। यसले हास्य क्षेत्रलाई असर गर्दैन। तर यदि क्यारिकेचर नै गर्न नदिने हो भने त अन्य बाटाहरू पनि छन्।'

हास्यव्यंग्यकार मनोज गजुरेलको बुझाइमा सामाजिक सञ्जालमा हुने गरेका विकृतिलाई नियन्त्रण गर्न मात्र सरकारले यस्तो कानुन ल्याएको हो। 'हास्यव्यंग्यलाई नियन्त्रण गर्न यो कानुन ल्याइएको होइनजस्तो लाग्छ। तर यदि शासकलाई चित्त बुझेन र उनीहरूको हातमा पऱ्यो भने यो कानुनको दफा प्रयोग गरेर नियन्त्रण गर्न सक्ने खतरा छ। हामी त्यो खतरालाई चिर्न सक्छौं। हामी कहिल्यै पनि कर्मबाट पछाडि हटेका छैनौं', मनोजले *नेपाल समाचारपत्र*सँग कुरा गर्दै भने- 'पञ्चायत व्यवस्थामा पनि हास्यव्यंग्य मरेन, शाही शासन कालमा पनि जीवित थियो। भारतीय नाकाबन्दीको बेला पनि भारतीय दादागिरीविरुद्ध अन्तर्राष्ट्रिय मञ्चमा हास्यव्यंग्य प्रस्तुत गरेका थियौं। हास्यव्यंग्यकर्मीले जस्तो राज्य व्यस्थामा पनि आफ्नो धर्मकर्म बचाएर हिँडेका छन्। उनीहरूले जहिले पनि नागरिक दायित्वबोध गर्दै कानुनको दायराभित्र रही अनुशासित भएर आफ्नो काम गरेका छन् र गरिरहनेछन्।' मनोजले थपे- 'नेताहरूको क्यारिकेचर गर्नु नराम्रो काम होइन, नेता व्यक्ति होइन संस्था हो। संस्थाको व्यवस्था परिवर्तनका लागि व्यंग्य गर्न नपाइने भन्ने हुँदैन। भोलिका दिनमा पनि राज्यले त्यति तल्लोस्तरमा झरेर कारबाही गर्छजस्तो लाग्दैन। तल्लो दफामा सार्वजनिक कलात्मक वा सार्वजनिक हितको लागि गरेमा गोपनीयताको हक अतिक्रमण भएको मानिनेछैन भनेर कलाकारका लागि सम्बोधन गरिएको छ। यदि हास्यव्यंग्य वा क्यारिकेचरको नाममा हामीलाई कारबाही भएको खण्डमा हाम्रो यही तर्क हुनेछ। यदि कारबाही गर्न खोजियो भने हामी अझै सशक्त ढंगले अगाडि आउनेछौं।'



शासकलाई चित्त बुझेन भने यो कानुनको दफा प्रयोग गरेर नियन्त्रण गर्न सक्ने खतरा छ :
**मनोज गजुरेल**



अपराध नियन्त्रण गर्नका लागि राम्रो कानुन बनेको छ :
**जितु नेपाल**



कलाकारले कलात्मक हिसाबले जनमानसमा पपुलारिटी बटुल्न पाउनुपर्छ :
**शिवहरि पौडेल**

अर्का हास्य कलाकार शिवहरि पौडेल स्वस्थ मनोरञ्जनका लागि कसैको क्यारिकेचर गर्नु मानिसको खुबी भएको र ऐनले यस्तो कुरालाई रोक्छ भने कलामाथि नै लगाम लगाइएको ठहरिने बताउँछन्। 'स्वस्थ मनोरञ्जनका लागि यो नेताले यसरी बोल्छ, यो जनावर यसरी कराउँछ भनेर नक्कल गर्दा केही फरक पर्दैन। छिमेकी देश भारतलगायत संसारकै सबैभन्दा प्रजातान्त्रिक देश अमेरिकामा पनि यस्तो गर्न रोक लगाइएको छैन। यदि कसैलाई आघात पार्ने खालका क्यारिकेचर गरिन्छ भने त्यो पक्कै पनि राम्रो काम होइन। तर कलाकारले कलात्मक र सही हिसाबले कला देखाएर जनमानसमा पपुलारिटी बटुल्न पाउनुपर्छ। त्यो जहाँ पनि पाइन्छ', शिवहरिको भनाइ छ- 'यदि नपाइने हो भने कयारिकेचर मात्र होइन, कलाकारको अन्य विकल्प पनि छन्। पञ्चायतीकालमा पनि क्यारिकेचर गर्न पाइँदैन थियो। तर पनि हास्य कलाकारहरू बाँचेका थिए। यो ऐनको दुरुपयोग भएको खण्डमा हास्यव्यंग्य क्षेत्रलाई अप्ठ्यारोमा पार्न सक्छ।' हास्य कलाकार जितु नेपाल 'मुन्द्रे'ले यो ऐनले कलाकारलाई अप्ठ्यारोमा नपार्ने र यदि हास्यव्यंग्यलाई प्रतिबन्ध नै लगाउने अवस्था आएमा कलाकारहरूले यसविरुद्ध आवाज उठाउनुपर्ने बताउँछन्। 'अपराध नियन्त्रण गर्न जरुरी छ। हास्यव्यंग्यको दुरुपयोग गर्नेहरूका लागि यो कानुन ल्याइनु ठीक हो। किनभने हास्यव्यंग्यको नाममा जे पनि गर्नु त भएन, त्यसको पनि शैली हुन्छ। क्यारिकेचर नै गर्न नपाइने त होइन। तर केकस्तो गर्न नपाइने हो त्यो स्पष्टरूपमा आएको छैन, व्याख्या गरिएको छैन। मैले गाईजात्राको दिन पनि हास्यव्यंग्य प्रस्तुत गरेको थिएँ। तर त्यस्तो अवरोध भएन', जितुले भने- 'राम्रो शैलीमा व्यंग्य प्रस्तुत गर्दा यो ऐनले हास्य क्षेत्रलाई बाधा गर्दैन। तर अपराध नियन्त्रण गर्नका लागि भने यो राम्रो कानुन बनेको छ।'



कानुन नै अन्योलपूर्ण भएकाले के गर्ने हामीले सोचेका छैनौं :
**केदार घिमिरे**

यो ऐन अन्योल सृजना गर्ने किसिमको भएकाले यसको विरोधमा गइहाल्ने विचार नभएको र प्रधानमन्त्री नै हास्यप्रेमी भएकाले यो कानुनले हास्य कलाकारहरूलाई अप्ठ्यारो नपार्ने बताउँछन् हास्य कलाकार केदार घिमिरे 'माग्ने बुढा'। 'यदि अरूको नाम, आकृति, तस्वीर वा आवाजको नक्कल गरी सार्वजनिक गरेमा गोपनीयताको अधिकार अतिक्रमण भएको मानिने भए यो ऐनले पनि हास्य कलाकारको अधिकारको अतिक्रमण भएको मानिने छ', केदारले ठट्यौली शैलीमा भने- 'यो ऐन सरकारले उदण्ड व्यक्तिलाई तह लगाउनका लागि ल्याएको हुनुपर्छ। तर अर्को दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले साहित्यिक वा कलात्मक प्रयोजन वा सार्वजनिक हितका लागि ती खण्डहरूमा लेखिएको कुनै काम गरेमा गोपनीयताको अधिकार अतिक्रमण भएको मानिनेछैन पनि भनिएको कारण यो ऐन नै अन्योलपूर्ण छ। यसको मतलब सरकारका विरुद्ध बोलेको खण्डमा यसले कारबाही गर्ने र सपोर्ट गरेमा छोड्न पनि सकिन्छ भन्ने बुझिन्छ। यो कानुन नै अन्योलपूर्ण भएकोले हामीले अहिले के गर्ने भन्नेबारेमा हामीले सोचेका छैनौं, बरु डेलिगेसनमा जान सकिन्छ।'



अदालतले के व्याख्या गर्छ त्यसमा भर पर्छ :
**विकास भट्टराई**

अधिवक्ता तथा कानुनी पत्रकार विकास भट्टराई ऐन अन्योलपूर्ण किसिमको भएकाले अदालतले कसरी व्याख्या गर्छ, त्यसमा भर पर्ने बताउँछन्। 'यो नयाँ ऐन भएकाले यस्तो विषयमा अहिलेसम्म मुद्दा परेको छैन र त्यस विषयमा बहस पनि भएको छैन। यदि मुद्दा परेमा अदालतले के व्याख्या गर्छ त्यसमा भर पर्छ।' -उनले भने।

अर्का अधिवक्ता तथा फिल्मकर्मी कृष्ण ढुंगाना यो ऐन कलाकार र प्रेसलाई पनि कुण्ठित गर्ने खालको भएको बताउँछन्। 'साहित्यिक वा कलात्मक प्रयोजन वा सार्वजनिक हितका लागि अरूको नाम, आकृति, तस्वीर वा आवाजको नक्कल गरी सार्वजनिक गरेमा गोपनीयताको अधिकार अतिक्रमण भएको मानिनेछैन भनिएको छ। तर कस्तो कामलाई कलात्मक प्रस्तुति भन्ने व्याख्या गरिएको छैन। हेर्ने हो भने पत्रकारिता पनि कलात्मक काम हो, कलाकारिता पनि कलात्मक काम हो। त्यसैले यो ऐन नै कन्फ्युजन खालको छ। यस्तै हो भन्न सकिने स्थिति छैन', उनले भने- 'मुलुकी फौजदारी संहिताले पत्रकारिता र कलाकारिताको दायरालाई संकुचित पार्न खोजेकै देखिन्छ। तर देवानी संहिताको नागरिक अधिकारसम्बन्धी व्यवस्थाले केही राहत दिन खोजेको देखिन्छ।'



फौजदारी संहिताले संकुचित पार्न खोजेकै देखिन्छ, देवानी संहिताको नागरिक अधिकारसम्बन्धी व्यवस्थाले राहत दिन खोजेको देखिन्छ :
**कृष्ण ढुंगाना**

लाखौं पाठकको प्रिय कामना



गाईजात्रा विशेष अंक

यस अंकका आकर्षण

- मार्क जुकरबर्गलाई केदार घिमिरे माग्ने बूढाको चिठ्ठी
- मनोज गजुरेलको गजुरीयल डट कम
- गाउँले बलदेवको भट्टी भागवत
- विजयरत्नको बक्स अफिस
- कपिल काफ्लेको लोकतान्त्रिक गाली
- शिवहरि पौडेलको नेता जात्रा मनाउने प्रस्ताव
- जितु नेपालको दोहोरी
- विल्सनविक्रम राई तक्मे बूढाको मायाले नथाम्ने संसार
- पेशल आचार्यको नकचरो सरकार
- प्रेम वली ढलकपुरेको पार्टी र ठोक्तकलगायत पढ्नैपर्ने दर्जनौं तीखा, हसिला र पेचिला व्यंग्य लेख, कविता र चुटकिलाहरू।

साथमा कीर्तिकिशोर जोशी, उमेश अधिकारी, देवेन्द्र थुम्केली, उत्तम नेपाल, केशव खनाल, राजमान महर्जन, सानुराज डंगोल र पदम घलेका कुतकुत्याउँदा व्यंग्यचित्र।



# विचार

{ इच्छाबाट दुःख निस्कन्छ, इच्छाबाट नै भय, जो इच्छाबाट मुक्त हुन्छ, उसले न दुःख थाहा पाउँछ, न भय।
– गौतम बुद्ध

{ मलाई यस्तो मित्रता चाहिँदैन, जो मेरो खुट्टामा अल्झेर अगाडि बढ्न बाधक बनोस्।
– गोर्की

## सम्पादकीय

नेपाल समाचारपत्र

### सरकार जिम्मेवार बन

सरकारले 'समृद्ध नेपाल सुखी नेपाल'को नारा अगाडि सारेको छ। प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वमा सरकार गठन भएको ६ महिना बितिसकेको छ। सरकार गठन भएपछि सरकारले अगाडि सारेको नीति तथा कार्यक्रम र बजेटले निकै आशा जगाएको पनि थियो। तर व्यावहारिकरूपमा कार्यान्वयनको पक्ष फितलो देखिएको छ। प्रधानमन्त्री ओलीले नै सरकारले राखेको लक्ष्य प्राप्त गर्नको लागि मन्त्री र सचिवाहरूलाई पटक-पटक निर्देशन दिएका छन्। प्रधानमन्त्रीको निर्देशनअनुसार हुनुपर्ने काम पनि सहज ढंगले हुन सकेको देखिएको छैन।

देशभर बलात्कार, हत्या र महिला हिंसालगायतका घटनामा वृद्धि भएको छ। शान्ति सुरक्षा कायम गर्नु सरकारको कर्तव्य हो। नागरिकहरूको सुरक्षासँग जोडिएको विषयमा संवेदनशील हुनुपर्छ। सरकारले विकास निर्माणको कामलाई जुनरूपमा अगाडि बढाउने प्रतिबद्धता गरे पनि कार्यान्वयका पक्षमा विभिन्न बहानाबाजीहरू तेर्स्याउने काम हुँदै आएको छ।

सरकारले नागरिकरुले प्रत्याभूति गर्ने गरी काम गर्नुपर्छ। सरकारले अगाडि सारेको नीति तथा कार्यक्रममा दृढतापूर्वक लागू गर्ने इच्छाशक्ति पनि देखाउनुपर्छ। सरकारले नारा भाषणमा भन्दा पनि काममा बढी विश्वास गर्नुपर्छ। सरकारका मन्त्रीहरू जसरी परिणाम देखाउनको लागि लाग्नुपर्ने हो। त्यसको सट्टा दैनिकरूपमा शिलान्यास, उद्घाटन, सभा-समारोहमा बढी समय बिताएको देखिन्छ। मन्त्रीहरूको काम नीति निर्माण र त्यसलाई प्रभावकारीरूपमा लागू गर्ने हो। तर आफ्नो दायित्व र कर्तव्य भुल्दै मन्त्रीहरू अनावश्यक कार्यक्रम उद्घाटन गर्ने कार्यमा दौडधुपमा देखिन्छन्।

परिणाम निकाल्नको लागि सरकारका सबै अगंहरूले मन, बचन र कर्मका साथ काम गर्नुपर्छ। दैनिकरूपमा दिइने भाषणले मात्र समृद्धिको सपना पूरा हुँदैन। प्रधानमन्त्रीले मन्त्रीहरूको पनि अनुगमन गर्ने संयन्त्र विकास गर्ने घोषणा गर्नुभएको थियो। सरकार गठन भएपछि कुन मन्त्रीले काम गरे, कसले गर्न सकेन भन्ने निष्कर्ष निकाल्ने बेला पनि आएको छ। नागरिकहरूलाई समृद्धिको सपना बाँडेपछि कार्यान्वयन गर्ने दायित्व पनि सरकारको नै हो। दुई तिहाइ बहुमत प्राप्त सरकारले कानुनी बाधा-अड्चन फुकाएर भए पनि प्रभावकारी काम गर्नेतर्फ लाग्नुपर्छ। स-साना र झीना-मसिना विषयमा अल्झिनुभन्दा पनि सरकारले हरेक नागरिकले परिवर्तनको अनुभूति गर्ने गरी काम गर्ने बेला आएको छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# बिमस्टेक र सार्कको तुलना



**विनोद नेपाल**

'बिमस्टेक'को भदौ १४ र १५ गते काठमाडौंमा आयोजना हुन लागेको शिखर सम्मेलनको तयारी सम्पन्न भएको छ। अतिथिहरूका यात्रा-मार्गहरू सफा पारिएका छन्। स्वागत द्वारहरू स्वागतसम्बन्धी सन्देशहरूले सजाइएका छन्। सडकका खाल्डाखुल्डी पुरिएका छन्। सुरक्षा व्यवस्था चुस्त बनाइएको छ। यातायातलाई सहज बनाउन जोर-बिजोर प्रणाली लगाइएको छ। र, काठमाडौं सम्मेलनका लागि पूर्णरूपमा तयार भएको छ। यस शिखर सम्मेलनमा बिमस्टेकले हालसम्म गरेका प्रगतिको समीक्षा गरिनुका साथै संगठनका भावी कार्यदिशा निर्धारण गरिनेछ। सम्मेलनपछि 'काठमाडौं घोषणापत्र' जारी गरिनेछ।

चौथो बिमस्टेक शिखर सम्मेलनमा सदस्य देशहरूको विकासमा सघाउन बिमस्टेक विकास कोष स्थापना, संगठनको बडापत्र निर्माण तथा बिमस्टेक क्षेत्रलाई शान्ति, समृद्धि र दिगोपनातर्फ उन्मुख गराउने तथा गरिबी हटाउने विषय सम्मेलनका प्रमुख कार्यसूचि हुने बताइएको छ। बिमस्टेकले पहिचान गरेका व्यापार, लगानी, यातायात तथा सञ्चार, ऊर्जा, पर्यटन, कृषि, प्रतिआतंकवाद, गरिबी निवारण, जनस्वास्थ्य, वातावरण तथा प्राकृतिक विपत्ति र जलवायु परिवर्तनजस्ता क्षेत्रलाई एकीकृत गरी तिनको संख्या घटाइने अनिती जनताको गरिबी घटाउनेमा केन्द्रित हुने जनाइएको छ। आसन्न सम्मेलनको सन्दर्भमा बिमस्टेक ऊर्जा, व्यापार, बौद्ध परिपथ, पर्यटन प्रवर्द्धन र जलवायु परिवर्तनको प्रभाव घटाउनेतर्फ केन्द्रित हुनुपर्नेमा कूटनीतिक क्षेत्रका जानकारले जोड दिएका छन्। पूर्वराजदूत तथा कूटनीतिक सेवाबाट निवृत्तहरूले सदस्य राष्ट्रहरू स्थल, जल र हवाई मार्गबाट जोडिनुपर्ने र त्यसो गरिएमा व्यापार विस्तार सहज हुने बताएका छन्।

जुन ६, १९९७ मा स्थापना भएको बिमस्टेकको यो चौथो शिखर सम्मेलन हो। यसअघि सन् २००४ मा थाइल्यान्ड, सन् २००८ मा भारत र सन् २०१४ मा म्यानमारमा शिखर सम्मेलन भएका थिए। बंगलादेश, भारत, श्रीलंका र थाइल्यान्डको अग्रसरतामा गठन भएको यसको प्रारम्भिक नाम 'बिस्टेक' थियो। आरम्भमा यिनै चार सदस्य मुलुकबीच पारस्परिक आर्थिक सहयोगको उद्देश्यले गठन भएको कारण यसको नाम सदस्य मुलुकको नामको पहिलो अक्षरबाट 'बिस्ट' र त्यसमा 'आर्थिक सहयोग' जनाउने 'इसी' थपी 'बिस्टेक' राखिएकोमा म्यानमारले सन् १९९७ को डिसेम्बरमा भएको मन्त्रीस्तरीय विशेष बैठकमार्फत संगठनमा प्रवेश गरेपछि 'बिमस्टेक' भएको थियो। ढाकामा डिसेम्बर १९९८ मा सम्पन्न दोस्रो मन्त्रिस्तरीय बैठकबाट पर्यवेक्षकको हैसियत प्राप्त गरेको नेपालसँगै भूटानले सन् २००४ मा सदस्यता पाएपछि यसको सदस्य संख्या ७ पुगेको हो।

स्मरणीय छ, समानता र सहकार्यको मर्मलाई आत्मसात् गर्दै सदस्य मुलुकको आर्थिक वृद्धि र सामाजिक समृद्धि संयुक्तरूपमा हासिल गर्ने उद्देश्यले गठन भएको बिमस्टेकका प्रारम्भमा पारस्परिक सहयोगका ६ क्षेत्र निर्धारण गरिएका थिए। जसमा, व्यापार र लगानी, यातायात र सञ्चार, पर्यटन, प्रविधि र मत्स्य व्यवसाय थिए। सन् २००५ को डिसेम्बर १८-१९ मा बंगलादेशको राजधानी ढाकामा सम्पन्न आठौं मन्त्रीस्तरीय बैठकले सहयोगका नयाँ क्षेत्रको पहिचान गरी कृषि, जनस्वास्थ्य, गरिबी निवारण, प्रतिआतङ्कवाद, वातावरण र प्राकृतिक विपत्ति, संस्कृति, जनसम्पर्क, जलवायु परिवर्तन आदि रहेका र त्यसका लागि विभिन्न मुलुकको नेतृत्व तोकिएको थियो, जसले यस संगठनलाई अझ फराकिलो बनाएको थियो। थाइल्यान्डमा सम्पन्न पहिलो शिखर सम्मेलनले पारित गरेको घोषणापत्रअनुसार द्रूत आर्थिक विकासका लागि उपयुक्त वातावरण तयार गर्ने, दक्षिण एसियाली तथा दक्षिण-पूर्वी उपक्षेत्रमा सामाजिक प्रगति अभिवृद्धि गर्ने, अनुसन्धान तथा तालिम एवं सदस्य राष्ट्रका राष्ट्रिय विकास योजनामा सघाउन प्रभावकारीरूपमा समन्वय गर्ने, अन्य अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संगठनहरूसँग निकट एवं फलदायी सम्बन्ध कायम गर्ने विषयलाई जोड दिइएको भए पनि यसको प्रभावकारिता भने अपेक्षित रूपमा देखिन सकेको छैन।

त्यसो त सदस्य मुलुकहरूका आ-आफ्नै प्राथमिकता छन्। तर, हाल बिमस्टेकका १६ वटा प्राथमिकता रहँदै आएकोमा त्यो विस्तृत भएकाले यसपटक मुख्य पाँच क्षेत्रलाई प्राथमिकतामा राखिएको जनाइएको छ। त्यसमध्ये पहिलो 'कनेक्टिभिटी' अर्थात् 'सम्पर्क' रहेको छ, जसअन्तर्गत रेल्वे, सडक, विद्युत् प्रसारण लाइन, सूचना प्रविधिका लागि अप्टिकल फाइबर बिछ्याउने तथा हवाई सम्पर्कजस्ता विषय समेटिएका छन्। दोस्रोमा गरिबी निवारण रहेको छ। यो क्षेत्र आर्थिकरूपमा सम्भावनायुक्त भएर पनि झन्डै २० प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको छ। यसैले गरिबी निवारणलाई दोस्रो प्राथमिकतामा रखिएको हो। तेस्रोमा अन्तरक्षेत्रीय व्यापार, लगानी एवं पर्यटन प्रवर्द्धनलाई समेटिएको छ। चौथो र पाँचौमा क्रमशः जलवायु परिवर्तन र यसबाट पर्ने असर तथा अन्तरदेशीय अपराध नियन्त्रणजस्ता विषय समेटिएका छन्। सम्मेलनमा यस क्षेत्रमा बुद्धिस्ट सर्किट निर्माणलगायतका विषयमा पनि छलफल हुनेछ। दुई दशकअघि स्थापना भएको बिमस्टेकको हालसम्म बडापत्र छैन। यसका लागि समेत सम्मेलनमा छलफल हुने बताइएको छ।

यस क्षेत्रमा अर्को संगठन छ 'सार्क' अर्थात् 'दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन'। बिमस्टेक र सार्कलाई तुलना गर्दा र तिनको अवस्था तथा प्रभावकारिता हेर्दा खासै भिन्नता देखिँदैन। यिनका उद्देश्य पनि लगभग समान नै छन्, भिन्नता केवल यिनको सदस्यतामा छ। बिमस्टेकमा बंगालको खाडीसँग सम्पर्क हुने सार्क तथा दक्षिण-पूर्वी एसियाली मुलुकहरूको संगठन 'आसियान'का केही र सार्कका केही सदस्यसमेतका ७ मुलुक सदस्य छन्। दुवै समूहमा सबैभन्दा ठूलो र शक्तिशाली सदस्य भारत नै हो। यसमा उसकै प्रमुख भूमिका रहने र भारत र पाकिस्तानबीचको सम्बन्ध सहज नभएको सन्दर्भमा खासगरी पाकिस्तानविहीन यस समूहलाई सार्कको विकल्पको रूपमा लिने गरिएको छ। जसरी सार्कमा भारतकै भूमिका सर्वोपरि छ, यसमा पनि उसकै भूमिका रहनेमा कुनै सन्देह छैन। भारत र पाकिस्तानको सम्बन्धमा रहेको तिक्तताका कारण सार्कको १९औं शिखर सम्मेलन हुन सकिरहेको छैन।

मुलुकहरूबीच क्षेत्रीय तथा उपक्षेत्रीय स्तरमा सहकार्यको अवधारणा र संगठनहरूको स्थापना हुनु राम्रो हो। यसबाट लगानी, व्यापार, पूर्वाधार विकास आदिमा सहयोग पुग्नुका साथै क्षेत्रीय रूपमा शान्ति, सुरक्षा, समृद्धि र सामूहिक विकासको प्रयास सार्थक हुन सक्छ। तर तिनको औचित्य त्यतिखेर मात्र साबित हुन्छ जब सदस्य मुलुकहरू साझा हितका लागि वास्तवमै सहकार्य गर्न तत्पर हुन्छन्। स-साना कुरामा अल्झँदैनन्। आपसी असमझदारीको समाधानमा अग्रसरता देखाउँछन् र संगठनको प्रभावकारिताप्रति दृढ हुन्छन्। बिमस्टेकको सन्दर्भमा, यसभित्र दक्षिण एसियाली र दक्षिण-पूर्व एसियाली राष्ट्रहरू संलग्न छन्, जो बंगालको खाडीका आसपास अवस्थित छन्। प्रायः सबै सदस्य राष्ट्र गरिबी, अभाव, राजनीतिक अस्थिरताजस्ता समस्यासँग जुधिरहेका छन्। यस्तो अवस्थामा यस्ता संगठनमा पारस्परिक हितका लागि एकीकृत प्रयास आफैंमा सकारात्मक हो। तर सो अनुरूप काम हुन नसक्नु विडम्बना हो। यो सार्क तथा बिमस्टेकको साझा समस्या हो। सम्मेलन जतिसुकै तामझामका साथ सम्पन्न गरिए पनि, जे-जस्तो कागजी प्रतिबद्धता जनाइए पनि त्यसलाई व्यवहारमा परिणत गर्न सकिएन भने त्यो व्यर्थ हुन्छ। सार्क सार्क हो र बिमस्टेक बिमस्टेक नै हो। दुवैलाई उत्तिकै सशक्त ढंगमा अघि बढाउनेतर्फ दुवै संगठनको सदस्य बनेका मुलुकहरूको प्रतिबद्धता आवश्यक छ। कुनै पनि संगठन कुनै मुलुकको चाहना वा स्वार्थअनुरूप होइन, यस क्षेत्रकै साझा हितलाई ध्यानमा राखी अघि बढ्नुपर्छ। यसो हुन सकेमा मात्र त्यस्ता संगठनको औचित्य पुष्टि हुन्छ। बिमस्टेक सम्मेलन सफलताको कामना।

> बिमस्टेक र सार्कलाई तुलना गर्दा र तिनको अवस्था तथा प्रभावकारिता हेर्दा खासै भिन्नता देखिँदैन। यिनका उद्देश्य पनि लगभग समान नै छन्, भिन्नता केवल यिनको सदस्यतामा छ। बिमस्टेकमा बंगालको खाडीसँग सम्पर्क हुने सार्क तथा दक्षिण-पूर्वी एसियाली मुलुकहरूको संगठन 'आसियान'का केही र सार्कका केही सदस्यसमेतका ७ मुलुक सदस्य छन्। दुवै समूहमा सबैभन्दा ठूलो र शक्तिशाली सदस्य भारत नै हो।

## पाठक पत्र

### बलात्कारीलाई कडा कारबाही गर

यति बेला देश हत्या, हिंसा र बलात्कारका घटनाले जर्जर बनेको छ। घटना तुलनात्मकरूपमा बढेका हुन् वा सहजै बाहिर आएका हुन्, त्यो अध्ययनको पाटो हो। तर केही घटनाहरू यसरी आएका छन् कि ती घटनाको प्रकृतिले नेपाली समाज कति निर्दयी र हिंस्रक बनिरहेको छ भन्ने देखाएको छ। यद्यपि यस अघि धेरै घटनाहरू लुकेर बाहिर आउने अवसरसमेत पाएका थिएनन्। सञ्चार, सामाजिक सञ्जाल र नेपाली समाजको सचेतनाको कारण आपराधिक घटनाहरू सार्वजनिक गर्न सहज भएको छ। अनुसन्धानको लागि नेपाल प्रहरीले पनि धेरै सुधार गरेर अप्ठ्यारो अवस्थामा पनि अनुसन्धान गरेको छ। यो सबै परिणतीले पीडितले राहत पाउने अवसर पनि बनेको छ।

तर केही यस्ता प्रतिनिधि घटना छन्, जहाँ नेपालका सबै सुरक्षा निकाय पनि चुकेका छन्। मौन छन् वा अनुसन्धान गर्नै सकेका छैनन् ? त्यो नेपाली जनताले बुझ्न सकेका छैनन्। कन्चनपुर घटना यसको एउटा जिउँदो उदाहरण हो। यहाँ नेपालको प्रहरी निकायको वरिष्ठ अधिकारी निलम्बन गर्नेसम्मको घटना भएको छ। चौबीस घन्टामै सिडिओ र प्रहरी प्रमुख फिर्ता बोलाउनेसम्मको सरकारले काम गरेको छ। यसरी हेर्दा सरकार निकै चनाखो छ भन्ने पनि देखिन्छ। तर सरकारकै सुरक्षा निकाय भने निलम्बन हुने काम किन गरिरहेको छ ? अथवा यो कतै सरकारको देखाउने खेल त होइन ? एउटा बालिकाको बलात्कारपछि हत्या भएको घटनामा प्रमुख दोषी देखाइएको व्यक्ति त्यहींको समाज मान्न तयार छैन। उनीहरूले मुख्य अपराधी अर्कै छ भन्छन्। सरकार सुरक्षा प्रमुखहरूलाई फिर्ता र निलम्बन गरेर बसेको छ।

यहाँ सरकारका मन्त्रीहरूलाई थाहा भएको र अनुसन्धान गर्ने प्रहरी अधिकारीहरूलाई थाहा नभएको अवस्था हो ? किन यस्ता घटना भएका हुन् ? त्यति मात्र नभएर घटनापछिको आन्दोलनमा पनि बालबालिकाकै हत्या भएको छ। आन्दोलनमा ढुंगामुढा गरेको व्यक्तिलाई गोली लागेको भए सामान्यरूपमा पचाउने अवस्था हुन्थ्यो। तर त्यहाँ संलग्न नभएको, हुन नसक्ने अवस्थाको मानिस मारिनुले राज्य संयन्त्र कति गैरजिम्मेवार छ भन्ने प्रस्ट हुन्छ। त्यति मात्र होइन, नेपालको प्रहरी, सेना, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानमा घटनापूर्व अनुसन्धान गर्ने संयन्त्र पनि छ। पूर्वतयारी गर्ने तथा घटनालाई पहिले नै रोक्नेसम्मका संयन्त्र बनाइएको छ। तर कन्चनपुर घटनापछि त्यस्ता घटनामा राज्य अलि गम्भीर होलाभन्दा फेरि पोखरालगायतका स्थानमा पनि त्यस्तै प्रकृतिका घटना झन् दोहोरिएका छन्।

अनुसन्धानले कतिपय घटना पुष्टि हुन बाँकी छन्, तर आमजनतामा फेरि उस्तै प्रकृतिका घटना दोहोरिएकोले सन्त्रास फैलिरहेको छ। आमजनताले दबाबमूलक कार्यक्रम गर्दा उल्टै गोली खानुपर्ने अवस्था भैरहेकै अवस्थामा फेरि यस्ता घटना दोहोरिनुले आमनागरिकले सुरक्षाको प्रत्याभूति कहिले महसुस गर्ने हो ? किन राज्यले आफ्नो प्रशासन, कानुन र सुरक्षालाई मजबुत बनाउन नसकेको हो ? यो समय देशलाई सुशाशन र समृद्धिमा लैजानेबाहेक अरू कुनै उद्देश्य नभएकै समयमा यति धेरै समस्या आउँछन् भने नेपाली जनताले सुरक्षा, न्याय र कानुनी शासनका लागि कुन युग, कुन सरकार पर्खेर बस्नुपर्ने हो ?

देशभर बढिरहेको बलात्कारका घटनाका विषयमा सडकदेखि सदनसम्म जनआक्रोश बढेको छ। कन्चनपुरमा १३ वर्षीया निर्मला पन्तको बलात्कारपछि हत्या प्रकरणमा सरकारले गम्भीर ढंगले छानबिन नगरेको प्रकरण एक दृष्टान्त हो। उक्त घटनाप्रति राज्य गम्भीर हुन नसक्दा घटनाले अनपेक्षित मोड लिन पुग्यो। बालिका बलात्कारका घटनाको सत्यतथ्य छानबिन हुनुपर्ने माग चौतर्फी बढिरहेका बेला उक्त घटनामा प्रहरीको संवेदनशीलता नदेखिनु आपत्तिजनक कुरा हो। दोषीमाथि कारबाहीको माग गरी जनता सडकमा ओर्लिएपछि प्रहरीले गोली बर्सायो। सो घटनाप्रति प्रहरीले बेलैमा आवश्यक संवेदनशीलता नदेखाउँदा प्रहरीको कार्यक्षमतामाथि नै जनविश्वास गुम्न पुग्यो। दोषी पत्ता लगाउन नसकेको र जनतामाथि दमन गरेको भन्दै संसद्मा समेत प्रहरीको तीव्र आलोचना बढेको छ। स्थानीयहरूसमेत घटनाको अनुसन्धानमा प्रहरीको भूमिका शंकास्पद रहेको भन्दै आक्रोशित भएका छन्। प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर एक बालकले अनाहकमा ज्यान गुमाउन पुगे। स्थिति गम्भीर मोडमा पुगेको छ। स्थानीयले राज्यलाई दबाबस्वरूप प्रदर्शन व्यापक बनाएका छन्, प्रशासनले कर्फ्यु आदेश जारी गरेको छ। प्रहरीले अपराधी जोगाउन खोजेको आरोप चिर्न पनि प्रहरी प्रशासन सक्रिय र संवेदनशील बन्नै पर्छ।

*- सुरज चापागाईं, भक्तपुर।*

### सरकारी सम्पत्ति कहिलेसम्म दोहन ?

सधैं भ्रमण र विदेश शयरमा धेरैभन्दा धेरै सरकारी रकम उडाउने गरिएको छ। राष्ट्र र जनताको सेवामा समर्पित हुने मान्यताका साथ सरकारी कर्मचारीलाई राष्ट्रसेवकको संज्ञा दिइने गरिन्छ। तर, अधिकांश राष्ट्रसेवक कर्मचारीको चरित्र, व्यवहार र सेवाको स्तर हेर्ने हो भने तिनीहरूलाई राष्ट्रसेवक भन्न गाह्रो हुन्छ। नेपालका कर्मचारीबाट जनता अझैसम्म दिक्क छन्। सामान्य काममा समेत अनावश्यक झमेला गर्ने र ढिलासुस्ती गर्ने प्रवृत्तिमा पनि सुधार आउन सकेको छैन। यस्तो प्रवृत्तिले आमनागरिकले कर्मचारीप्रति विश्वास गर्न सक्ने आधार छैन।

अहिले पनि राज्यका महत्वपूर्ण निकायहरूमा भ्रष्टाचार गर्नेहरूकै हालिमुहाली छ। सरकारले सुशासन कायम गर्न सकिरहेको छैन। जबसम्म कर्मचारीहरू अवसरवादी प्रवृत्ति र आफ्नै स्वार्थमा केन्द्रित हुन्छन्, तबसम्म देशमा सुशासनको कल्पना गर्न सकिँदैन। समृद्ध नेपाल र सुखी नेपालीको दीर्घकालीन लक्ष्य पूरा गर्ने महत्वपूर्ण आधार कर्मचारीतन्त्र नै हो। तर, कर्मचारीतन्त्रको भ्रष्ट चरित्र, कामचोर संस्कृति र स्वार्थ प्रवृत्ति झनै बढेर गएको छ। विगत एक वर्षमा सरकारी कर्मचारीले गरेको विदेश भ्रमणबाट पनि उनीहरू कतिसम्म अवसरवादी र स्वार्थकेन्द्रित छन् भन्ने स्पष्ट हुन्छ।

अर्थ मन्त्रालयका अनुसार एक वर्षमा कर्मचारीहरूको युरोप, अस्ट्रेलिया, अमेरिकालगायत उत्तर अमेरिकी देशहरू, सार्क तथा दक्षिण-पूर्वी एसियाका देशहरूको भ्रमणमा मात्रै झन्डै २ अर्ब रुपियाँ खर्च भएको छ। जसमा विदेश भ्रमणमा जानेमध्ये ८५ प्रतिशत उच्चपदस्थ कर्मचारी रहेको देखिएको छ। एक वर्षयता विदेश सयर गर्नेमा ५ हजार ११ जनामध्ये अधिकृतदेखि सचिवसम्मका कर्मचारी मात्रै ८५ प्रतिशत अर्थात् ४ हजार २ सय ५८ जना छन्। विदेशमा हुने तालिमका लागि आफैंले आफ्नो नाम पठाउने, आफू र निकटका कर्मचारी मनोनयन गर्ने प्रवृत्ति छ। अधिकांश कर्मचारी डलरमा आकर्षक भत्ता आउने र घुम्न पनि पाइने लोभले विदेश भ्रमण गर्न लालायित हुने गरेका छन्।

प्रधानमन्त्री कार्यालयको तथ्यांकअनुसार सचिव तथा सहसचिव एकै वर्षमा चारपटकसम्म विदेश भ्रमणमा गएको देखिनुले कर्मचारीको मनोवृत्ति छर्लंग हुन्छ। कर्मचारीको अस्वाभाविक भ्रमणले मुलुकलाई कुनै प्रकारको फाइदा पुगेको देखिँदैन। सरकारले २०७२ सालमा सचिव एवम् विशिष्ट श्रेणीका पदाधिकारीको विदेश भ्रमणमा कडाइ गर्न विदेश भ्रमणसम्बन्धी निर्देशिका जारी गरेको थियो। तर, सो निर्देशिकाको उल्लंघन हुँदै आएको छ। यस विषयमा गम्भीर बन्नु जरुरी छ।

*- नन्दा ओली, पुल्चोक।*

## सामाजिक सञ्जाल



तिमीले 'डुबोस्' भनेर खोलामा धकेलिदिएका थियौ। म भने भूमरीमा फनफनी घुमेर जीवनको नृत्य सिकेर आएँ।

**Buddhisagar**
**@buddhisagar**



रत्न लाख मिल्यो, एक हृदयको 'धन' मिलेन
उदासी हरसमय, एक शान्तिको 'क्षण' मिलेन।
समयको परिवर्तन, जीवन ढल्न थालिसक्यो...
फर्की जाने त्यो आनन्दको 'बालापन' मिलेन।

**अनु झापाली**
**@anitasuji1**



अपराधीको जात, धर्म, लिङ्ग वा दल हुन्न। अपराधी अपराधी हो। त्यसलाई कुनै दलको विशेषण नजोडौं।

**Ramesh Kandel**
**@kandeldai**

२०७५, भदौ
बुधबार
१३

उनलाई नयाँ मुलुकी ऐनअनुसार सम्बन्धविच्छेद कसरी गर्ने भन्ने प्रक्रियाका बारेमा जानकारी नै भएन। न त नागरिक बडापत्रमै केही कुरा उल्लेख थियो।

# नेपाल



कोटेश्वरको जाममा नरिबल बेच्न हिँड्दै गरेका बिक्रेता। धेरैबेरसम्म हुने जामले गर्दा राम्रो व्यापार हुने उनी बताउँछन् ।
*तस्वीरः मोनिका मल्ल /काठमाडौं*

## राष्ट्रियसभामा ३ सभापति निर्विरोध

काठमाडौं, (नेस)

राष्ट्रियसभामा ३ वटा विषयगत समितिको सभापतिमा १/१ उम्मेदवारी परेको छ। मंगलबार भएको मनोनयनमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का ३ जना उम्मेदवारको मात्र मनोनयन भएको हो।

राष्ट्रियसभामा रहेका ४ वटा समितिमध्ये १ समिति नेपाली कांग्रेसका भागमा दिगो विकास तथा सुशासन समिति परेको छ। यो समितिमा कांग्रेसले तारादेवी भट्टलाई सभापति बनाउने सांसद् रमेशजंग रायमाझीले बताउनुभयो।

'उहाँ यो समितिमा हुनुहुन्न, अबको बैठकमा उहाँलाई समितिको सदस्यमा ल्याएर सभापति बनाइनेछ', रायमाझीले भन्नुभयो- 'अब १९ गते बैठक बस्छ, त्यो बैठकमा बाँकी प्रक्रिया हुन्छ।'

भट्ट राष्ट्रिय सरोकार तथा समन्वय समितिको सदस्य हुनुहुन्छ। भट्टले राष्ट्रियसभाको जेष्ठ सदस्यको हैसियतले अध्यक्षको चयन नहुँदासम्म बैठक सञ्चालन गर्नुभएको थियो। विधायन व्यवस्थापन समितिमा दिलकुमारी रावल थापा (पार्वती), प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा रामनारायण बिडारी, राष्ट्रिय सरोकार तथा समन्वय समितिमा परशुराम मेघी गुरुङ सभापति बन्नुभएको छ, तर औपचारिक घोषणा भने अर्को बैठकमा मात्र हुने भएको छ।

राष्ट्रियसभामा तत्कालीन नेकपा एमालेका २७, नेपाली कांग्रेसका १३, तत्कालीन नेकपा (माओवादी केन्द्र) का १२ , राष्ट्रिय जनता पार्टी (राजपा) का २, मधेसी जनाधिकार फोरम नेपालका २ र मनोनित ३ गरी ५९ सदस्य रहेका छन्। प्रतिनिधिसभामा रहेका १० वटा समितिको सभापतिको निर्वाचन आगामी आइतबार हुनेछ।

## सुनसहित भुटानी पक्राउ

काठमाडौं, (नेस)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भुटानतर्फ जान लागेका भुटानी नागरिक ताछिरिङ नामग्याललाई भन्सार छली अवैधरुपमा लैजान लागेको १ सय ५७.३२ ग्रामको सुनको प्याकेट १६ थानसहित सोमबार प्रहरीले पक्राउ गरेको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान होल्ड ब्यागेज चेकिङ एरियामा भन्सार छली अवैधरुपमा लैजान लागेको अवस्थामा उनलाई प्रहरीले फेला पारी पक्राउ गरेको हो।

उनलाई आवश्यक अनुसन्धान एवं कारबाहीका लागि प्रहरीले विमानस्थल भन्सार कार्यालय, गौचर पठाएको छ।

# 'जनतालाई निराश बनाउने तत्व सक्रिय'

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले जनतालाई निराश बनाउने तत्त्व सक्रिय रहेकाले यसप्रति सबै सजग हुन आवश्यक रहेको बताउनुभएको छ। नेपाल नगरपालिका संघको छैटौं अधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले व्यवस्थाबाट नागरिकलाई लाभ दिन नगर सरकारले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो।

उहाँले नगर सरकारको सक्रियताले नागरिकलाई आशा जगाउन सक्छ। हुन त सबै नगरपालिकाको अवस्था एउटै छैन, गाउँ क्षेत्रलाई पनि नगरपालिका बनाइएको छ, स्रोत, साधन र जनशक्तिका कोणबाट क्षमता एउटै नहुन सक्छ, तर उपलब्ध स्रोतको उच्चतम उपयोग गरेर जनतालाई आशावादी बनाउनुपर्ने बताउनुभयो।

कार्यक्रममा नगरपालिका संघ अधिवेशसन तयारी समितिका संयोजक एवं धुलिखेल नगरपालिकाका मेयर अशोक ब्याञ्जुले स्थानीय सेवा व्यवस्थापनमा अन्तरसरकार सम्बन्ध, कर्मचारी व्यवस्थापन र अपुग लगानीको व्यवस्थापनमा संघ र प्रदेश सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा प्रदेश नं. ३ का मुख्यमन्त्री एवं संघका अध्यक्ष डोरमणि पौडेल र वीरगन्ज नगरपालिकाकी उपप्रमुख शान्ति कार्कीलाई सम्मान गरिएको थियो। पौडेलले लामो समयसम्म संघलाई नेतृत्व दिएर स्थानीय स्वशासन प्रबर्द्धनमा योगदान पुऱ्याएबापत र कार्कीलाई नगरपालिकाका जेष्ठ सदस्यका रुपमा सम्मान गरिएको हो।

सोमबारबाट शुरू भएको सम्मेलन १४ गतेसम्म सञ्चालन हुनेछ। अधिवेशनमा संगठन विस्तार, सम्पन्न कामको समीक्षा, आगामी कार्यदिशा निर्धारणसँगै, कर प्रशासन, अन्तरसरकार समन्वय, सहकार्य र साझेदारिता, शहरी विकास, बस्ती विकास, सडक बोर्डको भूमिका र नगरपालिकासँगको सम्बन्ध, नगरपीलकाको संवैधानिक अधिकार र अधिकारको प्रयोग चुनौतीलगायतका विषयमा कार्यपत्र प्रस्तुति र छलफलबाट साझा धारणा निर्माण गरिनेछ। अधिवेशन बुधबार मध्याह्नसम्म विषयगत छलफलमा केन्द्रित हुने, त्यसपछि निर्वाचनका कार्यक्रम शुरू हुने जनाइएको छ।

## बिमस्टेकको मारमा शिक्षणसंस्था

काठमाडौं, (नेस)

भदौं १४ र १५ गते काठमाडौंमा आयोजना हुने बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) शिखर सम्मेलनमा २ दिन उपत्यकाका शिक्षण संस्था बन्द हुने भएका छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सूचना जारी गर्दै यस्तो निर्णय गरेको हो।

मन्त्रालयले नेपालसहित ७ मुलुकका सरकार प्रमुख र राष्ट्र प्रमुखको सहभागिता रहने सम्मेलनमा सहजता र सुरक्षाका लागि यस्तो निर्णय गरेको हो। संघीय मन्त्रालयले सूचना जारी गरेलगत्तै शिक्षा मन्त्रालयले सम्बन्धित निकायमा पत्र पठाएको हो। अधिकांश शिक्षण संस्थाले बुधबारदेखि नै शिक्षण संस्था बन्द गर्ने भएका छन्।

सरकारले आज बुधबारबाट ३ दिनसम्म जोर र बिजोर सवारीसाधन सञ्चालन गर्न पाइने जनाएपछि विद्यालयलाई समस्या पर्ने भन्दै आजैबाट विद्यालय बन्द गर्न लागेको हो। हिसानमा अध्यक्ष रमेश सिलवालले अधिकांश विद्यालय आज बुधबारबाटै बन्द हुने बताउनुभयो।

उहाँले भन्नुभयो- '१४ र १५ गते २ दिन त बन्द हुन्छ नै आज पनि जोर बिजोररुपमा सवारीसाधन सञ्चालन गर्ने भएपछि अधिकांश विद्यालय बन्द हुनेछन्।

प्याब्सनका वरिष्ठ उपाध्यक्ष डीके ढुंगानाले २ दिन विद्यालय बन्द हुने जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'सरकारले बन्द गर्नु भनेपछि के गर्ने ? बन्द गर्नैपऱ्यो।' सरकारले सबैभन्दा धेरै विद्यालयका सवारीसाधन सञ्चालन हुने भएकाले सबै शिक्षण संस्थाका सवारीसाधन सञ्चालनमा रोक लगाउनै बन्द गर्ने निर्णय गरेको हो। उपत्यकामा करिब ३ हजार विद्यालयका सवारीसाधन सञ्चालन हुने गरेका छन्।

# नयाँ मुलुकी ऐनबमोजिम छैनन् नागरिक बडापत्र

## सेवाग्राहीलाई सास्ती

प्रशान्त वली, काठमाडौं

भक्तपुरका सरोज थापा अनलाइन दर्ताका लागि भन्दै जिल्ला प्रशासन कार्यालय काठमाडौं पुग्नुभयो, एकछिन उहाँ अलमलिनुभयो। कुन ऐनअनुसार अनलाइन दर्ता हुन्छ भन्ने कुरा थाहै भएन। न त नागरिक बडापत्रमा उल्लेख गरिएको छ न त जिल्ला प्रशासन कार्यालय काठमाडौंका कर्मचारीलाई नै जानकारी छ। थापाले भन्नुभयो- 'म अनलाइन दर्ताका लागि सबै कागजात लगेर गएँ, तर कुन ऐनअनुसार दर्ता गर्ने अत्तोपत्तो भएन।'

काठमाडौं चोभारकी १ महिला सम्बन्धविच्छेदका लागि भन्दै काठमाडौं जिल्ला अदालत पुगिन्, तर उनलाई नयाँ मुलुकी ऐनअनुसार सम्बन्धविच्छेद कसरी गर्ने भन्ने प्रक्रियाका बारेमा जानकारी नै भएन। न त नागरिक बडापत्रमै केही कुरा उल्लेख थियो।

दाङ घोराहीका अमृत डाँगीले अंशवण्डा गर्नुपर्ने भयो। त्यसका लागि उनी जिल्ला प्रशासन कार्यालय दाङ त पुगे, तर अंशवण्डा गर्दा के-के कागजात चाहिन्छ उनलाई जानकारी भएन। न त जिल्ला प्रशासन कार्यालय दाङले संशोधित नागरिक बडापत्र टाँस्न भ्याएको छ।

सार्वजनिक निकायले उपलब्ध गराउने सेवा, लाग्ने समय, जिम्मेवार अधिकारी, प्रक्रिया र लाग्ने दस्तुर वा शुल्क आदिका बारेमा नागरिकलाई गर्ने प्रतिबद्धताको विवरण नै नागरिक बडापत्र हो।

नयाँ मुलुकी ऐनमा प्रमुख जिल्ला अधिकारीलाई अग्राधिकार दिइएको छ। सार्वजनिक शान्तिविरुद्धको कसूरअन्तर्गत गैरकानुनी भेला गर्न नहुने, भेला भएमा ६ महिनासम्म कैद र ५ हजार रुपियाँसम्म जरिवाना र हातहतियारसहित भेलामा सहभागी भए १ वर्षसम्म कैद वा १० हजारसम्म जरिवाना वा दुवै सजाय गर्ने अख्तियारी प्रमुख जिल्ला अधिकारीलाई दिइएको छ। गत भदौ १ देखि अपराधसंहिता र देवानीसंहिता कार्यान्वयनमा आएको हो।

यस्तै गैरकानुनी भेला रोक्ने वा भंग गर्ने आदेश उल्लंघन गर्नेलाई १ वर्षसम्म कैद वा १० हजारसम्म जरिवाना वा दुवै सजाय गर्ने, हुलदंगा गर्न उक्साउनेलाई हुलदंगा भइसकेको भए १ वर्षसम्म र भइनसकेको भए ६ महिनासम्म कैद वा ५ हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय गर्ने अख्तियारी दिइएको छ। सार्वजनिक शान्तिमा खलल पारे १ वर्षसम्म कैद वा १० हजार रुपियाँसम्म जरिवाना प्रमुख जिल्ला अधिकारीले गर्न सक्नेछन्। राष्ट्रसेवकलाई बाधा विरोध गरे १ वर्षसम्म कैद वा १० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्ने अख्तियारी पनि सीडीओलाई दिइएको छ।

नयाँ मुलुकी संहिता जारी भएको २ हप्ता पुग्दासमेत सम्बन्धित सरकारी कार्यालयले संशोधित नागरिक बडापत्र टाँसेका छैनन् भने ती कार्यालयले सेवाग्राहीले पाउनुपर्ने सबै प्रकृतिका सुविधा र समयावधिसमेत उल्लेख गरेका छैनन्। जसकारण सेवाग्राहीलाई सेवाप्रवाहमा अफ्ठेरो भएको देखिएको छ।

## पद्मकन्यामा एल्मुनाइ गठन

**नेपाल समाचारपत्र**

काठमाडौं

पद्मकन्या बहुमुखी क्याम्पसले पूर्वविद्यार्थी सम्मिलत पद्मकन्या बहुमसखी क्याम्पस एल्मुनाइ एसोसिएसन नेपाल गठन गरेको छ। क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनकी पूर्वसभापति महालक्ष्मी डीना उपाध्यायको अध्यक्षतामा गठित समितिमा १८ सदस्यीय एल्मुनाइ गठन गरेको हो।

एल्मुनाइको उपाध्यक्षमा रीना उप्रेती, महासचिवमा प्रतिमा गौतम, सचिवमा जमुना केसी र कोषाध्यक्षमा विनिता अधिकारी रहेका छन्। एल्मुनाइका सबै क्याम्पसका स्ववियु सभापति विभिन्न पदमा कार्यरत रहेका थिए । क्याम्पसले पत्रकार सम्मेलन आयोजना गरी एल्मुनाइ गठन गरेको जनाएको छ।

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर

**बोलपत्र अस्वीकृत गरिएको सूचना**

प्रकाशित मिति: [illegible]

यस कार्यालयबाट मिति [illegible] गतेको राष्ट्रिय दैनिक नेपाल समाचारपत्र मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम Invitation for Bids No.: 01/2075/76 4WD Double Cab Pick Up [illegible] E-Bidding [illegible] सार्वजनिक खरिद नियमावली [illegible] को नियम [illegible] बमोजिम बोलपत्र मूल्यांकन [illegible] सार्वजनिक खरिद ऐन [illegible] [illegible] जानकारी गराइन्छ ।

तपसिल:-

| S.N. | IFB No: | Quantity | Bidder's Name |
|---|---|---|---|
| 1. | Invitation for Bids No.: 01/2075/76 4WD Double Cab Pick Up | 1 Unit | MAW Vridhi Commercial Vehicles Pvt Ltd. |

सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा


**मेष** : नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**वृष** : द्रव्यलाभ, विविध प्राप्ति, उत्तम भोजन, पारिवारिक सुख।
**मिथुन** : सुख-सन्तोष, कार्य सफल, शारीरिक स्वस्थता।
**कर्कट** : राज्य सञ्चालकबाट भय, इज्जत-प्रतिष्ठामा धक्का।
**सिंह** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा।
**कन्या** : धन आर्जन, अधुरा कार्य पूरा, सम्मान, समस्या समाधान।
**तुला** : द्रव्य लाभ, शत्रु विजय, गौरव, सुख-सन्तोष।
**वृश्चिक** : वायुजन्य रोगको भय, कार्य अधुरो, शोक-सन्ताप।
**धनु** : पेट गडबड, दौडधुप, परिवारमा विवाद, अस्तव्यस्त।
**मकर** : द्रव्यलाभ, सम्मान, जागिर-व्यापारमा सफलता।
**कुम्भ** : धननाश, मानसिक चञ्चलता, खर्च, आँखामा समस्या।
**मीन** : खाद्यान्न, उपहारादि वस्तु प्राप्ति, भाग्योदय, कार्य सफल।



# प्रदेश-३



परिवारका सदस्य खाना खाइरहेका बेला श्रेष्ठ आरोमा चिरिन पुगेको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ।



नुवाकोटको बेलकोटगढी नगरपालिका वडा नं ७ रातमाटेको जरुवा बगरस्थित त्रिशूली नदीबाट घरेलु औजार प्रयोग गरी बालुवा निकाल्दै मजदुरहरू । 'हेभी उपकरण'को प्रयोग गरी नदी उत्खनन गर्न नपाइने कानुनी व्यवस्था कडा भएसँगै मजदुरको भने दिन फेरिएको छ, तर उचित ज्याला नपाएको मजदुर बताउँछन् ।
*तस्वीर : शालिकराम चालिसे, नुवाकोट*

## दोहोरो करले भूकम्पपीडित समस्यामा

**नेपाल समाचारपत्र**

धादिङ

अहिले धादिङ जिल्लाका साना खोला तथा त्रिशूली नदीका किनारमा बालुवा झिक्ने मजदुरको भीड नै लाग्ने गरेको छ।

धादिङको बैरेनी, बेल्खु, जिन्टेटार, आदमघाट, घाटबेंसी, गजुरीलगायतका क्षेत्रमा हजारौं मानिस भीड लागेर बालुवा झिकिरहेका छन्। जब नदीमा मेसिनको प्रयोग बन्द हुन्छ मजदुर पानीमा डुबेर बालुवा झिकेको दृश्य मेला लागेको जसरी देखिने गरेको घाटबेंसीकी मञ्जीला राइले बताउनुभयो।

गजुरी गाउँपालिकाको राई गाउँबाट मात्र बालुवा झिक्न ८० भन्दा बढी महिला पुरुष घाटबेंसी, बांगे, पोखरेखोला, बेल्खु, कोल्फुखोला जाने गरेको रामबहादुर राइको भनाइ छ। धादिङबाट मात्र नभई सल्यान, जाजरकोट, बर्दिया, काभ्रे, सिन्धुपाल्चोक, चितवनलगायतका जिल्लाबाट आएका मजदुरले बालुवा झिकेर जीविका चलाइरहेका छन्।

गत वर्षमा जेसीभी, एक्साभेटरलगायतका मेसिन प्रयोग गरी बालुवा निकालिँदै आएकोमा धादिङ र नुवाकोट प्रशासनले मेसिन प्रयोग गरेर बालुवा निकाल्न प्रतिबन्ध गरेपछि घरेलु औजार प्रयोग गरी मजदुरले बालुवा निकाल्ने गरेका हुन्। मजदुरले झिकेको बालुवाको मूल्य १२ हजार निर्धारण गरिएको छ। गाउँपालिकाले १ हजार रकमसहित प्रदूषण शुल्क र अन्य करसमेत लिने गरेको छ।

एकद्वार प्रणालीअन्तर्गत कर लिन माग गर्दै आएका जनता एउटै गाउँपालिकाले समेत २ रसिद प्रयोग गरेर एकै गाडीसँग फरक-फरक कर लिन थालेपछि उपभोक्ता समस्यामा परेको र जनताले थेग्नै नसक्ने कर लिँदा भूकम्प प्रभावितले समेत घर बनाउन नसकेको बालुवा खरिदकर्ता गणेश थापाको भनाइ छ। गजुरी गाउँपालिकाले प्रदूषण नियन्त्रण सेवा शुल्कको नाममा १ हजार र निकासी शुल्क कर भनेर २ हजार ३ सय ८५ रुपियाँ असुल गर्दै आएको छ।

उद्योगसँग असुल गर्नुपर्ने करसमेत गाउँपालिकाले उपभोक्तासँग असुल गर्ने गरेकाले प्रदूषण नियन्त्रण सेवा शुल्क खारेज हुनुपर्ने उपभोक्ता थापाको भनाइ छ।

गाउँपालिकाको मूल्यसँगै बाटो कर भनेर केही सीमित व्यक्तिले प्रतिटिप ५ हजार रुपियाँसम्म असुल गर्ने गर्दा उपभोक्ता मर्कामा छन् भने मजदुरलाई समेत नदी किनारबाट झिकिएको बालुवामा समेत केही व्यक्तिले रकम असुल गर्ने गरेको घाटबेंसीका एक मजदुरले बताउनुभयो।



## सहमतिपछि सिसडोलमा फोहोर फाल्न शुरू

**नेपाल समाचारपत्र**

नुवाकोट

काठमाडौंबाट फोहर बोकेर आएको ट्रिपरको ठक्करबाट ओखरपौवामा स्थानीयवासीको मृत्यु भएपछि सोमबार दिनभर अवरुद्ध भएको फोहोर बिर्सजन सहमतिपछि सोमबारै रातिबाट पुनः सुचारु भएको छ।

सोमबार बिहान काठमाडौंबाट फोहर बोकेर ककनी गाउँपालिका-१ ओखरपौवा सिसडोलतर्फ आउँदै गरेको बा२ख ६११८ नम्बरको ट्रिपरको ठक्करबाट पैदलयात्री कागती गाउँका ४५ वर्षीय पदम बलामीको मृत्यु भएपछि उचित क्षतिपूर्तिको माग गर्दै स्थानीयले दिनभरि प्रदर्शन गर्नुका साथै सडक र फोहोर फाल्न अवरुद्ध गरेका थिए।

मृतकको परिवारलाई २० लाख रुपियाँ क्षतिपूर्ति दिने सहमति भएपछि सडक र फोहोर फाल्न गरिएको अवरुद्ध हटेको हो। नुवाकोटको ककनी गाउँपालिकाका प्रमुख, उपप्रमुख, काठमाडौं महानगरपालिका र पीडित पक्षबीच भएको छलफलपछि राति २० लाख रुपियाँ क्षतिपूर्ति दिने सहमति भएको हो।

सहमतिअनुसार फोहर फाल्ने ठेक्का पाएको कम्पनीले १५ लाख रुपियाँ र कामपाले ५ लाख रुपियाँ क्षतिपूर्ति दिने सहमति भएको ककनी गाउँपालिकाका प्रमुख मानबहादुर लामाले बताए, तर पीडितपक्षले क्षतिपूर्तिस्वरुप ३० लाख रुपियाँ र मृतकको परिवारका १ सदस्यलाई रोजगारी दिनुपर्ने माग राख्दै सडक अवरुद्ध गरेका थिए ।

कामपाले पीडित परिवारलाई सोमबार राति नै ५० हजार रुपियाँ दिएको छ भने मंगलबार १ लाख गरी अन्य रकम ३५ दिनभित्र दिने सहमति भएको छ। साथै घटनामा संलग्न चालकको लापरबाहीका कारण दुर्घटना भएको भन्दै कानुनअनुसार हदैसम्मको कारबाहीका लागि पहल गर्ने सहमति भएको जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रमुख वसन्त कुँवरले बताउनुभयो।

## काठ मिलमा परेर बालकको मृत्यु

नुवाकोट, (नेस)

काठ मिलमा परेर विदुर नगरपालिका-४ बट्टार आँपघारीका ३ वर्षीय बालक सुमिङ श्रेष्ठको मृत्यु भएको छ।

परिवारका सदस्य खाना खाइरहेका बेला श्रेष्ठ आरोमा चिरिन पुगेको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ। श्रेष्ठको आफ्नै हजुरबुबा हिमालबहादुर श्रेष्ठले सञ्चालन गरेको काठ मिलमा परेर मृत्यु भएको हो।

## 'स्थानीय सरकार माइलस्टोन'

**नेपाल समाचारपत्र**

काभ्रे

प्रधानमन्त्री केपी शर्मा ओलीले स्थानीय सरकार माइलस्टोनका रुपमा रहेकाले केहीलाई सरकार भन्ने नै नपचेको बताएका छन्। नेपाल नगरपालिका संघको छैटौं राष्ट्रिय अधिवेशनको उद्घाटन सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले उक्त कुरा बताएका हुन्।

देशभरका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाको छाता संगठन संघको छैटौं अधिवेशन राजधानीको राष्ट्रिय सभागृहमा मंगलबारबाट शुरु भएको हो। उक्त अधिवेशनको उद्घाटन प्रधानमन्त्री ओलीले गरेका हुन्। सरकारले ६ महिनामा केही महत्त्वपूर्ण कार्य गरेको बताउँदै ओलीले नगरउन्मुख ग्रामीण क्षेत्र समेटिएको नगरको पूर्वाधार निर्माण गर्न बाँकी रहेको बताए। प्रधानमन्त्री ओलीले आधुनिक शहर निर्माण गर्ने असल चालक स्थानीय सरकारका प्रमुख भएकाले केन्द्र र प्रदेश सरकार स्थानीय सरकारका चालकसँग सहकार्य र प्राविधिक सहयोग गर्न तयार रहेको बताए।

'गाउँ-गाउँमा सरकार भन्ने कसै-कसैलाई मन परेको छैन, सरकार भनेको ठालु प्रवृत्तिको मानसिकतालाई मात्रै मान्नेहरूले स्थानीय सरकारलाई हेप्ने गरेका छन्', प्रधानमन्त्री ओलीले भने- 'स्थानीय सरकारका उपप्रमुखहरूलाई न्यायिक समितिको समेत जिम्मेवारी छ, ठालुहरूले महिला पनि न्यायाधीश हुन सक्छन् र ? भनेर हेप्ने गरेका छन्।' स्थानीय सरकारलाई जनसरकारका रुपमा विकास गरिनुपर्ने बताउँदै प्रधानमन्त्री ओलीले नयाँ अभ्यास भएकाले सबै चिज नमिलेको हुन सक्ने स्पष्ट पारे। असोज ३ गतेभित्र सबै कानुन निर्माण गरिसक्ने बताउँदै प्रधानमन्त्री ओलीले प्रदेशका लागि नमुना कानुन बनाउने, सुशासन र विकासका लागि केन्द्रित हुँदै कर्मचारी समायोजन, नीति कार्यक्रम र बजेट तयार गरिरहँदा हौवा फैलाएको बताए।

'त्यान्द्रो समातेर राजनीति गर्ने क्रमलाई जति उचाले पनि केही हुँदैन', उत्पादन र उत्पादकत्व बढाउन, रोजगारका श्रेत्र बढाउने क्षेत्रमा लगानी गर्न आह्वान गर्दछु' -उनले भने। जनप्रतिनिधिको प्रोटोकल केही दिनमै परिवर्तन हुने बताउँदै प्रधानमन्त्री ओलीले करको कुरा बुझाउन ढिला नगर्न अनुरोध गरे। स्थानीय सरकारले लगाएको करले केन्द्र सरकारको आलोचना भएको छ, तर कर हल्ला भएजस्तो नबढेको प्रधानमन्त्रीले बताए। संघका संयोजक अशोक ब्याञ्जुको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेश नम्बर ३ का मुख्य मन्त्री डोरमणि पौड्यालले अधिकार सम्पन्न भएका स्थानीय सरकार निर्देशित नभई एकअर्काका परिपूरक भएको बताए। संविधान जारीपछि लामो समयसम्म कानुन नबनाउँदा प्रदेश सरकारले काम गर्न नसकेको मुख्य मन्त्री पौड्यालले भने। कर्मचारी अभाव भएको बताउँदै मुख्यमन्त्री पौड्यालले चक्र उल्टो घुमेकाले समस्या भएको बताए।

कार्यक्रममा नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले करको दर नभई दायरा बढाउनु पर्ने बताए। राजपा नेपालका महामन्त्री जितेन्द्र सोनालले मधेस र पहाडमा विभेद भएको बताए। कार्यक्रममा काठमाडौं महानगरपालिका प्रमुख विद्यासुन्दर शाक्य, जिल्ला समन्वय समिति महासंघका अध्यक्ष शान्ति सुन्दास, गाविस महासंघका अध्यक्ष होमनारायण श्रेष्ठ, नेपाल नगरपालिका संघका कार्यकारी सचिव कलानिधि देवकोटालगायतले २०५० सालमा स्थापना भएको संघले गरेका मुख्य-मुख्य कामका बारेमा जानकारी गराएका थिए। सोही अवसरमा संघको देशभरका नगरपालिकाको विवरण भएको एप्स प्रधानमन्त्री ओलीले सार्वजनिक गरेका थिए।

अधिवेशनको बन्द सत्रले प्रदेशअनुसारका विधान तयार गरी नयाँ नेतृत्व चयन गर्ने संयोजक ब्याञ्जुले जानकारी दिए। ब्याञ्जु २०५४ सालको स्थानीय निकायको निर्वाचनमा धुलिखेल नगरपालिकाको उपप्रमुख भई संघको उपाध्यक्षमा निर्वाचित भएका थिए। उपाध्यक्ष हुँदै ब्याञ्जु धुलिखेल नगरपालिकाको प्रमुखमा निर्वाचित भएपछि संयोजक भएका हुन्। विश्वका विभिन्न देशको भ्रमण गरी नेपालका नगरपालिकाको विकास र समृद्धिका लागि मुख्य भूमिका खेलेका ब्याञ्जु अध्यक्षका प्रतिस्पर्धी हुन्।

## लोपोन्मुख वनकरियालाई प्रदेश सरकारको आवास

**नेपाल समाचारपत्र**

हेटौंडा

मकवानपुरको मनहरि गाउँपालिका-४, मुसेधापमा मात्र बस्दै आएका देशकै लोपोन्मुख जाति वनकरियालाई प्रदेश-३ सरकारले व्यवस्थित घर बनाइदिने भएको छ।

प्रदेश मुख्यमन्त्री डोरमणि पौडेलले शनिबार मुसेधापमा वनकरिया बस्ती अवलोकनपछि उनीहरूलाई मनहरि गाउँपालिकाकै कुनै व्यवस्थित स्थानमा सार्ने आश्वासन दिनुभएको हो। वनकरियाका लागि राम्रो घर, खेलमैदान, विद्यालय, खानेपानी र बिजुली आदिको सुविधासहित घर निर्माण गरिने उहाँले आश्वासन दिनुभयो।

वनकरिया जातिका लागि छुट्टै बस्ती बसाउन प्रदेश सरकार तयार रहेको मुख्यमन्त्री पौडेलले बताउनुभयो। प्रदेश सरकारले गाउँपालिकाले खोजेको मनहरि-६, जोगीताल सुनाचुरी क्षेत्रको जग्गामा एकीकृत बस्ती निर्माण गरेर उनीहरूलाई राख्ने तयारी थालिएको हो।

प्रदेश सरकारले एकीकृत बस्ती निर्माणका लागि यस वर्षको बजेटमा रकम छुट्याएको छ। वनकरियाले घर निर्माण गरिदिएमा जंगलको बस्ती छाडी एकीकृत बस्तीमा बस्ने इच्छा जनाएका छन्। वनकरियालाई एकीकृत बस्तीमा के कसरी राख्न सकिन्छ भन्ने विषयमा अवलोकन गर्न मुख्यमन्त्री पौडेल बस्ती पुग्नुभएको हो।



वनकरिया जाति मकवानपुरमा बसोबास गर्ने लोपोन्मुख जाति हो। झट्ट हेर्दा चेपाङजस्ता होचा रुपरंग शैली र रीतिरिवाजसमेत उस्तै भएका उनीहरू हाँडीखोलाको ट्वांग्रामा सामान्य घरबार बनाएर बसोबास गर्दछन्।

गाउँमा बस्नुअघि उनीहरू चुरेघाँचमा बस्दथे भने उनीहरूलाई वनकरियाको नाममा नागरिकता प्रदान गरिएको छ। गणतन्त्र स्थापनापछि सरकारले वनकरियासहित १० लोपोन्मुख जातिलाई मूलधारमा ल्याउने उद्देश्यले मासिक २ हजार भत्ता उपलब्ध गराउँदै आएको छ। उनीहरू हाल १८ घरधुरीमा ७९ जना जति रहेको अनुमान छ।

हाँडीखोलाका वनकरियामध्ये ४ जनाले वनकरिया भाषा बोलेको भाषाविज्ञानका प्राध्यापक दानराज रेग्मीले प्रकाशमा ल्याएपछि उक्त कुरा नेपाल राजपत्रको बुलेटिनमा २००८ नोभेम्बर ८ मा प्रकाशन भएको थियो। आदिवासी वनकरिया जातिले मादल, मुरली, ढ्यांग्रो, ढोलक लामो समयदेखि आफ्नो संस्कृतिका रुपमा अवलम्बन गर्दै आएका छन्।

तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई एक साँझ वनकरिया बस्तीमा बास बस्नुभएको थियो। उहाँ स्थानीय सोमलाल वनकरियाको घरमा बास बस्नुभएको थियो। उहाँले वनकरियाकै घरको भुइँमा पलेंटी कँसेर पातमा खाना खानुभएको थियो।

स्थानीयसँगको अन्तर्क्रियामा डा. भट्टराईले जनताआवास कार्यक्रमअन्तर्गत घर निर्माण गर्न र लालपुर्जा उपलब्ध गराउन तत्काल पहल गर्ने बताउनुभएको थियो। डा. भट्टराईले आफू बसेको घरका मालिक सोमलाल वनकरियालाई १० हजार रुपियाँ नगद र २ वटा ब्ल्यांकेट उपहारस्वरुप दिनुभएको थियो।

जंगलमा नै जन्मे हुर्केका लोपोन्मुख वनकरिया २ दशकदेखि मुसेधापमा कतरे छाप्रा हालेर बस्दै आएका छन्। जंगलमा फिरन्ते जीवन बिताउँदै आएका वनकरियालाई जिल्ला वन कार्यालय मकवानपुरले कबुलियती वन समूहअन्तर्गत ९ हेक्टर जमिन उपलब्ध गराएको थियो। त्यही जमिनमा उनीहरू छाप्रो बनाएर बसेका छन्। वन कार्यालयले दिएको जमिनमा उनीहरू खनीखोस्री पेट भर्ने काम गर्दै आएका छन्।

सरकारले वनकरिया समुदायलाई जनता आवास कार्यक्रमअन्तर्गत घर निर्माण गर्न आर्थिक वर्ष २०६८/०६९ देखि बजेट विनियोजन गर्दै आएको छ, तर उनीहरूको स्वामित्वमा जमिन नभएकाले घर बनाउन नसकेकाले रकम फ्रिज हुँदै आएको छ।

## सालकको खपटासहित एक पक्राउ

दोलखा, (नेस)

पछिल्लो केही समययता जिल्ला प्रहरी कार्यालय दोलखाले वन्यजन्तुको आखेटोपहार तस्करीमा संलग्नलाई धमाधम पक्राउ गर्न थालेको छ। प्रहरी नायब उपरीक्षक वासुदेव पाठकले जिल्लामा हुने गरेका चोरी, विभिन्न आपराधिक गतिविधि र तस्करीलाई न्यूनीकरण गर्न विशेष टोली बनाएर काम शुरु गरेपछि अहिले त्यस्ता गतिविधिमा संलग्न धमाधम पक्राउ पर्न थालेका छन्।

सोमबार जिल्ला प्रहरी कार्यालय दोलखाले वन्यजन्तुको आखेटोपहार (सालकको खपटा) सहित एक जनालाई पक्राउ गरेको छ। प्रतिबन्धित आखेटोपहार बिक्रीवितरण गर्न लागेको अवस्थामा दोलखा भीमेश्वर नगरपालिका वडा नम्बर ६ का ५३ वर्षीय होमबहादुर थापालाई प्रहरीको विशेष टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायब उपरीक्षक वासुदेव पाठकले बताए। उनलाई भीमेश्वर नगरपालिका वडा नम्बर ७ भुलभुलेबाट पक्राउ गरिएको हो।

उनको साथबाट सालकको पुच्छर, नंग्रा, छालासहित २७ इन्च लम्बाइ, ९ इन्च चौडाइ भएको ३ सय ८० ग्रामको आखेटोपहार (सालकको खपटा) बरामद गरिएको प्रहरी नायब उपरीक्षक पाठकले बताए। थापाले ३ वर्षअघि नै सालकलाई मारेर राखेको बयानबाट खुलेको प्रहरी नायब उपरीक्षक पाठकले बताए। पक्राउ परेका थापालाई आवश्यक अनुसनधानपछि अखेटोपारसहित डिभिजन वन कार्यालय चरिकोटमा बुझाइने प्रहरीले जनाएको छ।



## एक हजारभन्दा बढीलाई उपचार

रसुवा, (नेस)

रसुवा गोसाइँकुण्ड गएका यात्रुभध्ये १ हजारभन्दा बढी भक्तजनलाई लेक लाग्ने समयमा आएको तथ्यांक सार्वजनिक भएको छ।

गोसाइँकुण्ड क्षेत्र विकास समितिका अध्यक्ष सञ्जीव डीएमका अनुसार लौरीविनायकभन्दा माथिका भूभागमा १ हजार ४ सय ३६ जनालाई लेक लाग्ने समस्या आएको र तीमध्ये ६० जना गम्भीर बिरामी भई गोसाइँकुण्डमा हिमालय उद्धार संघले उपचार गरेका थिए भने १ सय जनाभन्दा बढीलाई उक्त संघले अक्सिजन प्रयोग गर्नुपरेको थियो।

यस्तै लाङटाङ राष्ट्रिय निकुञ्जको सुरक्षामा तैनाथ नेपाली सेना कालीजंग गणले लेक लागेर बिरामी परेका ८ जनालाई लौरीविनायकदेखि बोकेर तल झारेको र धुन्चे अस्पताल पुर्‍याएको बताइएको छ। नेपाली सेनाले भने ४ हजार १ सय ८४ जनालाई प्राथमिक उपचार गरेको कालीजंग गणले जनाएको छ। यस वर्ष ९ र १० गते वर्षा नहुँदा यात्रुलाई उकालो चढ्न र फर्किन सहज भएको यात्रुहरूले बताए। उकालो जाँदा लेक लाग्ने ठाउँमा भक्तजनले भाङ सेवन गरेको पाइएकाले त्यस्ता कार्य निरुत्साहित गराउन चिकित्सकले सुझाव दिएका छन्। हिमालय उद्धार संघले समग्रमा ४ सय ३६ जनालाई उपचार र पाटनस्थित अक्सपोट युनिभर्सिटी स्वास्थ्य विज्ञान प्रतिष्ठानले लौरीविनायकबाट ५ सय जनालाई परामर्श सेवा प्रदान गरेको बताइएको छ।

सप्तकोशी नदीको पानी गाउँ पसेपछि सोमबार राति सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका २ वटा वडा डुबानमा परेका छन्।

# नेपाल

# फ्रेस हाउसको ब्यानरमा कुहिएको मासु

विजय नेपाली, पोखरा

पोखराका मासु प्रोडक्ट, उत्पादन कम्पनी तथा फ्रेस हाउसहरूले आम सर्वसाधारणको स्वास्थ्यको ख्यालै नगरी पैसा कमाउने नाममा सडेको र फोहोर मासु बेच्दै आएको भेटिएको छ।

पोखरा महानगरभित्र केही फ्रेस हाउस तथा मासु सप्लायर्सले मासु बिक्री गर्दा कुहिएको, फोहोर खानयोग्य नभएको मासु बजारमा पठाउने गरेको र मुख्य गरी ससेज तथा मिट प्रडक्ट बनाउन कुहिएको मासु प्रयोग भएको पाइएको छ। जिल्ला अनुगमन समिति कास्कीले पोखराका विभिन्न मासु सप्लायर्स तथा फ्रेस हाउसमा अनुगमन गर्दा यस्तो भेटिएको हो।



फेमिली मिट प्रोडक्टबाट नष्ट गर्न निकाल्दै गरिएको कुहिएको मासु।

अनुगमनका क्रममा भ्याली फ्रेस हाउस एन्ड सप्लायर्स र फेमिली मिट प्रोडक्टमा सिलबन्दीसमेत गरिएको थियो। भ्याली फ्रेस हाउसमा खसीबोकाको खुट्टा तथा ४० किलोभन्दा बढी मासु कुहिएको भेटिएको थियो। उक्त मासु फेमिली सप्लायर्सबाट ल्याउने थाहा पाएपश्चात् फेमिली सप्लायर्समा अनुगमन गर्ने क्रममा कुहिएको तथा अति दुर्गन्धित मासु कोल्ड स्टोरमा भण्डारण गरेर राखेको अवस्थामा भेटिएको थियो। फेमिली मिट प्रोडक्टबाट करिब १ हजार किलोभन्दा बढी कुहिएको र सिनोजस्तै गहनाएको मासु नष्ट गरिएको थियो। त्यस्तै मचिल फुड प्रोडक्टलाई अनुमतिबिना सञ्चालन गरेको भन्दै कारबाहीका लागि बोलाइएको छ।

पोखरा महानगरपालिका १७ बिरैटामा रहेको फिस्टेल कोल्ड स्टोरमा पनि ससेज बनाउन फोहर मासु प्रयोग गरिएको भेटिएको छ। फिस्टेलमा बफ मिट ५ केजीको १४ प्याकेट, ससेज चिकेन ३२ प्याकेट, प्राउन १९ प्याकेट, बफ किमा ११ प्याकेट, चिकेन ट्रिमिङ १५ प्याकेट र चिकेन किमा २९ प्याकेट फोहोर मासु भेटिएको हो।

अनुगमनपछि एक हप्ताभित्र पूरा स्टोर सफा गरी २४ घन्टाभित्र स्टोर सञ्चालनको दर्तासहितको सम्पूर्ण कागजात जिल्ला प्रशासन कार्यालयमा ल्याउन निर्देशन दिइएको छ। उक्त स्टोरमा अनुगमन गर्ने क्रममा ससेज बनाउन प्रयोग गरिने मासु फोहोर तथा उत्पादन भएको ससेजमा ट्याग नभेटिएको उपभोग्य मिति नराखिएको र स्टोरमा मासु राख्ने ठाउँको फलाममा पूर्णरूपमा खिया लागेको भिटिएपछि उक्त निर्देशन दिइएको हो। त्यस्तै फेवा मिट प्रोडक्ट प्रालिमा समेत उपभोग्य मिति सकिएको मासु तथा प्रोडक्ट भेटिएको छ।

अनुगमनको क्रममा भेटिएको मासु अखाद्य रहेको र पूर्णरूपमा बिग्रेको सहायक प्रमुख जिल्ला अधिकारी गांगाबहादुर क्षत्रीले जानकारी दिए। उनले कोल्ड स्टोरमा राखेको मासु नै बिग्रेको भेटिएको बताए। 'ससेज बनाउन प्रयोग गरिने मासु निकै अनुत्पादित रहेछ, पैसा कमाउने नाउँमा जनताको स्वास्थप्रति नसोची व्यवसाय गर्न मिल्दैन, यो सरासर गलत हो।' -क्षत्रीले भने।

जिल्ला अनुसन्धान कार्यालयका उपनिर्देशक भूमिराज पाठकले ससेज बनाउनका लागि प्रयोग गरेको मासु कुहिएको बताए। कोल्ड स्टोरमा राखिने मासु अखाद्य हुँदा जनताको स्वाथ्यमा ठूलो असर पर्ने उनले बताए। मासु ज्यादा मात्रामा अखाद्य तथा बिग्रेको भेटिएको पाठकले जानकारी दिए। पोखरा फिस्टेल कोल्ड स्टोरबाट लागभग ५ सय किलो अशुद्ध मासु नष्ट गरिएको र फेवा मिट प्रोडक्टबाट १ सय किलो चिकेन मिट तथा प्रोडक्ट नष्ट गरिएको जानकारी उनले दिए। मासु तथा खाद्य राख्ने स्टोरमा फलामका भाँडाहरू राखिएको तार खिया लाग्ने ठाउँमा यसरी खाद्यान राख्न नहुने पाठको भनाई छ। फिस्टेल कोल्ड स्टोरले बिक्री गर्दै आएको खाध्यन्नमा ब्याच नम्बरसमेत भेटिएको छैन।

भेटनरी अस्पताल तथा पशुविज्ञ केन्द्र प्रमुख पुरुषोत्तम त्रिपाठीले प्रयोगै गर्न नमिल्ने कालो मासुलाई पनि ससेज बनाउनका लागि प्रयोग गरिएको बताए। उनले उक्त मासु खानका लागि योग्य नभएको तर पोखरा फिस्टेलले प्रयोगमा ल्याएको बताए।

उक्त कोल्ड स्टोरमा भैंसी, कुखुरा र बंगुरलगायतका जनावरको मासु एकैठाउँमा राखिएको पाइएको हो। सबै जनावरको मासुलाई एकैठाउँमा राख्दा कुनै पनि जनावरको शुद्ध मासु नभेटिने पुरुषोत्तम त्रिपाठीले बताए।

## इनोभेसन कक्षाको उद्घाटन

स्याङ्जा, (नेस)

स्मार्ट वालिङको निर्माणमा अगाडि बढेको वालिङमा इनोभेसन कक्षासमेत सुचारु भएको छ। स्मार्ट वालिङका विभिन्न १९ सुचकमध्ये इनोभसन पनि एक सूचक हो। नेपाललाई उच्च प्रविधि हस्तान्तरण गर्ने उद्देश्यले नगरपालिकामै इनोभेसनको कक्षा सुचारु गरिएको नगरप्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो। प्रमुख खाँणले विभिन्न किसिमका दक्ष जनशक्ति स्थानीयस्तरमै उत्पादन गर्ने उद्देश्यले यसको कक्षा शुरू गरेको जानकारी दिनुभयो।

पहिलो चरणमा नगरपालिकाका ३ वडाका १० विद्यालयका ५/५ जना विद्यार्थीका दरले ५० जना विद्यार्थीलाई प्रशिक्षण शुरू गरिएका छ। वडा नं. ८, ९ र १० का १० विद्यालयबट ५० जनालाई १ वर्षको प्रशिक्षण दिने र विद्यार्थीलाई १ वर्षे कोर्षमा ६ महिना सैद्धान्तिक र ६ महिना प्रयोगात्मक प्रशिक्षण दिइने प्रमुख खाँणको भनाइ छ।

इनोभेसन कक्षाको उद्घाटन गर्दै प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले जिल्लामै वालिङ स्मार्ट भिजनका साथ स्मार्ट वालिङ निर्माणमा अगाडि बढिरहेको भन्दै यसलाई उचाइमा पुर्‍याउन जनप्रतिनिधिसँगै स्थानीयसमेत क्रियाशील हुनुपर्ने बताउनुभयो। कार्यक्रममा सल्लाहकार भोजराज अर्याल र लालचन्द्र गैरे वडा अध्यक्षहरू ८ नम्बरका कमल पंगेनी, १० का अनन्तराज गैरे र ११ का वसन्तकुमार मल्ल, डा. पवमान सुवेदीलगायतले वालिङलाई छिट्टै स्मार्ट बनाउनका लागि सबै उत्तिकै जिम्मेवार रहने बताउनुभयो। वालिङ नगर प्रमुख दिलीपप्रताप खाँणको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपप्रमुख कल्पना तिवारी र सञ्चालन प्रमुख प्रशासकीय अधिकृत भीमकान्त पौडेलले गर्नुभएको थियो।

# स्थानीयद्वारा नगरपालिकाको कार्यालयमा तालाबन्दी

इन्द्र गिरी, संखुवासभा

संखुवासभाको मादी नगरपालिकाको कार्यालयमा स्थानियबासीले तालाबन्दी गरेका छन्। ओखरबोटे मुलखर्क मंगलबारे सडक निर्माणका लागि आम उपभोक्तालाई थाहै नदिई सडक निर्माण समिति गठन गरेको भन्दै स्थानीयबासीले आज नगरपालिकामा तालाबन्दी गरेका हुन्।

सडक निर्माण समिति गठनको विरोधमा नगरपालिकामा तालबन्दीपछि आज दिनभर नगरपालिकाको काम प्रभावित भएको छ। नगरपालिकाका प्रमुखलगायतको मिलेमतोमा समिति गठन गरिएको स्थानीय सडक उपभोक्ताहरूको आरोप छ।

नगरपालिकाले कसैलाई थाहानै नदिई उपभोक्ता समिति गठन गरिएको र आम उपभोक्ताको भेलाबाट सडक निर्माण समिति गठन गर्नुपर्ने माग राख्दै उपभोक्ताले मादी नगरपालिकाको कार्यालयमा ताला बन्दी गरेका स्थानीय रामकुमार जिमीले बताउनुभयो। उहाले नगरपालिकाबाट गोप्यरूपमा एकलौटी सडक निर्माण समिति गठन गरिएकोमा स्थानीयवबासीले आक्रोशित रहेका र नगरबाट सञ्चालित सडक निर्माणका योजनाहरू दलीय भागवण्डा गरी बाँडफाँड गर्न शुरू गरेको आरोप लगाउनुभयो।

मादी नगरपालीकाबाट यही भदौ ९ गते कसैलाई जानकारी नदिई गठन गरिएको उपभोक्ता समिति खारेज गरी आम उपभोक्ताको भेलाबाट समिति चयन नगरेसम्म तालाबन्दी जारी रहने स्थानीयबासीले बताएका छन्। नगरपालिकाबाट यस आर्थिक वर्षमा ओखरबोटे मुलखर्क मंगलबारे १८ किलोमिटर सडकस्तर उन्नतिका लागि ५४ लाख रुपियाँ बजेट विनियोजन गरेको थियो।

यसैबीच मादी नगरपालिकाबाट यस आर्थिक वर्षमा ४ वटा सडकस्तर उन्नतिका लागि बजेट विनियोजन गरिएको र ओखरबोटे मुलखर्क मंगलबारे सडक, ओखरबोटे छहरे मावादिन सडक, ओखरबोटे बाघा फाविङ नुनढाकी सडक र आहाले उम्लिङ सडक निर्माणमा उपभोक्ता समिति गठनमा कसैलाई थाहै नदिई गोप्यरूपमा समिति गठन गरिएकोमा नेपाली कांग्रेसले एक विज्ञप्ति प्रकाशित गर्दै विरोध जनाएको छ।

# न्वारनकै दिन छोरीको हत्या

गोरखा, (नेस)

गोरखामा न्वारन गरेकै राति बेपत्ता भएकी बालिकालाई आफ्नै आमाले मारेको खुलासा भएको छ। गोरखाको सिरान्चोक गाउँपालिका-२ खमारीमा गत बिहीबार न्वारन गरेका सबल र रश्मी भण्डारीकी ११ दिनकी छोरी हराएकी थिइन्। रश्मीले बिहीबार राति शौचालय जाने निहुँ पारेर छोरीको हत्या गरेको प्रहरी अनुसन्धानपछि खुलेको छ।



बालिका बेपत्ता भएको खबर पाएलगत्तै प्रहरीले उनका बाबु, आमा, हजुरआमालगायत परिवारका सदस्यहरूलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको थियो। घटनाको अनुसन्धनापछि गोरखा प्रहरीले मंगलबार उनकै आमाले मारेको पुष्टि गरेको हो। छोरीकी हत्यारा आमालाई मंगलबार गोरखा प्रहरीले सार्वजनिकसमेत गरेको छ।

'धेरै अनुसन्धानपछि उनले आफैंले छोरी मारेको भनेर स्वीकारिन्', गोरखा प्रहरी कार्यालयका एसपी विमल बस्नेतले भने- 'उनैले भनेअनुसार खोज्दा बच्चीलाई घरपछाडि मुला रोपेको बारीमा खाल्डोभित्र कपडामा बेरी बोरामा हालेर पातले छोपेको अवस्थामा भेटियो।'

छोरी हराएको नाटक

यसअघि उनै रश्मीले आफ्नी छोरी हराएको भनेर गत बिहीबार राति १२ बजे नै गाउँलेलाई जानकारी गराएकी थिइन्। 'छोरीलाई खाल्डोमा हालेर आइछ र मेरो नानी खै भन्दै सासूलाई भनेकी रहिछ', स्थानीय सुशीला भण्डारीले भनिन्- 'घरको मूल ओछ्यानमा बुहारी, मझेरीमा सासू सुतेका रहेछन्। १२ बजे सासु ब्युँझिँदा छोरी बोकेर बुहारी यता-उता हिँडेको देखेपछि के गरेको छोरीलाई सुताइदे भनेर सासुले कराइछन्। त्यसपछि छोरीलाई सुताएर ममी म ट्वाइलेट गएर आउँछु भनेर गइछ। त्यै बेला खाडल खनेर आइछ र कति बेला आएर छोरीलाई लगेर पुरिछ।' बच्चाकी आमाबाबुले अन्तरजातीय विवाह गरेका हुन्। रश्मी गुरुङकी छोरी हुन् भने सबल क्षत्री हुन्।

# ४८ वर्षीय पुरुष बलात्कार अभियोगमा पक्राउ

नेपाल समाचारपत्र

रोल्पा

बलात्कारका अधिकांश घटनामा युवाहरूको संलग्नता देखिए पनि रोल्पामा भने एक वृद्ध बलात्कारको घटनामा पक्राउ परेका छन्। रोल्पा माडी गाउँपालिका-२ घर्तीगाउँका ४८ वर्षीय वीरबल बूढामगर आफ्नै उमेरकी छिमेकी एक महिलालाई बलात्कार गरेको आरोपमा पक्राउ परेका हुन्।

रोल्पाको घर्तीगाउँका एक पुरुषले आफ्नो श्रीमतीलाई छिमेकीले बलात्कार गरेको भन्दै प्रहरीमा उजुरी दिएपछि यस्तो रहस्य खुलेको हो। पश्चिम रोल्पाको माडी गाउँपालिका-२ घर्तीगाउँका ती पुरुषले श्रीमतीलाई आफ्नै छिमेकी ४८ वर्षीय वीरबल बुढामगरले बलात्कार गरेको आरोप लगाउँदै प्रहरीमा उजुरी दिएका हुन्।

निवेदकको मागबमोजिम आरोपित बुढालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान प्रक्रियाअगाडि बढाएको इलाका प्रहरी कार्यालय घर्तीगाउँले पुष्टि गरेको छ। आरोपितलाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय रोल्पामा पेस गरेको इलाका प्रहरी कार्यालय घर्तीगाउँले जानकारी दिएको छ।

जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका आरोपितलाई अदालतको आदेशअनुसार थप अनुसन्धानका लागि १५ दिनको म्याद थपिएको प्रहरी प्रवक्ता सुदर्शन पन्थीले जानकारी दिए। 'आरोपितमाथि लागेका अभियोगका बारेमा सत्यतथ्य पत्ता लगाउन अनुसन्धान भइरहेको छ।' -प्रवक्ता पन्थीले भने।

# दुई वटा वडा डुबानमा

शिवहरि भट्टराई, राजविराज

सप्तकोशी नदीको पानी गाउँ पसेपछि सोमबार राति सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका २ वटा वडा डुबानमा परेका छन्।

हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ८ र १२ का करिब १ सय २५ घर डुबानमा परेको इलाका प्रहरी कार्यालय हनुमाननगरले जनाएको छ। राति करिब ८ बजे पसेको पानीले नगरपालिका कार्यालय र लिलजा ठाकुर प्राथमिक विद्यालयसमेत डुबानमा परेको प्रहरीले जनाएको छ।

भारतले कोशी ब्यारेजभन्दा मुनि पाइलट च्यानल बनाएर पानी पश्चिमतर्फ फर्काइदिएका कारण सामान्य अवस्थामै पानी गाउँ पसेको स्थानीले जनाएका छन्। बाँध निर्माण भइसकेपछि सोमबार च्यानलको प्रयोग गरेर भारतीय अधिकारीहरूले आफूखुसी पानी पश्चिमतर्फ फर्काएको उनीहरूको आरोप छ।

सप्तरीका डीएसपी भावेश रिमालले पनि पानीको बहाव बढेर वा बाँध भत्किएर पानी पसेको नभई कोशी ब्यारेजभन्दा मुनितिर भएको च्यानलकै कारण पानी गाउँ पसेको जनाए। 'गाउँमा पानी पस्दा कोशीको बहाव १ लाख ७० हजार क्युसेक मात्रै थियो', रिमाल भन्छन्- 'यसअघि अढाइदेखि ३ लाख क्युसेक कोशीको बहावमा पनि नपसेको पानी समान्य अवस्थामै गाउँ पस्यो।'

गाउँमा पानी पसेर डुबानमा परेका घर-परिवारलाई राति नै सुरक्षित गरिएको रिमालले जानकारी दिए। मंगलबार बिहानसम्म कोशीको बहाव अझै घटेकाले डराउनुपर्ने अवस्था नरहेको उनको भनाइ छ। 'कोशीको पानी घटेको छ, गाउँलेहरू पनि सुरक्षित छन्', उनले थपे- 'तर, करिब १ सय २५ घर-आँगनमा १ फिट जति पानी जमेको छ।'

कोशीको पानी फेरि गाउँ पस्न नदिन र गाउँको सुरक्षाका लागि प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलमार्फत समन्वय गर्ने कार्य भइरहेको डीएसपी रिमालले बताए।

# वृद्धा मृत फेला

गुल्मी, (नेस)

गुल्मीमा एक जना वृद्धा मृत अवस्थामा फेला परेका छन्। जिल्लाको चन्द्रकोट गाउँपालिका ३ हर्राचौर निवासी ७२ वर्षीय पदमबहादुर थापा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक दीपककुमार बस्नेतले बताए।

गएको साउन २२ गते घर परिवारमा नभनी उनि बेपत्ता भएका थिए। थापालाई स्थानीयले खोज्ने क्रममा मंगलबार सोही गाउँपालिकाकै सल्यारा भन्ने स्थानमा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायव उपरीक्षक रोशन खड्काले बताए। उनको शव सडेको अवस्थामा रहेको प्रहरीले जनाएको छ। घरमा नभनी हिँडेका थापालाई हराएपछि खोजी गरिदिनका लागि प्रहरीकहाँ हुलिया दिएका थिए।

# गाउँमा खानेपानी आएपछि स्थानीय खुसी

सरिता चलाउने, सल्यान

वर्षौंदेखि पानीको संकट भोगिरहेको सल्यानको वनगाड कुपिण्डे-८ कौछेमा खानेपानी पुगेपछि स्थानीय खुसी भएका छन्। लिफ्ट प्रणालीमार्फत गाउँमा पानी पुगेपछि पानीको चरम संकटबाट गाउँ मुक्त भएको छ।

गाउँमा खानेपानी नहुँदा ३ घन्टा पैदल हिँडेर खानेपानी ल्याउने गरेको खानेपानी निर्माण उपभोक्ता समितिका अध्यक्ष चूडामणि पुनले बताए। 'गाउँमा खानेपानीको समस्या हुँदा बालबालिका विद्यालय जान पाएनन्, सबैको घरमा उनीहरूलाई पानी ओसार्ने काममा लगाउनुपर्ने बाध्यता थियो।' -पुनले भने। नगरपालिकालाई खुला दिसामुक्त घोषणा गर्दा शौचालय निर्माण गरिएको भए पनि पानीको अभावका कारण प्रयोग ल्याउन नसकेको पुनको भनाइ छ।

'गाउँमा वर्षौंदेखि पानीको अभाव थियो पानीकै लागि भौंतारिनुपर्‍यो, राम्रोसँग शौचालय प्रयोग गर्न पाइएन, गाउँमा पानी आयो हामी खुसी छौं। गाउँमा दुःखका दिन गए।' -पुनले भने।

करिब ४१ लाख रुपियाँको लागतमा सम्पन्न भएको आयोजनाबाट ५८ घरधुरीका लागि १२ वटा धारा निर्माण गरिएको दलित विकास समाज सल्यानका अध्यक्ष निमबहादुर नेपालीले जानकारी दिए। उनले भने- 'सल्यानमा धेरै स्थानमा खानेपानीको अभाव छ, तर पनि कौछेमा चरम संकट र विपन्न परिवार धेरै देखिएकाले संस्थाले योजना निर्माणका लागि कौछेलाई छनोट गरेको हो।' बहुउद्देश्यीय योजना भएकाले योजनाबाट २२ रोपनी जमिनमा सिँचाइ पनि उपलब्ध हुने अध्यक्ष नेपालीले बताए।



नगरपालिकको ध्यान नपुगेको ठाउँमा संस्थाले विकासलाई गति दिएकोमा वनगाड कुपिण्डे नगरपालिकाका उपप्रमुख मञ्जु यरीले धन्यवाद दिइन्। उनले भनिन्- 'स्थानीय सरकारको आँखा सबै ठाउँमा पुग्न सकेको छैन यस्तो ठाउँमा संस्थाले योजना सम्पन्न गरेको छ, हामी खुसी छौं।'

साढे ४ किलोवाट सोलार प्रणाली जडान गरिएको आयोजनाबाट दैनिक १९ हजार १ सय लिटर पानी संकलन हुने गरेको छ। खानेपानी प्रयोगपछि बाँकी पानी सिँचाइका लागि प्रयोग गर्नका लागि ७ वटा अफटेक (सिँचाइ धारा) निर्माण गरिएको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा पहल परियोजनाको सहयोग तथा दलित विकास समाज सल्यानको आयोजनामा सम्पन्न गरिएको हो।

भावपूर्ण श्रद्धाञ्जली



जन्म:
स्वर्गारोहण:
स्व. उत्तरी मैया गुल्मी
गुल्मी सना गुठी

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशुपन्क्षी स्रोत व्यवस्थापन तथा प्रबर्द्धन कार्यालय
गाई आनुवांशिक स्रोत केन्द्र, जिरी, दोलखा प्रदेश नं. ३
" उत्पादन बृद्धि गरौं, आत्मनिर्भर बनौं "

सिलबन्दी बोलत्र आब्हान सम्बन्धि सूचना नं. ०१/०७५/०७६
(प्रथम पटक प्रकाशित मिति :२०७५/०५/१३ मा नेपाल समाचार पत्र दैनिक)

यस कार्यालयका लागि आ.बा. ०७५/०७६ मा तपशिल अनुसारको पशु दाना सप्लाई सम्बन्धि कार्यका लागि सिलबन्दी बोलपत्र आब्हान गरि आपुर्ती गर्नु पर्ने भएकाले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र खरिद गरि ३१ औं दिन दिनको १२ बजे भित्र सिलबन्दी बोलपत्र फारम बुझाउन यो सूचना आब्हान गरिएको छ। अन्य बिस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पार्टीमा प्रकाशित गरिएको छ वा कार्यालयको फोन नं. ०४९-४०००६६ मा सम्पर्क गरि बुझ्न सकिनेछ।

तपशिल

| सि.नं. | बोलपत्र नं. | बिवरण | इकाई | अनुमानित परिमाण | लागत अनुमान (रू.) | बोलपत्र (बिडबन्ड रू.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०१-२०७५/०७६ | गाईको दाना | टन | ९८.७३ | ४४,४२,८५०/- | १,११,०७१/२५ | बोलपत्र |
| २. | ०२-२०७५/०७६ | बंगुरको दाना | टन | ४४.६२ | २४,०९,४८०/- | ६०,२३७/- | बोलपत्र |

फार्म प्रबन्धक

# विश्व

## साहसी बृद्धा

अस्ट्रेलियाको क्विन्सल्यान्डमा आफ्नो घरको सेकुवा बनाउने चुलोमा बसेको दुई सर्पलाई निकाल्न तम्सेकी उक्त परिवारकै वृद्धा मार्गन र उनलाई सहयोग गर्दै एक पुरुष सदस्य।



## महोत्सव

लन्डनको नोटिङहिलमा प्रत्येक वर्ष मनाउने कार्निभलमा सहभागी अफ्रिकी मूलका युवती। लन्डनको यो महोत्सवमा अफ्रिकी मूलका नागरिकहरु नोटिङहिलमा जम्मा हुने गर्छन्।



2018, AUG
Wednesday
29

विश्व २ मिनेट

### अस्ट्रेलिया

## बृद्धाको साहस

ब्रिस्बेन, (एजेन्सी)

अस्ट्रेलियाको क्विन्सल्यान्ड एक परिवारका बृद्धा उनको साहसलाई लिएर भाइरल भइरहेकी छिन्। गत आइतबार उनको घरको सेकुवा बनाउने भाँडोमा दुई अजिंगर बसिरहेको देखेपछि उक्त परिवारका सदस्यहरु अचम्म र त्रसित बनेका थिए। परिवार अन्य सदस्य डराएको भए पनि घरका सबैभन्दा वरिष्ठ सदस्य ८१ वर्षीय महिला मार्गन पटक्कै डराइनन्। उनले ती अजिंगरलाई हातले समाउँदै एउटा प्लास्टिकको बाकसमा थुन्दै गरेको भिडियो फुटेज सबैलाई अचम्मित पार्ने खालको थियो। ती महिला वर्षौंसम्म खेतमा काम गरेकी थिइन्। त्यसैले उनी सर्पदेखि डराएकी थिइनन्।

### सिरिया

## इरानसँग सैन्य सम्झौता

दमास्कस, (एजेन्सी)

इरान र सिरियाका रक्षा मन्त्रीहरुबीच दमास्कसमा बसेको बैठकमा सैन्य सहयोगका लागि एक सम्झौतामा हस्ताक्षर भएको तास्निम समाचार एजेन्सीले जनाएको छ। इरानी रक्षामन्त्री अमिर हतामी दुई दिवसिय भ्रमणका लागि आइतबार दमास्कस पुगेका थिए। उनले सिरियाली राष्ट्रपति बसर अल असद र वरिष्ठ सैन्य अधिकारीहरुसँग भेटेको तास्निमले जनाएको छ। सिरियाको गृहयुद्धमा इरानी बलले असदलाई सहयोग गर्दै आइरहेको छ। उक्त सैन्य सम्झौताका विस्तृत विवरण भने दिइएको छैन। राष्ट्रसंघ सुरक्षा सल्लाहकार जोन बोल्टनले गत हप्ता इरानले सिरियाबाट उसको सेना हटाउनुपर्ने बताएका थिए।

### अस्ट्रेलिया

## संसद् त्याग

सिडनी, (एजेन्सी)

अस्ट्रेलियाका पूर्वप्रधानमन्त्री माल्कोम टर्नबुलले आफूले शुक्रबार संसद् त्याग्ने घोषणा गरेको स्थानीय सञ्चार माध्यमले जनाएको छ। केही दिनअघि मात्र उनलाई आफ्नै पार्टी विपक्षी सदस्यहरुले प्रधानमन्त्री पद त्याग्न बाध्य पारेका थिए। उनको स्थानमा गत साता स्कट मोर्रिसन नयाँ प्रधानमन्त्री बनेका थिए। उनले हालै विकास भएका राजनीतिक घटनाक्रमले अस्ट्रेलियालीहरुलाई स्तब्ध पार्ने पनि बताएका छन्। उनको प्रत्यागमनसँगै मद्यावधि चुनाव हुने भएको छ भने मोर्रिसनको संसदीय बहुमत खतरामा पर्नेछ।

### फ्रान्स

## रेडियोबाट राजीनामा

पेरिस, (एजेन्सी)

फ्रान्सका वातावरण मन्त्री निकोलस हलोटले नाटकीय ढंगले मंगलबार रेडियोको प्रत्यक्ष कार्यक्रमअन्तर्गत राजीनामा दिएका छन्। फ्रान्सका राष्ट्रपति इम्मान्युयल म्यक्रोन स्वयम् पनि उनको यस कार्यबाट आश्चर्यमा परेका छन्। टेलिभिजनका पूर्वप्रस्तोता तथा हरित क्रान्तिका अभियन्ता हलोटले जलावायु परिवर्तन र अन्य वातावरणीय खतराका विषयलाई लिएर गरिएको सम्बोधनप्रति असन्तुष्ट भएकाले राजीनामा दिएको बताएका छन्। उनले सरकारमा आफू निकै एक्लिएको महशुस भएको पनि बताएका छन्। उनले आफूले राजीनामा दिन चाहेको पत्नीलाई समेत जानकारी नभएको बताएका छन्।

# मेक्सिको र अमेरिकाबीच नयाँ स्वरूपको व्यापार सम्झौतामा सहमति

वासिङ्टन, (एजेन्सी)

अमेरिका र मेक्सिकोबीच २५ वर्ष पुरानो उत्तर अमेरिकी मुक्त व्यापार सम्झौता 'नाफ्टा'लाई लिएर नयाँ सम्झौता गर्न दबाब बढेपछि दुई देशबीच आपसी सहमति बनेको छ।

उक्त सम्झौताका प्रमुख आलोचक रहेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार उक्त मुद्दामा ठूलो सफलता प्राप्त भएको बताए।

यद्यपि अमेरिका र मेक्सिको सहमत भएको उक्त सम्झौताको नयाँस्वरूपमा अहिलेसम्म क्यानाडाको धारणा प्रष्ट भएको छैन। क्यानाडा पनि उक्त सम्झौताको एक हिस्सा हो।

नाफ्टाभन्दा बाहिर निस्कने धम्की दिएपछि राष्ट्रपति ट्रम्पले विगत एक वर्षदेखि नै उक्त मुद्दामा चर्चा गरिरहेका थिए। ट्रम्पले उक्त सम्झौतामा नयाँ ढंगले गर्नुपर्ने माग उठाएका थिए।

तर यो सम्झौतामा नयाँ सहमति भएको समाचार बाहिर आएपछि अमेरिकी सेयर र मेक्सिकोको मुद्रा बलियो भएको थियो।

ट्रम्पले नयाँ सम्झौताका विषयमा टेलिभिजन प्रसारित आफ्नो भाषणमा मेक्सिकोसँग जुन सर्तमा सहमति भएको हो त्यसपछिको यो सम्झौता अत्यन्त ठूलो भएको बताए। उनले नयाँ सम्झौता सबैका लागि पहिलाको भन्दा धेरै समान रूपमा हितकारी हुने बताए।

यस मुद्दामा काम गरिरहेका वार्ताकार विगत एक वर्षदेखि नाफ्टा सन्धिलाई एकपटक पुनः मस्यौदा तयार गरिरहेका थिए। तर विगत ५ हप्तादेखि क्यानाडाले यस मुद्दामा भइरहेको चर्चामा भाग नै लिएको थिएन।



ट्रम्पले यस मुद्दामा भने- 'हामी क्यानाडालाई पनि यसमा सहभागी गर्ने प्रयास गर्नेछौं वा क्यानाडासँग एक अलग्गै सहमति गर्नेछौं।'

ट्रम्पले क्यानाडा निर्यात हुने गाडीहरुमा थप शुल्क लगाउने चेतावनी पनि दिएका थिए। नाफ्टा नाममा अशुभ संकेत भएकाले आफू नाफ्टा नामबाटै मुक्ति चाहेको पनि ट्रम्पले बताए।

क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले ट्रम्पको घोषणापछि अमेरिकी राष्ट्रपति ट्रम्पसँग फोनवार्ता गरेका छन्।

ट्रुडोको कार्यालयले यस विषयमा बयान जारी गर्दै दुई नेताबीच अत्यन्तै रचनात्मक वार्ता भएको उल्लेख गरेको छ।

ट्रुडोले मेक्सिकोका मौजुदा राष्ट्रपति एनरिक पेना निएटेसँग आइतबार वार्ता गरेका थिए। उनीहरुबीच यस मुद्दामा तीनैवटा देशको सहभागिता हुने एउटै मोडमा पुग्नुपर्ने विषयमा चर्चा भएको थियो।

मेक्सिकोले अमेरिकासँग यस मुद्दामा द्विपक्षीय सम्झौताका लागि पनि तयार रहेको जनाएको छ। यस सम्झौतामा काम गरिरहेका वार्ताकार मेक्सिकोका नव निर्वाचित राष्ट्रपति एन्ड्रेज म्यानुअल लोपेज ओब्राडोरले कार्यभार सम्हाल्नुअगाडि नै सम्झौतालाई अन्तिम रूप दिन चाहेका थिए। नवनिर्वाचित राष्ट्रपति ओब्राडोर विद्यमान सरकारद्वारा मेक्सिकोको उर्जा क्षेत्र खुला गर्ने विरुद्धमा छन्।

# प्रथम महिला बुसराकी पूर्वपतिलाई रोक्ने प्रहरी अधिकार बर्खास्त

लाहौर, (एजेन्सी)

पाकिस्तानका प्रधानमन्त्री इमरान खानकी पत्नी बुसरा बीबीका पूर्वपतिलाई जाँच नाकामा रोक्ने एक वरिष्ठ प्रहरी अधिकारीलाई केन्द्रीय कार्यालयमा फिर्ता बोलाइएको छ।

उक्त घटनालाई लिएर माफी माग्न अस्वीकार गरेपछि उनलाई बर्खास्त गरिएको हो। पञ्जाब सरकारले बुसरा बीबीका पूर्वपति खाबर मनिकासँग माफी माग्न अस्वीकार गरेपछि जिल्ला प्रहरी अधिकारी रिजवान उमर गोन्डाललाई उनको पदबाट हटाइएको र लाहौरस्थित केन्द्रीय कार्यालयमा रिपोर्ट गर्न आदेश दिइएको छ।

गत अगस्ट २३ मा खाबर मनिका लाहौरबाट पाकपट्टनतर्फ गइरहेका थिए। त्यहीबेला राति करिब १ बजे जाँच नाकामा उनलाई रोकेको एक वरिष्ठ प्रहरी अधिकारीले बताए। उनले भने- 'पिकेटमा प्रहरीले मनिकालाई रोक्न संकेत दिएको तर उनी रोकिइनन्। प्रहरीले उनको गाडीलाई पछ्याउँदै केही किलोमिटर परबाट उनलाई पक्राउ गरियो। मनिकाले आफ्नो परिचय दिएपछि पनि नछोडेपछि प्रहरी अधिकारीविरुद्ध अपशब्द प्रयोग गरेकी थिइन्।

नवनियुक्त मुख्यमन्त्री उस्मान बुजदारले गत शुक्रबार यस विषयमा प्रहरी प्रमुखलाई सूचित गरेका थिए। उनले भने- 'मुख्यमन्त्रीले प्रहरी प्रमुखलाई मनिकाले आफूमाथि प्रहरी अधिकार गोंडालले दुर्व्यवहार गरेको गुनासो गरेको बताएका थिए।' त्यसका लागि उनले माफी माग्नुपर्ने बताएका थिए। तर गोंडालले माफी माग्न अस्वीकार गर्दै उसले केही गल्ती नगरेको बताए। यसमा मुख्यमन्त्रीले उनलाई बर्खास्त गर्न आदेश दिए।

गोंडाललाई प्रधानमन्त्री इमरान खानको निर्देशनमा हटाइएको पनि ती अधिकारीले बताए। उक्त घटनाका विषयमा बुसरा बीबीले उनको अगाडि कुरा राखेकी थिइन्। विपक्षी पीएमएल-एनले यस मामिलामा हस्तक्षेप गर्न इमरान खानको आलोचना गरेको छ।



# रसियामा शीतयुद्धपछिको पहिलो विशाल सैनिक अभ्यास

मस्को, (एजेन्सी)

अमेरिकासँगको शीतयुद्धको समाप्तीपछि रसियाले विशाल सैनिक अभ्यास गर्ने योजना बनाएको छ। आगामी महिना आयोजना हुन लागेको यस अभ्यासमा ३ लाख सैनिकको सहभागिता रहने बताइएको छ।

रुसी रक्षामन्त्री सेर्गेइ सोइगुले मध्य र पूर्वीरुसी सैनिक क्षेत्रहरुमा हुन लागेको यस अभ्यासमा चीन र मंगोलियाका सेनाले पनि भाग लिन लागेको बताएका छन्। सोइगुले 'भोस्तोक-२०१८' नाम दिइएको यस युद्ध अभ्यासलाई सन् १९८१ को सोभियत संघकालीन सैनिक अभ्याससँग तुलना गरेका छन्। त्यतिबेलाको सैनिक अभ्यास उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) विरुद्धको नाटकीय आक्रमणमा आधारित थियो।

हाल नेटो र रसियाबीच तनाव बढिरहेका बेला यो विशाल सैनिक अभ्यास हुन लागेको हो। सन् २०१४ मा रसियाले युक्रेनको भू-भाग क्रिमियामाथि कब्जा जमाउँदा नेटोले विरोध गरेको थियो।

रसियाले पूर्वी युरोपमा आफ्नो फौजको उपस्थितिलाई बढाउँदै पूर्वीयुक्रेनमा रहेका रुस समर्थित लडाकूहरुलाई समर्थन गर्दै आएको छ। रसियाले नेटोको सैन्य विस्तार अनुचित र निहुँ खोज्ने खालको जनाएको छ।

सोइगुले आगामी ११ देखि १५ अक्टोबरसम्म चल्ने उक्त भोस्तोक-२०१८ मा ३६ हजारवटा टैंक र सशस्त्र बख्तरबन्द गाडी तथा १ हजारवटा भन्दा बढी लडाकू विमान प्रयोग हुने बताएका छन्।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले रसियाप्रति गैरमित्रतापूर्ण र आक्रामक रहेको वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिलाई मध्यनजर राख्दा यो अभ्यास जायज रहेको विचार व्यक्त गरेका छन्।

पेस्कोभले यसमा चीनको सहभागितालाई भने रसिया र बेइजिङको हरेक क्षेत्रमा आपसी सहयोग हुने गरेको पुष्टि गर्न स्पष्ट पारेका छन्। रसियाको सशस्त्र फौजको कूल संख्या करिब १० लाख रहेको छ। यस अभ्यासमा अर्धसेना र जलसैनिक फौजको उत्तर बेडाको पनि सहभागिता रहने बताइएको छ। गत वर्ष रुसको पश्चिमी क्षेत्रमा रसिया र बेलारुसबीचको एउटा सानो परिमाणको सैनिक अभ्यास भएको थियो।



# पेरिस सडक आक्रमण भिडियो भाइरल



पेरिस, (एजेन्सी)

फ्रान्सको राजधानी पेरिसको सडकमा एकजना महिलामाथि गरिएको आक्रमणको एउटा भिडियो घटना घटेको एक महिनापछि व्यापक भाइरल हुन पुगेको प्रहरीले जनाएको छ।

म्यारी लागुर्रे नामक एक महिलाले एउटा क्याफेनजिक एकजना पुरुषले आफ्नो अनुहारमा हिर्काएको सीसीटिभी फुटेज सेयर गरेकी छिन्। कामबाट घरतर्फ जाँदै गर्दा उनीमाथि अचानक यस्तो आक्रमण भएको थियो।

फ्रान्सको सञ्चार माध्यमका अनुसार फिरास एम नामका ती २५ वर्षीय युवकको एउटा अस्पतालमा मानसिक उपचार हुँदै गरेको र उनलाई घटनालगत्तै गिरफ्तार गरिएको हो।

लागुरेलाई बुधबार ती आक्रमणकारीको सनाखत गराइने भएको छ। अनुसन्धानकर्ताहरुले उनको फोन नम्बर ट्र्याकिंग गरी उनलाई अस्पतालबाट गिरफ्तार गरेको थियो। मानसिक सन्तुलन गुमाएका अत्यन्तै हिंस्रक देखिने उनले आफ्नै आमालाई पनि आक्रमण गरेको खुल्न आएको छ।

# हवाइ सेवामा आवद्ध ठूलो जनशक्तिको खाँचो हुने

बेइजिङ, (एजेनसी)

यदि तपाईं राम्रो जागिरको खोजीमा हुनहुन्छ भने एउटा एयरलाइनर पायलटको तालिम लिएर चीनमा जानुभए हुन्छ। बोइङ विमान कम्पनीले एसिया प्यासिफिकलाई आगामी २ दशकभित्र थुप्रो संख्यामा पायलट, प्राविधिज्ञ र क्याबिन क्रुको आवश्यक हुने भविष्यवाणी गरेको छ।

क्षेत्रीय आर्थिक वृद्धिका कारण सम्पत्ति र यात्रा बढ्ने हुँदा आगामी सन् २०३७ सम्ममा थप २ लाख ४० हजार पायलट र ३ लाख १७ हजार क्याबिन क्रु आवश्यक हुने अनुमान गरिएको छ।

तीमध्ये ५० प्रतिशत कर्मचारी चीनलाई चाहिने बताइएको छ। आगामी दशकभित्र थुप्रै उमेर पुगेका पायलटले अवकाश प्राप्त गर्न लागेकाले पनि नागरिक उड्डयन सेवालगायत हेलिकोप्टर पर्यटन र निजी जेट विमान उडानका लागि थुप्रो संख्यामा यस्तो जनशक्तिको खाँचो हुने बताइएको छ।

बोइङले चीनलाई १ लाख २८ हजार ५ सय, दक्षिणपूर्वी एसियालाई ४८ हजार ५ सय र दक्षिण एसियालाई ४२ हजार ७ सय ५० जना पायलटको आवश्यकता हुन सक्ने अनुमान गरेको छ।

यसैगरी एसिया प्यासिफिक नयाँ विमान पनि धेरै संख्यामा आवश्यक हुने बताइएको छ। अमेरिकी हवाइ अन्तरिक्ष तथा प्रतिरक्षा परियोजनाले आगामी दिनहरुमा आफूले निर्माण गर्न लागेको ४० प्रतिशत नयाँ यात्रुवाहक विमान एसिया प्यासिफिक एयरलायन्सहरुलाई उपलब्ध गराइने जनाएको छ।



नेपाल पत्रकार महासंघको एसोसियट शाखा नेपाल पत्रकार मञ्चको मंगलबार सम्पन्न पाँचौं महाधिवेशनले युवराज विद्रोहीको नेतृत्वमा नयाँ केन्द्रीय समिति निर्वाचित गरेको छ।





गाईजात्राको भोलिपल्ट मंगलबार ललितपुरमा मत्याः जात्रामा निकालिएको झाँकी । तस्वीर : उजोल डंगोल/काठमाडौं

# संहितामा कमजोरी भए सरकार सच्याउन तयार : मन्त्री पण्डित

**नेपाल समाचारपत्र**

भक्तपुर

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले देवानी फौजदारी संहितामा कमजोरी भए सरकार सच्याउन तयार रहेको बताउनुभएको छ।

भक्तपुरबाट प्रकाशित हुँदै आएको डोलेश्वर दैनिकको प्रथम वार्षिकोत्सव एवं ई-डोलेश्वर डट कम अनलाइन संस्करणको आज शुभारम्भ कार्यक्रममा बोल्दै उहाँले सरकार, जनता, कर्मचारी, पत्रकार सबै आ-आफ्नो ठाउँमा जिम्मेवार हुनुपर्ने बताउनुभयो।

उहाँले बेलायत, अमेरिका, भारतलगायत कुनै पनि देशमा नेपालमा जति प्रेस स्वतन्त्रता नभएको दाबी गर्नुभयो। गल्ती नगर्ने पत्रकारले सरकारद्वारा जारी नयाँ देवानी तथा फौजदारी संहिताबाट डराउनु नपर्ने बताउनुभएको हो।

आफ्नो अधिकार खोज्दा अरूको अधिकारको पनि संरक्षण गर्नुपर्छ भन्ने जान्ने हो भने कोही पनि डराउनु नपर्ने भन्दै उहाँले सिंहदरबार अगाडि नांगै उभिनु पनि मानव अधिकार हो भन्ने हो भने नेपाली समाज नरहने टिप्पणी गर्नुभयो।

उहाँले घाम तापेर बस्ने, हप्तामा एकपटक आएर सधैंको हाजिर गरेर जाने



कर्मचारीलाई भने अब बिदाइ गरेर घर पठाइने उहाँको भनाइ थियो। स्थानीय तहमा अब कर्मचारीको अभाव नहुने बताउँदै उहाँले लोकसेवा आयोगले विज्ञापन रोक्दैन भन्दै आवश्यकताअनुसार विज्ञापन खोलिरहने र ती कर्मचारी स्थानीय तहमा पठाइने बताउनुभयो।

कार्यक्रममा पूर्वउद्योगमन्त्री एवं प्रतिनिधिसभा सदस्य महेश बस्नेतले केही ठूला मिडिया वदनियतपूर्वक चल्ने गरेको बताउँदै उहाँले ठूला लगानीका मिडिया साना मिडियालाई किन्ने र आफ्नो राष्ट्रियरूपमा प्रभुत्व जमाउन खोज्ने सामन्ती मिडिया भएको आरोप लगाउनुभयो। उहाँले लोकतन्त्रलाई अराजकतन्त्ररूपमा लैजान नहुने बताउँदै उहाँले प्रेसलाई संकुचित बनाउने गरी संहिता आएको हो भने त्यसलाई संशोधन गरेर जान संसद्मा आवाज उठाउन आफू तयार रहेको बताउनुभयो।

कार्यक्रममा ३ नं. प्रदेशका प्रदेश सदस्य शशिजंग थापाले पत्रपत्रिका, अनलाइन र सञ्चारमाध्यमले अब विकासका समाचारलाई प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्ने औंल्याउनुभयो।

नेपाल पत्रकार महासंघ केन्द्रका महासचिव रमेश विष्टले देवानी फौजदारी संहिताले प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्न खोजेकाले यसलाई संशोधन गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी भक्तपुरका अध्यक्ष वचन देउजा, नेपाली कांग्रेस भक्तपुरका अध्यक्ष दुर्लभ थापा, प्रेस काउन्सिलका सदस्य गोविन्द चौलागाईं, प्रेस चौतारीका केन्द्रीय सदस्य सोम शर्मा (बजगाईं), कलाकार जितु नेपाल, डोलेश्वर दैनिकका व्यवस्थापक जनक गिरी, प्रकाशक/सम्पादक पेसल आचार्यलगायतले निष्पक्ष र विभेदरहित समाचारका रूपमा सञ्चारमाध्यम अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

### समाचारपत्रकर्मी बुढाथोकी पुरस्कृत

कार्यक्रममा मन्त्री पण्डितले नगद रु. ११ हजार १११ राशीको डोलेश्वर दैनिक पत्रकारिता पुरस्कार नेपाल पत्रकार महासंघ भक्तपुरका अध्यक्ष तथा नेपाल समाचारपत्रका संवाददाता पुष्कर बुढाथोकीलाई प्रदान गर्नुभयो।

उहाँले राससकर्मी रमेश गिरी, आनका कार्यकारी सदस्य रोशन प्रसाईं, समाजसेवी विजय धौभडेल, पत्रकार शिव मुखिया, समाजसेवी श्रीभक्त कासीछ्वालाई सम्मान गर्नुभयो। हरेक वर्ष एकजना पत्रकारलाई उक्त पत्रकारिता पुरस्कार प्रदान गर्ने प्रकाशक/सम्पादक आचार्यले घोषणा गर्नुभयो।

# पत्रकार मञ्चको अध्यक्षमा विद्रोही

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल पत्रकार महासंघको एसोसियट शाखा नेपाल पत्रकार मञ्चको मंगलबार सम्पन्न पाँचौं महाधिवेशनले युवराज विद्रोहीको नेतृत्वमा नयाँ केन्द्रीय समिति निर्वाचित गरेको छ।

काठमाडौंमा सम्पन्न मञ्चको पाँचौं महाधिवेशनबाट उपाध्यक्षमा ललितध्वज खड्का, महासचिवमा विमलकुमार थापा, सचिव प्रितमसागर कर्माचार्य तथा कोषाध्यक्षमा यज्ञबहादुर ढकाललाई निर्वाचित गरेको छ भने सदस्यहरूमा विष्णुलाल श्रेष्ठ, प्रज्ज्वल थापा, राजु भण्डारी, उदयनारायण भट्टराई, जितेन्द्र श्रेष्ठ (जेन), लक्ष्मण पन्थी, कमला नेपाल, मनीष अवस्थी, पासाङ शेर्पा, मनुका कुँवर, सुनीता लोहनी तथा वसन्त शर्मा चयन हुनुभएको छ।

कार्यक्रमका प्रमुख अतिथि नेपालका लागि इजरायलका राजदूत बेन्नी ओमेरले नेपाल र इजराइलबीचको कूटनीतिक सम्बन्धले दुई देशबीचको आर्थिक विकासमा योगदान पुऱ्याउन मद्दत पुगेको बताउनुभयो। उहाँले इजरालमा प्रयोग हुँदै आएको आधुनिक कृषि प्रणालीबाट नेपालले पनि धेरै सिक्न सक्ने बताउनुभयो। 'केही समययता नेपाली युवा इजरालयमा पुगेर त्यहाँको आधुनिक कृषि प्रविधिबाट सिकेर नेपालमा पनि त्यसको व्यावसायिक प्रवर्द्धन गर्न थालेका छन्।' -राजदूत ओमेरले बताउनुभयो।



कार्यक्रमा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नको निम्ति जिम्मेवार पत्रकारिताको आवश्यकता रहेको बताउनुभयो। विगतमा परिवर्तनका निम्ति नेपाली सञ्चार जगत्ले खेलेको भूमिका उल्लेखनीय रहेको बताउँदै आचार्यले व्यावसायिक पत्रकारिताको निम्ति जिम्मेवार पत्रकारिता अपरिहार्य रहेको बताउनुभयो।

सोही कार्यक्रममा नेपाल पत्रकार महासंघका महासचिव रमेश विष्टले मुलुकी संहिता जारी भएपश्चात् स्वतन्त्र पत्रकारितामा अंकुश लाग्न सक्ने आशंका बढेको बताउनुभयो। उहाँले भन्नुभयो- 'अहिले जारी मुलुकी अपराध संहिताले स्वतन्त्र प्रेसमाथि सोझै अंकुश लगाउन सक्ने देखिएको छ। यसलाई सच्याउन महासंघ सरकारसँग माग गर्दछ।'

नवनिर्वाचित अध्यक्ष युवराज विद्रोहीले पत्रकारहरूको हकहित र अधिकार संरक्षण गर्ने सन्दर्भमा नेपाल पत्रकार मञ्च सदैव क्रियाशील रहने बताउनुभयो। उहाँले मुलुकमा जारी कुनै पनि कानुनले प्रेस स्वतन्त्रालाई हनन गर्न नमिल्ने बताउनुभयो।

'यदि स्वतन्त्र प्रेसको विपक्षमा कुनै पनि कानुन आउँछ भने त्यसको कडा प्रतिपाद गर्न महासंघलगायत पत्रकार मञ्च सदैव क्रियाशील हुनेछ।' -उहाँले भन्नुभयो।

सोही कार्यक्रमा प्रताप स्मृति पत्रकारिता पुरस्कारबाट एसिया प्यासिफिक दैनिकमा कार्यरत पत्रकार आस्मिका गुरागाईंलाई सम्मान प्रदान गरिएको थियो भने अग्रज पत्रकारद्वय अन्नपूर्ण पोस्ट दैनिकका सम्पादक अखण्ड भण्डारी तथा वरिष्ठ पत्रकार विष्णुलाल श्रेष्ठलाई अग्रज पत्रकार सम्मानबाट सम्मानित गरिएको थियो।

## गृहमन्त्रीको जवाफ प्रमलाई

काठमाडौं, (नेस)

पूर्वलडाकू लेनिन विष्टलाई थाइल्यान्डको एक कार्यक्रममा सहभागी हुन जाने क्रममा त्रिभुवन विमानस्थलबाट फर्काएको बारे प्रधानमन्त्री र गृहमन्त्रीबीच जुहारी शुरू भएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले विष्टलाई थाइल्यान्ड जान नदिनुका कारणबारे २४ घण्टाभित्र लिखित स्पष्टीकरण दिन निर्देशन दिइएकोमा गृहमन्त्री रामबहादुर थापा 'बादल'ले जवाफ पठाउनुभएको छ।

मन्त्री निकट स्रोतका अनुसार पूर्वलडाकू विष्ट विभिन्न अपराधमा संलग्न रहेकाले उनीमाथि अनुसन्धान गर्न विमानस्थलबाट फर्काइएको जवाफ गृहमन्त्रीले दिनुभएको हो।

## गाईजात्रा कवि सम्मेलन सम्पन्न

काठमाडौं, (नेस)

घट्टेकुलो आरम्भले गाईजात्राको अवसरमा भव्य कवि सम्मेलन सम्पन्न गऱ्यो। कविहरूले वर्तमान परिस्थिति र समसामिक विषयमा तीखो व्यंग्यबाण प्रहार गर्दै दर्शकलाई पेट मिची-मिची हँसाएका थिए।

चट्याङ मास्टर, लक्ष्मण गामनागे, बमबहादुर जिताली, प्रेम ओली ढकलपुरे, हरिकला उप्रेती, गोपाल नेपाल, टेकबहादुर कोइराला, डिल्लीप्रसाद मुलतियुन, पुन्य आचार्य, केरा अर्याल, कीर्ते पौडेल कवितामा झटारो ठोके भने रुद्र अधिकारी, देवकी तिमिल्सिना, दुर्गा तिवारी, सानु शर्मा, प्रकाश गफाडीले मुक्तकमार्फत व्यंग्य प्रहार गरेका थिए।

त्यसै गरी डम्बर घिमिरे, लक्ष्मी प्रसाईं, भुवन सिवाकोटी, रोहित कार्की र जनार्दन धड्कनले प्यारोडो गाएर दर्शकलाई मनोरञ्जन दिएका थिए।

पूर्वमन्त्री हरिप्रसाद न्यौपाने, मेगा बैंकका अध्यक्ष भोजबहादुर शाह, प्याब्सनक केन्द्रीय प्रमुख सल्लाहकार लक्ष्यबहादुर केसी, पूर्वराजदूत प्रहलाद प्रसाईंले विशेष कार्यक्रममा प्रथम, द्वितीय, तृतीय हुनेलाई पुरस्कारसमेत प्रदान गर्नुभएको थियो।

### बहुपक्षीय...

त्यसै गरी बैठकले प्रतिआतंकवाद र अन्तरदेशीय अपराध, कृषि, गरिबी निवारण, सचिवालयको अनुमानित बजेट र आवश्यक पूर्वाधार खाकाबारेमा पनि छलफल गरेको छ।

यसैबीच मन्त्रीस्तरीय बैठकमा सहभागी हुन सबै सदस्य राष्ट्रका विदेशमन्त्रीहरू मंगलबार साँझसम्ममा काठमाडौं आइपुगेका छन्। सम्मेलनमा सहभागी हुन राष्ट्राध्यक्ष विन मिन्ट पनि मंगलबार दिउँसो काठमाडौं आइपुग्नुभएको छ भने उहाँका श्रीलंकाली समकक्षी मैथ्रिपाला सिरिसेना आज बुधबार आउँदै हुनुहुन्छ। भुटानका अन्तरिम मन्त्रिपरिषद्का प्रमुख सल्लाहकार छिरिङ वाङचुक पनि बुधबार नैं काठमाडौं आउँदै हुनुहुन्छ भने भारतीय, बंगलादेशी र थाइल्यान्डका प्रधानमन्त्रीहरू भोलि बिहीबार मात्रै नेपाल आउने समय तय भएको छ। मित्रराष्ट्रका पाहुनाको सम्मानमा बिहीबार दिउँसो राष्ट्रपति विद्यादेवी भण्डारीले दिवा भोजको आयोजना गर्दै हुनुहुन्छ।

### फस्ट...

त्यस क्रममा अतिथिहरूलाई चर्या नृत्य, कुमारी नृत्य, परम्परागत धिमे बाजा, धा बाजा देखाइने भएको छ। ललितपुर महानगरपालिका १६ वडाले नाचका लागि यहाँको परम्परागत गुठी, विहार सुधार समितिलगायत सम्बद्ध पक्षलाई तयारी अवस्थामा रहन आग्रह गरेको छ।

'ललितपुर एउटा धार्मिक, सांस्कृतिक परिवेशले भरिएको जिल्ला हो। बिमस्टेकमा आउने फस्ट लेडीहरूलाई यहाँको सांस्कृतिक चिनारी दिने झलकहरू देखाउनेछौं।' ललितपुर महानगरपालिका १६ का वडा अध्यक्ष निर्मलरत्न शाक्यले भन्नुभयो।

अतिथिहरू विश्वसम्पदा सूचीकृत पाटन दरबार क्षेत्रमा कृष्ण मन्दिर, पाटन संग्रहालय, भण्डारखाल बगैंचा, सुन्दरीचोकको अवलोकन गर्ने छन्। सम्पदाको अवलोकन गर्ने क्रममा बीच-बीचमै चर्या नृत्य, धा बाजा, धिमे बाजा र अन्य शास्त्रीय नृत्य प्रस्तुत गरिनेछ। यसले मूर्त संस्कृतिसँगै अमूर्त संस्कृतिको चिनारी दिने वडा अध्यक्ष शाक्यले जानकारी दिनुभयो। दरबार क्षेत्रको अवलोकनपछि पाहुनालाई करिब ५ सय मिटर पर रहेको गोल्डेन टेम्पलमा दर्शन गराउने कार्यक्रम रहेको छ। अतिथिको स्वागतका क्रममा हिरण्यवर्ण महाविहार विहार सुधार समितिका गुरुजुबाट स्वस्ति वाचन गर्ने कार्यक्रम रहेको छ।

त्यसपछि फस्ट लेडीको समूह पाटन औद्योगिक क्षेत्रमा घुम्ने जाने कार्यक्रम रहेको छ। औद्योगिक क्षेत्रमा त्यहाँ उत्पादन हुने सामग्री र बजारको अवस्था बुझ्ने पनि प्रमुख जिल्ला अधिकारी जोशीले जानकारी दिनुभयो।

पाटनमा फस्ट लेडीहरूले २ देखि ३ घन्टाको समय बिताउने कार्यक्रम रहेको छ। ती स्थान वरपर मंगलबारदेखि सेना परिचालन गरिएको छ। सँगसँगै नेपाल प्रहरीको गस्तीलाई तीव्रता दिएको महानगरीय प्रहरी परिसर ललितपुरका प्रमुख रवीन्द्रबहादुर धानुकले बताउनुभयो। यसैबीच सुरक्षा व्यवस्था निकै कडा हुने सूचनाले शुक्रबार हुने परम्परागत नरसिंह जात्रा, गणेश पूजा अस्तव्यस्त बन्ने हो कि आशंका सर्वसाधारणहरूमा छाएको छ।

### प्रधानमन्त्रीलाई...

सांसदहरू सञ्जयकुमार गौतम, लक्ष्मी परियार, भरतकुमार साह, रामबहादुर विष्ट, दिव्यमणि राजभण्डारी, मीनेन्द्रप्रसाद रिजाल, राजेन्द्रप्रसाद लिङ्देनले प्रधानमन्त्रीको सम्बोधन चित्त नबुझेको भन्दै पुनः प्रश्न गर्नुभएको थियो।

ओलीले बिमस्टेक शिखर सम्मेलन नेपाल र नेपालीका लागि उपयोगी हुने बताउनुभयो। उहाँले सन् १९९७ मा थाइल्यान्डमा, सन् २००८ मा भारतमा, सन् २०१४ मा म्यानमारमा शिखर सम्मेलन भइसकेको र त्यसमा गर्न छुटेका केही बाँकी काम यो सम्मेलनले गर्ने जानकारी दिनुभयो। नेपाल बिमस्टेकको अध्यक्ष रहेको छ भने अबको अध्यक्षता श्रीलंकाले गर्नेछ।

### मन्त्रीज्यू...

तर, उहाँको भाषण आधारहीन र हावादारी हुँदै जान थालेको उहाँ आफैंलाई महसुस भएको छ। किनकि यो दशैंमा पनि उपत्यकाबासीले मेलम्ची पानीले चोखिने सम्भावना छैन। मंगलबार प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिको बैठकमा पटक-पटक सोधिएको प्रश्नमा मन्त्री मगरले मेलम्ची दशैंमा आउँछ भनेर भन्न सक्नुभएन।

बरु विषयवस्तुलाई अन्यत्र मोड्दै उहाँले आफू मन्त्री भएपछि मेलम्ची ल्याउन दिन-रात खटिएको दाबी गर्नुभयो। अघिका मन्त्रीले काम नगरेकाले मेलम्ची ल्याउन अझै समय लाग्ने बताउँदै मन्त्री मगरले समस्या खानेपानी ऐनतिर तेर्स्याउनुभयो। उहाँले ऐन बनाउने काम अघि बढेको जानकारी दिँदै मेलम्चीको ३१ अर्बको योजनामध्ये २५ अर्व रुपियाँ खर्च भएको स्वीकार्नुभयो।

मंगलबारको छलफलमा सांसद्हरूले जनतालाई धेरै मेलम्ची सपना देखाइएको, उपत्यकामा खानेपानी पुऱ्याउन नसकेको, योजना गर्दा अन्तरमन्त्रालय समन्वय नभएको, पिउने पानी शुद्ध नभएको भन्दै मन्त्रीसँग जवाफ मागेका थिए। सबैजसो सांसद्ले भइरहेका पानीका स्रोत सुकेको, नयाँ सम्भावना नखोजिएको र अहिले बनाइएको मापदण्ड प्रभावकारी नभएको भन्दै मन्त्रीको ध्यानाकर्षण गराएका थिए। सबैजसो सांसद्ले मन्त्री मगरको आलोचना गरे भने केहीले आलोचना गर्दागर्दै अर्ति पनि दिए।

धनकुटाबाट निर्वाचित प्रतिनिधिसभाका सांसद् राजेन्द्रकुमार राई (नेकपा) ले भन्नुभयो- 'सबैले गफ बढी गरे तपाईं काम गरेर देखाउनुस्, युवा जोश-जाँगर छ राम्रो काम तपाईंबाटै शुरु गर्नुहोला।'

यति भन्दै राईले थप्नुभयो- 'अरूभन्दा खानेपानीमै काम ढिला हुन्छ, किन होला ? काठमाडौंबासीले पानी मात्र खान पाए ठूलो कुरा हुन्छ, तपाईंको मन्त्रालयले गरेको राम्रो काम के हो त?'

सांसद् कमला रोकाले मेलम्चीको काममा भएको प्रगति विवरण जस्ताको त्यस्तै राख्न मन्त्री मगरसँग आग्रह गर्नुभएको थियो।

सांसद्हरू केदार सिग्देल, टोपबहादुर रायमाझी, गौरीशंकर चौधरी, रंगमती शाही, आशाकुमारी विक, टेकबहादुर बस्नेत, गणेश पहाडी, निरुदेवी पाल, मिनाक्षी झालगायतले उक्त मन्त्रालयका विषयमा गुनासो र भावी योजनाबारे प्रश्न गर्नुभएको थियो।

समिति सभापति जिपछिरिङ लामाले खानेपानीको विषयमा धेरै गुनासो आएकाले मन्त्रालयको तयारी र योजनाबारे प्रस्ट पार्न मन्त्रीलाई बोलाइएको बताउनुभयो। समितिले यसअघि भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ र सञ्चारमन्त्री गोकुलप्रसाद बास्कोटालाई पनि बोलाएर छलफल गरिसकेको छ। समिति सचिव वंशीराज पौडेलले अन्य मन्त्रीसँग पनि यसरी नै छलफल गर्ने गृहकार्य भइरहेको जनाउनुभयो।

### यो...

अहिले सुन्दरीजल, अम्बाथान, सिन्धु र ग्याल्थुम खण्डमा २/२ खण्ड गरी काम भएको र अम्बाथान र सिन्धुमा १/१ खण्डबाट शुरु गरिएको ढलानको काम सम्पन्न हुन लागेको मेलम्ची खानेपानी आयोजनाका सूचना अधिकारी राजेन्द्रप्रसाद पन्तले बताउनुभयो।

यस्तै मेलम्चीको पानी सुन्दरीजलमा खसालेलगत्तै पानी खुवाउन सकिँदैन। मुख्य शहरी क्षेत्र बाहेकमा पानी खुवाउन ६ महिना लाग्ने निर्देशनालयले नै जनाएको छ। पानी प्रशोधन केन्द्रदेखि पानी पोखरी र पाइपलाइनको पूरै प्रणाली जाँच गर्न ६ महिनासम्म लाग्ने निर्देशनालयकै दाबी छ।

निर्देशनालयअन्तर्गत भइरहेको थोक वितरण र वितरण संजालको पाइपलाइन बिछ्याउने काम अझै सकिएको छैन। १ हजार वितरण सञ्जालमध्ये हालसम्म ७ सय ३० किमि मात्रै बिछ्याइएको छ। १० स्थानमा पानी बाँडेर पानीपोखरी बन्नुपर्नेमा भक्तपुरको कटुन्जेमा भर्खर जग हालिएको छ।

यसैबीच राजधानीबासीको धारामा शनिबारदेखि दैनिक २ घन्टा (हप्ताको पाँच दिन) बाग्मतीको पानी दिन थालिए पनि त्यसले निरन्तरता नपाउने भएको छ। बाग्मतीको ३ करोड लिटर खानेपानी सुन्दरीजलस्थित खानेपानी प्रशोधन केन्द्रबाट महांकालको पानीपोखरी हुँदै उपत्यकाका केही मुख्य शहरी क्षेत्रमा पुऱ्याइएको आयोजना कार्यान्वयन निर्देशनालयका प्रवक्ता दिवाकर ढकालले जानकारी दिनुभयो।

उहाँका अनुसार लैनचौर, असन, न्युरोड, कमलादी, कपन, बौद्ध, जोरपाटी, चावहिल, हाँडीगाउँ, ज्ञानेश्वर, नक्साल, बानेश्वर, अनामनगर, पुतलीसडक, डिल्लीबजार, बागबजार, माइतीघर, त्रिपुरेश्वर, नयाँ सडकसम्म उक्त पानी बाँडिएको छ। यसबाट ८ लाख ४० हजार नागरिक प्रत्यक्ष लाभान्वित भइरहेको निर्देशनालयको दाबी छ। काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) बाट जडान भएका २ लाख १६ हजार धारामध्ये करिब ७० हजार धारामा थप पानी आपूर्ति भइरहेको छ। यो पानी केयूकेएलको पुरानै वितरण प्रणालीबाट बाँडिएको हो।

# अर्थ

2018, AUG
Wednesday
29

विश्वमा अस्वस्थ खाद्य वस्तुका कारण वर्षेनी ४ लाख मानिसको मृत्यु हुने गरेको छ। तर, नेपालमा भने हालसम्म पनि अस्वस्थ खाद्यान्नका कारण मानव स्वास्थ्यमा पर्न गएको असरबारे अध्ययन हुन सकेको छैन। प्रयोगशालाको स्थापनापछि सो विषयमा अध्ययनका लागि पनि सहज हुने खाद्य संस्थानले जनाएको छ।

# खाद्य प्रयोगशाला सञ्चालनमा आउन सकेन

हेमन्त जोशी, काठमाडौं

भारतीय राजदूतावासको आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल खाद्य संस्थानको भद्रकालीस्थित केन्द्रीय कार्यालयमा निर्माण भइरहेको अत्याधुनिक प्रविधि र उपकरणसहितको खाद्य प्रयोगशाला अझै प्रयोगमा आउन सकेको छैन।

दूतावासले पाँच वर्षअघि भवन निर्माणका लागि ५ करोड रुपियाँ र खाद्य वस्तु परीक्षण गर्ने उपकरण नि:शुल्क उपलब्ध रुपमा गराएको थियो। भारतले गत माघमा भवन निर्माण सम्पन्न गरेर संस्थानलाई हस्तान्तरण गरिसकेको भए पनि प्रयोगशालामा उपकरण जडानको कामले अझै पूर्णता पाउन सकेको छैन।

संस्थानका सूचना अधिकारी शंकर सापकोटाका अनुसार गत साउनभित्रै उपकरण जडानको काम सक्ने लक्ष्य राखिएको भए पनि सञ्चालक समितिबाट समयमा बजेट पास हुन नसक्दा समय लम्बिएको हो। नेपाल समाचारपत्रसँग कुरा गर्दै सापकोटाले भन्नुभयो-'प्रयोगशाला निर्माण गर्ने कुरा शुरूमा नै विवादमा परेपछि केही ढिलाई भयो। अहिले उपकरण जडानको काम चलिरहेको छ। हामीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट खाद्य वस्तुको सार्वजनिक विश्लेषणको पनि अनुमति लिन बाँकी छ। दशैं अघि जडानको काम सकिन्छ। त्यसपछि अनुमति लिन्छौं।'

खाद्य वस्तुको गुणस्तर तथा स्वच्छता परीक्षणका लागि संस्थानले आफ्नै प्रयोगशाला सञ्चालनमा ल्याउने भन्दै एउटा भवन नै त्यसका लागि निर्माण गरेको छ। तर, उपकरण जडानको काम हालसम्म पनि हुन नसक्दा उक्त भवन नै प्रयोगविहीनको अवस्थामा पुगेको छ।

अहिले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले मात्र खाद्य वस्तुको गुणस्तर जाँच्ने अख्तियारी पाएको छ। संस्थानले प्रयोगशाला सञ्चालनमा ल्याउन तथा खाद्य वस्तुको परीक्षणका लागि अख्तियारीका लागि आपूर्ति मन्त्रालयको स्वीकृति मागेको भए पनि मन्त्रालयले स्वीकृति दिएको छैन।

संस्थानलाई गुणस्तर चेकजाँचको कार्य जिम्मेवारी सुम्पिँदा खाद्य स्वच्छतामा सकारात्मक प्रभाव देखिने सापकोटाको भनाइ छ। 'बजारमा आउने खाद्य पदार्थमा मिसावटको अवस्था र गुणस्तर परीक्षणका लागि प्रयोगशालाले ठूलो सहयोग पुर्‍याउँछ। प्रयोगशाला सञ्चालनका लागि हामीले मन्त्रालयलाई अनुमति मागेको लामो समय भइसकेको छ। तर, मन्त्रिपरिषद्को निर्णयले टुङ्गाउनुपर्ने निर्णय भएकाले ढिलो भइरहेको छ।' सापकोटाले भन्नुभयो।

उक्त प्रयोगशाला सञ्चालनमा आएपछि एकै ठाउँबाट सबैखालका खाद्य वस्तुको परीक्षणका गर्न सकिने विश्वास लिइएको छ। खाद्य पदार्थमा हुने विभिन्न प्रकारका विषादी, रासायनिक पदार्थको अध्ययन अनुगमनका साथै खाद्यजन्य रोग, मिसावट, दूषित खाद्य पदार्थको प्रभाव तथा विश्लेषण तथा खाद्य स्वच्छता र गुणस्तर सम्बन्धी अध्ययन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यसअघि संस्थानसँग खाद्यान्न परीक्षणका लागि आफ्नै प्रयोगशाला नहुँदा गुणस्तर परीक्षणका लागि समय र मूल्य पनि बढी लाग्ने गरेको छ। संस्थानले अहिले खाद्यान्नको परीक्षण गर्न खाद्यप्रविधि तथा गुण नियन्त्रण विभागसँग रहेको अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशालामा पठाउँदै आएको छ।

आफ्नै प्रयोगशाला सञ्चालनमा आएपछि समयमै खाद्यान्न परीक्षण गर्न सकिने तथा उपभोक्तालाई दिइने सेवाको गुणस्तरमा समेत सकारात्मक प्रभाव पार्ने संस्थानले जनाएको छ।

प्रयोगशाला सञ्चालनमा ल्याउने अनुमति पाए पनि वस्तु अनुगमन गर्ने, गुणस्तर तथा मापदण्ड निर्धारण गर्ने अनुमति खाद्य संस्थानले पाएको छैन। यसका लागि संस्थानलाई नयाँ जिम्मेवारी तोकिनुपर्ने देखिन्छ। तर, तालुकवाला निकायले भने यस विषयमा कुनै पहलकदमी गर्न सकेको देखिँदैन। प्रयोगशालाको स्थापनासँगै त्यसको सञ्चालनका लागि आवश्यक पर्ने पर्याप्त जनशक्ति पनि संस्थानसँग छैन। संस्थान आफैंले बेच्दै आएको खाद्यान्न वस्तु मात्र नभई निजी क्षेत्रले बेच्ने खाद्य वस्तुलाई पनि परीक्षण गर्ने उद्देश्य राखिएको छ। तर, प्रयोगशाला सञ्चालनका लागि ठूलो संख्यामा आवश्यक पर्ने प्राविधिक जनशक्ति व्यवस्थापनबारे हालसम्म कुनै टुंगो लाग्न सकेको छैन।

## एनबीआई र एनसीसी बैंकबीच सम्झौता

काठमाडौं, (नेस)

नेपाल क्रेडिट एन्ड कमर्स बैंक र नेसनल बैंकिङ इन्ष्टिच्युटबीच तालिम कार्यक्रम सञ्चालन सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

सम्झौताअनुसार एनबीआईले एनसीसी बैंकका कर्मचारीको कार्यदक्षता विकासका लागि विभिन्न तालिम उपलब्ध गराउने छ। सम्झौता अनुसार एनसीसी बैंकले आफ्नो कर्मचारीका लागि नेसनल बैंकिङ इन्ष्टिच्युटबाट न्यूनतम ५० लाख बराबर रकमको वार्षिक तालिम सञ्चालन गराउने छ।

उक्त सम्झौतापत्रमा नेपाल क्रेडिट एन्ड कमर्स बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश राज अर्याल र नेसनल बैंकिङ इन्ष्टिच्युटका प्रमुख कार्यकारी अधिकृत सञ्जिव सुब्बाबीच हस्ताक्षर भएको छ।

हिमाल स्टील आजको भाउ

RHINO 500
बिक्री मूल्य रु. प्रति किलोग्राम

शिलबन्दी बोलपत्र आव्हान सम्बन्धमा

सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
SIDDHARTHA INSURANCE LIMITED

## सार्वजनिक-निजी साझेदारी मोडलमा अगाडि बढ्नुपर्नेमा जोड

काठमाडौं, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणासहित महासंघका पदाधिकारी र नेपालका लागि विश्व बैंकका कन्ट्री म्यानेजर फेरिस हादाद जर्भसबीच मंगलबार महासंघ सचिवालयमा भेटवार्ता सम्पन्न भयो। सो भेटवार्तामा विश्व बैंक र निजी क्षेत्रबीचको सहकार्यलाई पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासलगायतका क्षेत्रमा केन्द्रित गर्नुपर्नेमा जोड दिइयो।

सो भेटवार्तामा महासंघका अध्यक्ष राणाले नेपालमा रहेका सम्भाव्यतामा सहयोग गर्न विश्व बैंक समक्ष आग्रह गर्नुभयो। अध्यक्ष राणाले कनेक्टिभिटी, बैंकिङ, पूर्वाधार, आईटी, लगायतका विषयमा सार्वजनिक-निजी साझेदारी (पीपीपी) का साथै सार्वजनिक निजी संवादको अवधारणा अनुरूप अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

नेपालमा करमैत्री र लगानीमैत्री वातावरण निर्माणमा विश्व बैंकको महत्त्वपूर्ण भूमिका हुनसक्ने भएकाले त्यसका लागि सहजीकरणमा सहयोग गर्न अध्यक्ष राणाले आग्रह गर्नुभयो। निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्था महासंघको देशव्यापी सञ्जाल रहेकाले विश्व बैंक र महासंघबीच अझ बढी सहकार्यको आवश्यकता रहेको अध्यक्ष राणाले औंल्याउनुभयो। सो अवसरमा विश्व बैंकका कन्ट्री म्यानेजर फेरिस हादाद जर्भसले महासंघसंगको भेटवार्ता निकै महत्वपूर्ण रहेको र नेपालको विकास प्रयासमा निजी क्षेत्रसँग मिलेर कार्य गर्ने विश्वास दिलाउनुभयो। उहाँले विश्व बैंकको सहयोगको क्षेत्र र निजी क्षेत्रको अपेक्षा एकै किसिमका रहेकाले सहकार्यका लागि सहज हुने समेत बताउनुभयो।

विश्व बैंकद्वारा नेपाल सरकारसमेतको सहभागितामा छिट्टै एक कार्यशाला आयोजना गर्ने कार्यक्रम रहेकाले उक्त कार्यक्रममा महासंघलगायत अन्य सरोकारवालाहरूलाई सहभागी गराएर छलफलका माध्यमबाट योजना बनाउने समेत उहाँले जानकारी गराउनुभयो।

## वाइडबडी विमान खरिदबारे छानविन अगाडि बढ्न सकेन

काठमाडौं, (नेस)

नेपाल वायुसेवा निगमको खरिद गरेको दुई वटा वाइडवडी विमान खरिदमा अनियमिता भएको आशंकामा गठित छानविन समितिले काम अगाडि बढाउन नसेकको गुनासो गरेको छ। समिति गठन भएको एक साता बितिसक्दा पनि विमान खरिदसम्बन्धी काजगपत्र प्राप्त गर्न नसकेको समितिका पदाधिकारीले गुनासो गरेका छन्। दुई वटा वाइडवडी विमान खरिद प्रक्रियामा अनियमितता भएको भन्दै संसद र सडकमा आवाज उठेपछि संस्कृति तथा नागरिक उड्डयन मन्त्री रवीन्द्र अधिकारीले मन्त्रालयका सहसचिव सुरेश आचार्यको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गर्नुभएको थियो। 'हामीले पहिलो मिटिङमा नै खरिद प्रक्रियाका कागजात मगाउने निर्णय गरेका छौं। तर, निगमले छानविनको लागि पर्याप्त सहयोग गरेको छैन,' आचार्यले भन्नुभयो-'निगमले खरिद गरेको विमानको कागजी प्रक्रिया छानविन समितिले मागेको भए पनि हालसम्म उपलब्ध गराएको छैन।'

१५ दिनको समय पाएको समितिले काम थालेको भए पनि विमान खरिदको डकुमेन्ट समितिले नपाएकाले समयमानै प्रतिवेदन बुझाउन कठिन रहेको आचार्यको भनाइ छ। समिति गठन भएको एक हप्ता पूरा भइसकेको छ। समितिमा निगमकै सञ्चालक समितिका सदस्यसचिव अशोक सिग्देल, नागरिक उड्डयन प्राधिकरणका विशेषज्ञ पाइलट बीएम अमात्य, निगम सञ्चालक समितिका सदस्य मुक्ति पाण्डे, नागरिक उड्डयन प्राधिकरणका उपनिर्देशक रितेशराज पन्त रहनु भएकोछ। २०७३ चैत २५ गते अमेरिकन लिजिङ कम्पनी एएआर कर्पोरिसनमार्फत् ए ३३०-२०० सिरिजका दुई विमान खरिद सम्झौता भएको थियो। दुवै विमानले व्यावसायिक उडान शुरू गरेका छन्।

## १०औं कृति अवार्डस्मा २८ विधामा अवार्ड प्रदान

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल विज्ञापन संघ (आन) द्वारा आयोजित कृति अवार्डसको १०औं संस्करण नेपाल आइस १० औ कृति अवार्डस् २०७५ सम्पन्न भएको छ। कार्यक्रम उद्घाटन गर्दै सूचना तथा सञ्चार प्रविधि मन्त्री गोकुलप्रसाद बास्कोटाले नेपालमा क्लिन फिड लागू गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।



उक्त अवार्डसमा २८ विधामा विज्ञापनलाई अतिथिबाट अवार्डस तथा खादा प्रदान गरिएको थियो। कार्यक्रममा सहभागीले क्लिन फिड र नेपालको विज्ञापन व्यवसायलाई व्यवस्थित गर्न विज्ञापन काउन्सिल आवश्यक रहेको बताएका थिए। १० औ कृति अवार्डसमा प्रायोजक नेपाल आइस, सिजी सिमेन्ट, यति कार्पेट, सफ्टी हाइजिन, मुक्तिनाथ विकास बैक, नेपाल पर्यटन बोर्डलाई सम्मानपत्र दिइएको थियो।

विजयी हुने एजेन्सीमा प्रिज्मार्क-६, अभानी-५, एएनएस-५ एडमिडिया-५, विजनेस एडभान्टेज-३ ,भिचित्र-३, ओएस्टर-२, मेकवेज-२, लेमन-२, आउटरिच-२, कि एडभरटाजिङ-१, डिजिटलइन-१, क्रियो-१, म्याक्स मिडिया-१, एसपी मिडिया-१, मिटिङ प्वाइन्ट-१, इको -१ रहेका छन्। कार्यक्रममा आनका अध्यक्ष रवीन्द्रकुमार रिजाल 'शशि' ले प्रायोजक, जुरी, निर्णायक मण्डल, सहभागी एजेन्सीलगायतलाई धन्यवाद दिनुभएको थियो।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ भदौं १३, अगस्ट २९, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १११।८७ | ११२।४७ |
| युरो १ को रू. | १३०।८४ | १३१।५४ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।२६ | १४५।०३ |
| स्विस फ्रन्क १ को रू. | ११४।५१ | ११५।१३ |
| अस्ट्रलियन डलर १ को रू. | ८२।१६ | ८२।६० |
| क्यानाडियन डलर १ को रू. | ८६।४६ | ८६।९३ |
| सिङ्गापुर डलर १ को रू. | ८२।०८ | ८२।५२ |
| जापानी यन १० को रू. | १०।०७ | १०।१२ |
| चिनियाँ युआन १ को रू. | १६।४४ | १६।५३ |
| साउदी अरब रियाल १ को रू. | २९।८३ | २९।९९ |
| कतारी रियाल १ को रू. | ३०।७२ | ३०।८९ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।४४ | ३।४५ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३०।४६ | ३०।६२ |
| मलसियन रिङ्गिट १ को रू. | २७।३१ | २७।४५ |
| दक्षिण कारियन वन १०० को रू. | १०।११ | १०।१७ |

### खरिद दर

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।२७ |
| डेनिस क्रानर १ का रू. | १७।५५ |
| हङकङ डलर १ का रू. | १४।२५ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## SHARE MARKET

28 AUGUST TUESDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 7354.00 | 335.00 | 330.00 | 333.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 7473.00 | 260.00 | 251.00 | 258.00 | -2.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 1000.00 | 837.00 | 815.00 | 817.00 | -19.00 |
| 4 | Arun Kabeli Power Ltd. | 313.00 | 245.00 | 232.00 | 239.00 | -3.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 3405.00 | 136.00 | 129.00 | 129.00 | -3.00 |
| 6 | Asian Life Insurance Co. Limited | 634.00 | 601.00 | 595.00 | 595.00 | -4.00 |
| 7 | Bank of Kathmandu Ltd. | 13833.00 | 290.00 | 284.00 | 290.00 | 0.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 380.00 | 130.00 | 127.00 | 130.00 | 4.00 |
| 9 | Best Finance Company Ltd. | 500.00 | 100.00 | 100.00 | 100.00 | 0.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 200.00 | 124.00 | 124.00 | 124.00 | 2.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 115.00 | 6323.00 | 6051.00 | 6323.00 | 149.00 |
| 12 | Butwal Power Company Limited | 1992.00 | 439.00 | 430.00 | 433.00 | 2.00 |
| 13 | Central Finance Co. Ltd. | 1817.00 | 118.00 | 115.00 | 118.00 | 1.00 |
| 14 | Century Commercial Bank Ltd. | 10822.00 | 170.00 | 166.00 | 168.00 | 0.00 |
| 15 | Century Commercial Bank Ltd. Pro. Share | 25000.00 | 167.00 | 167.00 | 167.00 | 0.00 |
| 16 | Chhimek Laghubitta Bikas Bank Limited | 896.00 | 900.00 | 891.00 | 895.00 | -6.00 |
| 17 | Chhyangdi Hydropower Ltd. | 89.00 | 122.00 | 120.00 | 122.00 | 1.00 |
| 18 | Chilime Hydropower Company Limited | 2889.00 | 716.00 | 707.00 | 714.00 | 1.00 |
| 19 | Citizen Bank International Limited | 13610.00 | 232.00 | 228.00 | 230.00 | -2.00 |
| 20 | Citizen Investment Trust | 276.00 | 2415.00 | 2390.00 | 2415.00 | 15.00 |
| 21 | City Express Finance Co. Limited | 300.00 | 108.00 | 108.00 | 108.00 | -2.00 |
| 22 | Civil Bank Ltd | 5628.00 | 148.00 | 146.00 | 148.00 | 1.00 |
| 23 | Corporate Development Bank Limited | 120.00 | 100.00 | 100.00 | 100.00 | -2.00 |
| 24 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 229.00 | 646.00 | 641.00 | 646.00 | 5.00 |
| 25 | Deva Bikas Bank Limited | 621.00 | 128.00 | 126.00 | 128.00 | 1.00 |
| 26 | Everest Bank Limited | 6193.00 | 665.00 | 655.00 | 660.00 | 5.00 |
| 27 | Excel Development Bank Ltd. | 2060.00 | 312.00 | 309.00 | 312.00 | 0.00 |
| 28 | First Micro Finance Lag. Bittiya Sanstha Ltd. | 2065.00 | 410.00 | 403.00 | 407.00 | 0.00 |
| 29 | Forward Community Mic. Bittiya Sanstha Ltd. | 273.00 | 2035.00 | 2015.00 | 2030.00 | 11.00 |
| 30 | Gandaki Bikas Bank Limited | 3684.00 | 193.00 | 188.00 | 193.00 | 6.00 |
| 31 | Garima Bikas Bank Limited | 8199.00 | 191.00 | 182.00 | 191.00 | 6.00 |
| 32 | Global IME Bank Limited | 6173.00 | 299.00 | 292.00 | 295.00 | 1.00 |
| 33 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 175.00 | 1055.00 | 995.00 | 1055.00 | 40.00 |
| 34 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 2700.00 | 553.00 | 541.00 | 553.00 | 6.00 |
| 35 | Green Development Bank Ltd. | 10.00 | 127.00 | 127.00 | 127.00 | 2.00 |
| 36 | Gurans Life Insurance Company Ltd. | 145.00 | 799.00 | 791.00 | 797.00 | 0.00 |
| 37 | Gurkhas Finance Ltd. | 1510.00 | 112.00 | 110.00 | 110.00 | 2.00 |
| 38 | Hathway Finance Company Limited | 490.00 | 121.00 | 119.00 | 119.00 | -2.00 |
| 39 | Himalayan Bank Limited | 1661.00 | 540.00 | 533.00 | 533.00 | 0.00 |
| 40 | Himalayan Distillery Limited | 10.00 | 1340.00 | 1340.00 | 1340.00 | 9.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 456.00 | 414.00 | 410.00 | 411.00 | -1.00 |
| 42 | Himalayan Power Partner Ltd. | 530.00 | 250.00 | 242.00 | 248.00 | -2.00 |
| 43 | ICFC Finance Limited | 1820.00 | 157.00 | 154.00 | 157.00 | 2.00 |
| 44 | IME General Insurance Ltd. | 760.00 | 785.00 | 775.00 | 775.00 | 0.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 4581.00 | 162.00 | 157.00 | 162.00 | 3.00 |
| 46 | Janaki Finance Ltd. | 510.00 | 194.00 | 192.00 | 193.00 | 1.00 |
| 47 | Janata Bank Nepal Ltd. | 13737.00 | 154.00 | 151.00 | 153.00 | 0.00 |
| 48 | Janata Bank Nepal Ltd. Promoter Share | 21689.00 | 139.00 | 139.00 | 139.00 | 0.00 |
| 49 | Janautthan Samudayic Lag. Bikas Bank Ltd. | 45.00 | 2711.00 | 2711.00 | 2711.00 | -39.00 |
| 50 | Jyoti Bikas Bank Limited | 2663.00 | 141.00 | 140.00 | 141.00 | 0.00 |
| 51 | Kabeli Bikas Bank Limited | 101.00 | 204.00 | 200.00 | 200.00 | -4.00 |
| 52 | Kailash Bikas Bank Ltd. | 3121.00 | 231.00 | 229.00 | 230.00 | 1.00 |
| 53 | Kamana Sewa Bikas Bank Limited | 4523.00 | 141.00 | 140.00 | 140.00 | 1.00 |
| 54 | Kankai Bikas Bank Ltd. | 40.00 | 121.00 | 120.00 | 120.00 | 1.00 |
| 55 | Karnali Development Bank Limited | 3741.00 | 103.00 | 100.00 | 101.00 | 1.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 16.00 | 103.00 | 103.00 | 103.00 | 1.00 |
| 57 | Kumari Bank Limited | 12743.00 | 205.00 | 203.00 | 205.00 | 3.00 |
| 58 | Laxmi Bank Limited | 2155.00 | 230.00 | 226.00 | 226.00 | 1.00 |
| 59 | Laxmi Equity Fund | 1500.00 | 7.95 | 7.79 | 7.95 | 0.00 |
| 60 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 198.00 | 946.00 | 932.00 | 932.00 | -5.00 |
| 61 | Laxmi Value Fund-1 | 12720.00 | 10.40 | 10.25 | 10.25 | -0.30 |
| 62 | Life Insurance Co. Nepal | 282.00 | 1590.00 | 1551.00 | 1568.00 | 4.00 |
| 63 | Lumbini Bikas Bank Ltd. | 4085.00 | 149.00 | 147.00 | 149.00 | -1.00 |
| 64 | Lumbini General Insurance Co. Ltd. | 600.00 | 516.00 | 510.00 | 514.00 | 2.00 |
| 65 | Machhapuchhre Bank Limited | 3365.00 | 203.00 | 201.00 | 202.00 | 1.00 |
| 66 | Mahalaxmi Bikas Bank Ltd. | 48038.00 | 199.00 | 190.00 | 190.00 | 0.00 |
| 67 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 22.00 | 616.00 | 616.00 | 616.00 | -12.00 |
| 68 | Mahuli Samudayik Lag. Bittiya Sanstha Ltd. | 70.00 | 2350.00 | 2321.00 | 2330.00 | -60.00 |
| 69 | Manjushree Finance Ltd. | 3741.00 | 120.00 | 117.00 | 119.00 | 0.00 |
| 70 | Mega Bank Nepal Ltd. | 14517.00 | 164.00 | 161.00 | 163.00 | -1.00 |
| 71 | Mero Microfinance Bittiya Sanstha Ltd. | 124.00 | 1000.00 | 993.00 | 1000.00 | 6.00 |
| 72 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 97.00 | 836.00 | 836.00 | 836.00 | -4.00 |
| 73 | Muktinath Bikas Bank Ltd. | 1447.00 | 380.00 | 373.00 | 378.00 | 3.00 |
| 74 | Muktinath Bikas Bank Ltd. Pro. Share | 2500.00 | 215.00 | 215.00 | 215.00 | -2.00 |
| 75 | Nabil Bank Limited | 6091.00 | 950.00 | 943.00 | 949.00 | 4.00 |
| 76 | NABIL Bank Limited Promotor Share | 1798.00 | 726.00 | 724.00 | 725.00 | 0.00 |
| 77 | Nabil Equity Fund | 3428.00 | 8.40 | 8.20 | 8.20 | -0.22 |
| 78 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 180.00 | 990.00 | 975.00 | 975.00 | -15.00 |
| 79 | National Hydro Power Company Limited | 6800.00 | 77.00 | 76.00 | 77.00 | -1.00 |
| 80 | National Life Insurance Co. Ltd. | 5975.00 | 705.00 | 699.00 | 702.00 | -3.00 |
| 81 | National Microfinance Bittiya Sanstha Ltd. | 146.00 | 2070.00 | 2028.00 | 2070.00 | 29.00 |
| 82 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 75.00 | 666.00 | 666.00 | 666.00 | -13.00 |
| 83 | Neco Insurance Co. Ltd. | 1665.00 | 508.00 | 504.00 | 506.00 | -2.00 |
| 84 | Nepal Bangladesh Bank Limited | 8240.00 | 199.00 | 196.00 | 198.00 | -1.00 |
| 85 | Nepal Bank Limited | 12111.00 | 290.00 | 284.00 | 285.00 | 0.00 |
| 86 | Nepal Community Dev. Bank Ltd. | 5331.00 | 123.00 | 120.00 | 120.00 | -3.00 |
| 87 | Nepal Credit And Comm. Bank Limited | 6993.00 | 183.00 | 176.00 | 179.00 | -2.00 |
| 88 | Nepal Doorsanchar Comapany Limited | 2990.00 | 732.00 | 723.00 | 730.00 | -4.00 |
| 89 | Nepal Hydro Developers Ltd. | 80.00 | 160.00 | 155.00 | 160.00 | 4.00 |
| 90 | Nepal Insurance Co. Ltd. | 1245.00 | 516.00 | 507.00 | 515.00 | -1.00 |
| 91 | Nepal Investment Bank Limited | 8217.00 | 632.00 | 625.00 | 628.00 | 1.00 |
| 92 | Nepal Investment Bank Ltd. Pro.Share | 3175.00 | 570.00 | 564.00 | 570.00 | 8.00 |
| 93 | Nepal Life Insurance Co. Ltd. | 18104.00 | 917.00 | 900.00 | 901.00 | -14.00 |
| 94 | Nepal SBI Bank Limited | 1935.00 | 500.00 | 492.00 | 495.00 | -2.00 |
| 95 | Nerude Laghubita Bikas Bank Limited | 947.00 | 530.00 | 519.00 | 526.00 | -11.00 |
| 96 | Ngadi Group Power Ltd. | 3013.00 | 177.00 | 158.00 | 169.00 | -5.00 |
| 97 | NIBL Pragati Fund | 2525.00 | 8.16 | 8.16 | 8.16 | 0.00 |
| 98 | NIBL Samriddhi Fund 1 | 37087.00 | 11.40 | 11.30 | 11.30 | 0.00 |
| 99 | NIC Asia Bank Ltd. | 19657.00 | 325.00 | 311.00 | 325.00 | 12.00 |
| 100 | NIC Asia Growth Fund | 2500.00 | 8.60 | 8.60 | 8.60 | 0.00 |
| 101 | Nirdhan Utthan Lag. Bittiya Sanstha Limited | 61.00 | 957.00 | 943.00 | 952.00 | 12.00 |
| 102 | NLG Insurance Company Ltd. | 13079.00 | 814.00 | 800.00 | 814.00 | 11.00 |
| 103 | NMB Microfinance Bittiya Sanstha Ltd. | 429.00 | 1465.00 | 1411.00 | 1425.00 | 14.00 |
| 104 | NMB Bank Limited | 46421.00 | 312.00 | 303.00 | 312.00 | 4.00 |
| 105 | NMB Hybrid Fund L-1 | 416.00 | 8.82 | 8.82 | 8.82 | -0.18 |
| 106 | Oriental Hotels Limited | 530.00 | 503.00 | 493.00 | 503.00 | 7.00 |
| 107 | Pokhara Finance Ltd. | 168.00 | 142.00 | 142.00 | 142.00 | -2.00 |
| 108 | Prabhu Bank Limited | 7207.00 | 183.00 | 180.00 | 182.00 | -1.00 |
| 109 | Prabhu Insurance Ltd. | 5134.00 | 478.00 | 472.00 | 476.00 | -8.00 |
| 110 | Premier Insurance Co. Ltd. | 706.00 | 1042.00 | 1024.00 | 1042.00 | 4.00 |
| 111 | Prime Commercial Bank Ltd. | 7436.00 | 290.00 | 286.00 | 288.00 | 0.00 |
| 112 | Prime Life Insurance Company Limited | 2801.00 | 500.00 | 493.00 | 500.00 | 6.00 |
| 113 | Prudential Insurance Co. Ltd. | 300.00 | 710.00 | 710.00 | 710.00 | 3.00 |
| 114 | Purnima Bikas Bank Ltd. | 71.00 | 150.00 | 149.00 | 150.00 | 0.00 |
| 115 | Radhi Bidyut Company Ltd | 130.00 | 221.00 | 217.00 | 220.00 | -5.00 |
| 116 | Rairang Hydropower Dev. Company Ltd. | 2740.00 | 148.00 | 143.00 | 143.00 | -2.00 |
| 117 | Rastriya Beema Company Limited | 110.00 | 10450.00 | 10400.00 | 10450.00 | 50.00 |
| 118 | Rastriya Beema Co. Limited Pro. Share | 230.00 | 9650.00 | 9562.00 | 9600.00 | -15.00 |
| 119 | Reliance Finance Ltd. | 1480.00 | 118.00 | 116.00 | 117.00 | 0.00 |
| 120 | Ridi Hydropower Development Co. Ltd. | 392.00 | 115.00 | 111.00 | 111.00 | -3.00 |
| 121 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 91.00 | 630.00 | 628.00 | 630.00 | -1.00 |
| 122 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 647.00 | 494.00 | 485.00 | 485.00 | -15.00 |
| 123 | Sagarmatha Insurance Co. Ltd. | 624.00 | 1319.00 | 1309.00 | 1319.00 | 19.00 |
| 124 | Sana Kisan Bikas Bank Ltd | 1344.00 | 1100.00 | 1070.00 | 1100.00 | 22.00 |
| 125 | Sanima Bank Limited | 6331.00 | 315.00 | 311.00 | 313.00 | 1.00 |
| 126 | Sanima Equity Fund | 1500.00 | 9.00 | 9.00 | 9.00 | 0.00 |
| 127 | Sanima Mai Hydropower Ltd. | 2758.00 | 300.00 | 293.00 | 299.00 | 0.00 |
| 128 | Saptakoshi Development Bank Ltd. | 261.00 | 115.00 | 113.00 | 115.00 | 0.00 |
| 129 | Shangrila Development Bank Ltd. | 4035.00 | 145.00 | 142.00 | 143.00 | 0.00 |
| 130 | Shikhar Insurance Co. Ltd. | 749.00 | 900.00 | 890.00 | 892.00 | -13.00 |
| 131 | Shine Resunga Development Bank Ltd. | 204.00 | 270.00 | 268.00 | 270.00 | 0.00 |
| 132 | Shree Investment Finance Co. Ltd. | 2500.00 | 146.00 | 143.00 | 146.00 | 1.00 |
| 133 | Shrijana Finance (Bittaya Sanstha) | 348.00 | 293.00 | 283.00 | 293.00 | 5.00 |
| 134 | Siddhartha Bank Limited | 22755.00 | 306.00 | 302.00 | 306.00 | -1.00 |
| 135 | Siddhartha Insurance Ltd. | 476.00 | 652.00 | 645.00 | 649.00 | -2.00 |
| 136 | Sindhu Bikash Bank Ltd | 310.00 | 124.00 | 121.00 | 123.00 | 0.00 |
| 137 | Soaltee Hotel Limited | 2374.00 | 242.00 | 240.00 | 242.00 | 1.00 |
| 138 | Standard Chartered Bank Limited | 9638.00 | 720.00 | 710.00 | 713.00 | -6.00 |
| 139 | Summit Micro Finance Dev. Bank Ltd. | 800.00 | 864.00 | 851.00 | 851.00 | -30.00 |
| 140 | Sunrise Bank Limited | 4742.00 | 216.00 | 214.00 | 215.00 | -1.00 |
| 141 | Support Microfinance Bittiya Sanstha Ltd. | 1087.00 | 788.00 | 769.00 | 788.00 | -2.00 |
| 142 | Surya Life Insurance Company Limited | 612.00 | 540.00 | 525.00 | 530.00 | -1.00 |

Total Amount Rs. 190,513,996 Total Quantity 622,801 Total No of Transactions 3,274

> लुम्बिनी ईंटा व्यवसायीका अध्यक्ष थानेश्वर घिमिरेले यस क्षेत्रमा ५२ वटा इटा उद्योग भए पनि आर्थिक अभावका कारण ६ वटा बन्द भइसकेको र सरकारको पछिल्लो गलत नीतिका कारण सबै उद्योग बन्द हुने अवस्था सिर्जना भएको गुनासो गर्नुभयो।

# चर्को ब्याज र मनपरी करले उद्योग व्यवसाय धराशयी हुन थालेको गुनासो

**नेपाल समाचारपत्र**

बुटवल

बैंकको चर्को ब्याज र तीन तहका सरकारले तोकेको मनपरी करले उद्योग व्यवसाय धराशयी हुने अवस्थामा पुगेको उद्योगी व्यवसायीले चिन्ता व्यक्त गरेका छन्। उनीहरूले अहिलेको यस्तै अवस्था रहे सञ्चालनमा रहेका उद्योग बन्द हुने र नयँ उद्योग स्थापना गर्न नसकिने बताएका दिएका छन्।

लुम्बिनी सञ्चार गृह र सिद्धार्थ उद्योग बाणिज्य संघद्वारा मंगलबार भैरहवामा भएको अन्तर्क्रियामा सहभागी उद्योगी व्यवसायीले सरकारको कर नीतिको चर्को विरोध गरेका छन्। उनीहरूले विदेशी मजदूरमाथि लगाईएको कर अविलम्ब खारेज गर्न माग गर्दै उक्त नीति खारेज नभए सिमा क्षेत्रमा सञ्चालन भएका उद्योग धराशयी हुने बताएका छन्। कार्यक्रममा बोल्दै रुपन्देही-३ का सँसद घनश्याम भुसालले समस्याबाट कोही पनि मुक्त हुन नसक्ने भन्दै समस्या क्रमश: समाधान हुँदै जाने दाबी गर्नुभयो।

उहाँले चारैतिर कर बढेको भन्ने कुरामा धेरैमा भ्रम र हल्ला फैलाइएको उल्लेख गर्दै केही ठाउँमा स्थानीय तहले कर बढाएको भए पनि हल्ला भएभ्कै कर नबढेको दाबी गर्नुभयो। सँसद भुसालले यस क्षेत्रमा आवश्यक १ सय ३२ केभीए लाइन चाँडै नै आउने बताउँदै सेज र अन्तर्राष्ट्रिय विमानस्थल समयमै सञ्चालनमा आउने दाबी गर्नुभयो। नेपाल उद्योग बाणिज्य महासंघका पूर्व केन्द्रीय सदस्य महेन्द्र कुमार श्रेष्ठले स्थानीय सरकार नहुँदा सबैले सहज महशुस गरेको तर स्थानीय तहको सरकार बनेपछि चौतर्फी कर आतंक मच्चिएको उल्लेख गर्दै अविलम्ब कर नीति सुधार गर्न सुझाव दिनुभयो। उहाँले अहिलेको सरकारले लिएको नीतिले मुलुक समृद्धिको बाटोतर्फ नजाने समेत दाबी गर्नुभयो । अर्घाखाँची सिमेन्ट उद्योगका महाप्रबन्धक उद्धब कार्कीले सिमेन्टमा मुलुक आत्मनिर्भर हुनु खुशीको विषय भए पनि सिमेन्टमा आवश्यकपर्ने चुन ढुंगाका विषयमा अनावश्यक भ्रम फैलाइएकोले भविष्यमा सिमेन्ट उद्योगमा समस्या आउन सक्ने चेतावनी दिनुभयो।

सिद्धार्थ उद्योग बाणिज्य संघका अध्यक्ष कुलप्रसाद न्यौपानेले उद्योग व्यवसायलाई राज्यले प्रतिपक्षजस्तै व्यवहार गरको आरोप लगाउँदै सरकारले जथाभावी कर बढाएर सबैलाई आंतकित पारेको उल्लेख गर्नुभयो। उहाँले बैंक तथा वित्तीय संस्थाले मनपरी ब्याज बढाउँदासमेत सरकारले केही गर्न नसकेको उल्लेख गर्दै देश विकास मेरुदण्ड उद्योग व्यवसाय भए पनि सरकारले मेरुदण्डनै भाच्ने काम गरेको आरोप लगाउनुभयो।

रुपन्देही उद्योग सँघका पूर्वअध्यक्ष श्रीकृष्ण पोखरेलले चर्को ब्याज दरका कारण उद्योग सञ्चालन र स्थापना गर्न निकै कठिनाई भएको उल्लेख गर्दै यसतर्फ संघीय र प्रदेश सरकारले उचित कदम चाल्नुपर्ने सुझाव दिनुभयो।

# मासिक १५ हजार किस्तामा मेगा बैंकले अटो लोन दिने

**नेपाल समाचारपत्र**

काठमाडौं

मेगा बैंक नेपाल र नारायणी अटो विजनेस प्रालिबीच सरल किस्तामा अटो लोन प्रदान गर्ने सम्झौता भएको छ।

नारायणी अटो विजनेस प्रालिबाट गाडी किन्न चाहने ग्राहकलाई मेगा बैंकले सरल, सहज र शुलभ दरमा १० वर्षसम्म वित्तीय सुविधा प्रदान गर्ने सम्झौता भएको हो।

सम्झौता पत्रमा मेगा बैंककी प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेली र नारायणी अटो विजनेस प्रालिका तर्फबाट प्रबन्ध निर्देशक अनुपकुमार बरालले हस्ताक्षर गर्नुभएको थियो।


सम्झौता अनुसार नारायणी अटो विजनेस प्रालिबाट कुनै पनि कम्पनीका गाडी लिँदा ग्राहकले १० वर्षसम्मको वित्तीय सुविधा पाउने भएका छन्। जसमध्ये अल्टो, वागेन आर र सेलेरियो गाडीमा ३५ प्रतिशत डाउन पेमेन्ट गरेपछि १५ हजार मासिक किस्तामै गाडी किन्न सकिनेछ। ग्राहकले अहिलेको प्रचलित ब्याजदर अनुसार जम्मा साँढे १२ प्रतिशतमा अटो लोन लिन सक्नेछन्। प्रक्रिया शुरू गरेको २४ घण्टाभित्रै निर्णय र ७ कार्य दिनमै कर्जा प्रवाह गरिने बैंकले जनाएको छ। यसैबीच मेगा बैंक र लाइफ इन्स्योरेन्स कर्पोरेसनबीच बैंकास्योरेन्स सम्झौता भएको छ।

सम्झौतामा मेगा बैंककी सहायक नायब प्रमुख कार्यकारी अधिकृत रविना देशराज श्रेष्ठ र लाइफ इन्स्योरेन्स कर्पोरेसन (एलआईसी)का कायममुकायम सीईओ अविजित घोष दस्टीदरले बैंकास्योरेन्स सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो।

अब ग्राहकहरूले मेगा बैंकका देशभरिका शाखाबाट एलआईसीमा जीवन बीमा गर्नुका साथै प्रिमियम भुक्तानी, दाबी भुक्तानीलगायत सबै सेवा प्राप्त गर्न सक्नेछन्।







# नेपालको पदक सम्भावना

नेपाल समाचारपत्र

काठमाडौं

इन्डोनेसियामा जारी १८औं एसियाली खेलकुदमा प्याराग्लाइडिङ क्रस कन्ट्रीको नेपाली पुरुष टोलीले राष्ट्रलाई पहिलो पदक दिलाउने सम्भावना भएको छ। विमल अधिकारी, युकेश गुरुङ, विजय गौतम, शुशील गुरुङ र विशाल थापा सम्मिलित नेपाली टोलीले टिम क्रस कन्ट्रीतर्फ दोस्रो स्थान हासिल गरेको हो। जबकी तेस्रो चरणमा सो टोली चौथो स्थानमा झरेको थियो।

मंगलबार चौथो चरण समाप्त हुँदा नेपाली टोलीले २७९८ अंक जोडेको छ। शीर्ष स्थानमा उक्लिएको जापानी टोलीले ३२९८ अंक बनाएको छ। तेस्रो स्थानमा रहेको दक्षिण कोरियन टोलीको २१९२ अंक रहेको छ। जापानसँग ५ सय अंकले पछाडि रहेको नेपाल कोरियासँग ६ सय ६ अंकले अगाडि छ।

तर क्रस कन्ट्रीतर्फ एक टोलीबाट ५ खेलाडी हुनेमा प्रत्येक खेलाडीलाई १ हजार पूर्णाङ्कको जिम्मा दिइएको हुन्छ। २५ किलोमिटरको क्रस कन्ट्रीमा ५ चरणको स्पर्धा हुन्छ। आज नेपालले पदक जित्ने वा नजित्ने टुंगो लाग्नेछ।

### यमसाजनद्वारा दौड परित्याग

तीव्र गतिका धावक यमसाजन सुनारले चोटका कारण पुरुष २ सय मिटर दौड परित्याग गरेका छन्।

हिट नम्बर ४ मा रहेका यमसाजनले मांशपेशीको दुखाइले गर्दा दौड परित्याग गर्नु परेको बताइएको छ। उनले बताएअनुसार शनिबार १ सय मिटर दौडमा नै उनको मांशपेशी दुखेको थियो। उनले सो दौडअन्तर्गत हिट चरणमा ११. ३९ सेकेन्डमा दोड पूरा गरेका थिए।

### भलिबलमा जित

**पदक तालिका**

| राष्ट्र | स्वर्ण | रजत | कांस्य | जम्मा |
|---|---|---|---|---|
| चीन | ९७ | ६४ | ४५ | २०६ |
| जापान | ४३ | ३८ | ६१ | १४२ |
| द.कोरिया | ३२ | ४० | ४६ | ११८ |
| इन्डोनेसिया | २४ | १९ | २९ | ७२ |
| इरान | १७ | १६ | १६ | ४९ |
| ताइपेई | १३ | १४ | २० | ४७ |
| उ.कोरिया | १२ | ८ | ७ | २७ |
| भारत | ९ | १९ | २२ | ५० |
| उज्बेकिस्तान | ९ | १५ | १४ | ३८ |
| थाइल्यान्ड | ९ | ११ | ३३ | ५३ |
| कजाकिस्तान | ८ | ९ | ३० | ४७ |
| बहराइन | ८ | ३ | ५ | १६ |
| हङकङ | ४ | १२ | १६ | ३२ |
| मलेसिया | ४ | ८ | ८ | २० |
| कतार | ४ | ३ | ३ | १० |

नेपालले एसियाली खेलकुदअन्तर्गत पुरुष भलिबलतर्फ १२ देखि १८औं स्थानको वरियता निर्धारण गरिने खेलमा जित हासिल गरेको छ। मंगलबार भएको खेलमा नेपालले मंगोलियालाई ३-१ सेटमा पराजित गर्‍यो। यो नेपालको एसियाड भलिबलमा पहिलो जितसमेत हो। यसअघि समूह चरणको खेलमा नेपाल चिनियाँ ताइपेइ र दक्षिण कोरियाको टोलीसँग पराजित भएको थियो।

### कुरास

कुरासमा नेपालको चुनौती समाप्त भएको छ। पुरुष ६६ केजीमुनिको अन्तिम ३२ मा उपेन्द्र थापाले पाकिस्तानका खेलाडीलाई १-० ले पराजित गरे। प्रिक्वार्टरफाइनलमा भने उपेन्द्र उज्वेकिस्तानका खेलाडीसँग १०-० ले हारे। महिलाको ५२ केजीमुनिको पहिलो चरणमा नेपालकी भगवती माझी चाइनिज ताइपेईकी खेलाडीसँग १०-० ले पराजित भइन्।

### सेपाकताक्रो

सेपाकताक्रोको पुरुष क्वाड स्पर्धामा नेपाल भियतनामसंग २-० ले पराजित भयो।

### स्केटबोर्ड

स्केटबोर्डको पुरुष स्ट्रिट स्पर्धामा नेपालका नेरिश थापा १८ खेलाडी सहभागीमा १५ औं भएका छन्।

### स्क्वास

नेपालको पुरुष टिम इभेन्टमा जापानसँग ३-० ले पराजित भएको छ। यसअघि नेपाल दक्षिण कोरिया र पाकिस्तानसँग पनि ३-० ले पछि परेको थियो।

### एथलेटिक्स

नेपालकी विश्वरूपा बुढाले १५ खेलाडी सहभागी महिला ५ हजार मिटर दौडमा १३औं स्थान हासिल गरिन्। विश्वरूपाले निर्धारित दूरी १७ मिनेट २४.७८ सेकेन्डमा पूरा गरेकी हुन्।

# सेरेना दोस्रो चरणमा



न्युयोर्क, (एजेन्सी)

सोमबारदेखि शुरु भएको वर्षको अन्तिम ग्रान्डस्लाम युएस ओपन टेनिसअन्तर्गत ६ पटककी च्याम्पियन सेरेना विलियम्स भने दोस्रो चरणमा पुगिन्। सेरेनाले पोल्यान्डकी म्याग्दा लिनेटलाई ६-४, ६-० ले सहजै हराएकी थिइन्। उनले छोरी ओलम्पिया जन्माएपछि गत वर्ष प्रतियोगिता खेल्न पाएको थिएन। अर्को चरणमा उनको सामना जर्मनीकी कारिना विटहोएफ्टसँग हुनेछ।

उता विश्व नम्बर एक महिला खेलाडी सिमोना हालेप पहिलो चरणबाटै विदा भएकी छन्। काइया कानेपीले सोमबार राति हालेपलाई ६-२, ६-४ ले हराएकी हुन्। २६ वर्षीया रोमानियनले यसै वर्ष फ्रेन्च ओपन जितेर करियरमा पहिलो ग्रान्डस्लाम हात पारेकी थिइन्। दोस्रो सेटमा हालेपले ४-४ को स्थिति बनाएकी थिइन्। तर इस्टोनियन खेलाडीले उनलाई खेलमा फर्कन कुनै अवसर दिएन। गत वर्ष यसै प्रतियोगितामा हालेप पहिलो चरणमै हारेकी थिइन्।

## धरहरा

### सार्क कि विमस्टेक !



अहिले काठमाडौंलाई विमस्टेकको वायुले ढकमक्क ढाक्या छ। मुख्य सडक र चोकमा गरिएको सिगारपटारले केही दिन भए पनि कृतिम सुन्दरता थपेको छ। विमस्टेकको चटारो कस्तो छ भन्ने प्रष्ट झल्को चाहिँ बाक्लो संख्यामा सडक र सार्वजनिक स्थलमा खटिएका सुरक्षाकर्मीले दिन्छन्।

चरक्क घाम चर्किए पनि झम्झमी पानी परे पनि धुलोधुँवा बुङबुडी उडे पनि सुरक्षाकर्मी तैनाथ छन्। कुन बेला कुन देशका पाहुना भित्रिन्छन् भन्ने खबर ठूला बडा सुरक्षाकर्मीलाई प्रष्ट थाहा हुन्छ नै। तर तल्लो तहका सुरक्षाकर्मी यस मामलामा विचरै हुनेरैछन् भन्या। सार्क सम्मेलन हो कि, विमस्टेक भन्ने बारेमा समेत उनीहरु अलमलमा रैछन् भन्ने कुरा धरहराले बुझ्यो।

मंगलबार म्यानमारका राष्ट्रपति काठमाडौं उत्रिएलगत्तै भिडभाड व्यवस्थापन गर्न खटिएका एक सुरक्षाकर्मी पैदलयात्रुलाई भन्दैथिए- 'अहिले हिँड्न मिल्दैन, सार्क सम्मेलनका लागि खै कुन देशका राजा आउँदै छन्।' जबरजस्त अघि बढ्न खोजेका पैदलयात्रुलाई थुमथुम्याउँदै उनले भने- 'केही बेर रुक्नुस, राजा गएपछि मात्रै बाटो खुल्छ।' यस्तो सुनेपछि धरहरा धेरैबेर छक्क पर्‍यो।

पाहुना कुन तहका हुन्, सम्मेलन कस्तो हो, पाहुना कहिलेसम्म नेपाल बस्छन्, कहाँ-कहाँ जान्छन् भन्ने जानकारी गराउँदा हाकिमहरुको ज्यान खुइलिने हो र भन्या ?

# नेपाल आज ओमानसँगै खेल्दै

काठमाडौं, (नेस)




*एसियाकप छनोट क्रिकेट प्रतियोगिताअन्तर्गत नेपाली राष्ट्रिय क्रिकेट टोलीले पहिलो खेल आज खेल्दै छ। बुधबार मलेसियामा हुने खेलमा नेपालले ओमानसँग खेल्नेछ। ६ टोलीको सहभागी सो छनोट प्रतियोगिताको विजेताले यसै महिनाको अन्त्यमा हुने एसिया कपका लागि छनोट हुन पाउनेछ। युएईमा हुने एसियाकपअन्तर्गत समूह ए मा सो विजेता टोली समावेश हुनेछ। जहाँ भारत र पाकिस्तान पहिले नै रहेका छन्।*

*नेपालले ओमानसँग मिश्रित नतिजा निकालेको छ। अहिलेसम्म ६ पटक प्रतिस्पर्धा गरेको नेपाल र ओमानले ३/३ खेल जितेका छन्। यी दुईबीच यो सातौं खेल हुनेछ। प्रतियोगितामा अन्य चार टोलीमा युएई, हङकङ, आयोजक मलेसिया र सिंगापुर रहेका छन्।*

# न्यु समिट च्याम्पियन

काठमाडौं, (नेस)

न्यु समिट कलेज प्रथम त्रिभुवन विश्वविद्यालय अन्तरकलेज बीएस्सी सीएसआईटी बास्केटबल प्रतियोगितामा च्याम्पियन बनेको छ।

मंगलबार भएको फाइनल खेलमा न्यु समिटले टेक्सास् कलेजमाथि ४४-४० को जित निकाल्दै च्याम्पियन बनेको हो। उपबिजेता टिमका सञ्जितजंङ गुरुङले सर्वाधिक २० स्कोर गरे पनि टिमलाई पराजयबाट जोगाउन सकेनन्। सिनामंगलको क्लासिक कलेजमा भएको प्रतियोगितामा उत्कृष्ट खेलाडीको उपाधि आयोजक न्युसमिटकै समिर तामाङले जिते भने उच्चतम् स्कोर कर्ता कप्तान सुशान्त घिमिरे बने। प्रतियोगिताको विजेताले नगद ३० हजार र उपविजेताले २० हजार नगद प्राप्त गरे। प्रतियोगिताको पुरस्कारबापतको ५० हजार जापानीज मूलका नेपाली नागरिक ताकासी मिहाराले प्रायोजन गरेका थिए।



# सलोनी र राधाको जोडीलाई स्वर्ण

काठमाडौं, (नेस)

आयोजक एलए का सलोनी थापा र राधा यादवको जोडी ११ औं एलए/जेटीआई अन्तराविद्यालय जुनियर खुल्ला लन टेनिस प्रतियोगितामा स्वर्ण पदक हात पार्न सफल भएका छन्। सलोनी र राधाको जोडीले गर्ल्स युगल १४ तर्फ मंगलबार आयोजककै सुभाङी र हर्षिताको जोडीलाई ६। ३, ६। ३ को सेटमा पराजित गर्दै स्वर्ण कब्जा गरे।

प्रतियोगिताको ब्वाइज युगल १४ तर्फ सेन्ट जेभियरका अदित सुवेदी र इभाएकको जोडीले पुलिसका चिराग थापा र सफल श्रेष्ठको जोडीमाथि ६। ०, ६। ३ को सेटले पराजित गर्दै स्वर्ण हात पारे।

# युनाइटेडको लगातार दोस्रो हार

लन्डन, (एजेन्सी)

इंग्लिस प्रिमियर लिग फुटबलमा म्यानचेस्टर युनाइटेडले लगातार दोस्रो हार व्यहोरेको छ।

सोमबार राति घरेलु मैदानमा भएको खेलमा युनाइटेड टोटनह्यामसँग ३-० गोल अन्तरले पराजित भएको हो। टोटनह्यामको जितमा लुकास मोउराले दुई गोल गरे भने ह्यारी केनले एक गोल गरेका थिए। खेलको सबै गोल दोस्रो हाफमा सम्भव भएको थियो। खेलको ५० औं मिनेटमा केनले गोल गर्दै टिमलाई शुरूआती अग्रता दिलाएका थिए।

त्यसको २ मिनेटपछि मोउराले गोल गर्दै टोटेनह्यामको अग्रता दोब्बर पारे। खेल सकिन ६ मिनेट बाँकी हुँदा मोउराले व्यक्तिगत दोस्रो गोल गरेपछि टोटनह्यामले सहज जित निकाल्यो। पहिलो हाफ गोलरहित बराबरी भएको खेलको दोस्रो हाफमा सम्हालिन नसक्दा म्यानचेस्टर युनाइटेड घरेलु मैदानमै कमजोर साबित भयो।

यसअघि ब्राइटनसँग पराजित म्यानचेस्टर युनाइटेडले लिगका तीन खेलमा ३ अंक जोड्दै अंक तालिकाको १३औं स्थानमा पुगेको छ। यता शतप्रतिशत जित निकालेको टोटनह्याम तीन खेलमा ९ अंकसहित दोस्रो स्थानमा उक्लिएको छ।




क्रिस्टियानो रोनाल्डोको ओभर हेड किक गोल यूईएफए सिजनको उत्कृष्ट गोल घोषणा भएको छ। गत सिजनको च्याम्पियन्स लिग क्वार्टरफाइनलमा रोनाल्डोले रियल मेड्रिडका लागि गरेको उक्त गोललाई २ लाख मत प्राप्त भएको थियो।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ